




**मुसिकोट नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
वामीटक्सार, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल
फोन: ९७७-०७९-४१२१४५
इमेल: info@musikotmungulmi.gov.np, musikotmpgulmi@gmail.com
वेवसाइट: www.musikotmungulmi.gov.np


# आर्थिक वर्ष २०७८/०७९
# वार्षिक नीति, कार्यक्रम तथा बजेट




**मुसिकोट नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
वामीटक्सार, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

आर्थिक वर्ष २०७८/०७९

# वार्षिक नीति, कार्यक्रम तथा बजेट पुस्तिका

प्रकाशकः

मुसिकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वामीटक्सार, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल ।

**संरक्षक**

**नगर प्रमुख श्री सोमनाथ सापकोटा**

**सल्लाहकार**

**नगर उप–प्रमुख श्री कमला शर्मा**

**प्रधान सम्पादक**

**प्रमुख प्रशासकीय अधिकृत (उप–सचिव) श्री खिमानन्द भुसाल**

**सम्पादन मण्डल**

**योजना शाखा प्रमुख श्री मुना ज्ञवाली**

**स्वास्थ्य शाखा प्रमुख श्री ढाल बहादुर जि.सी.**

**स्वास्थ्य सह संयोजक श्री पुष्कर गौतम**

**खानेपानी तथा सरसफाई शाखा प्रमुख श्री सिता भुषाल**

**सूचना प्रविधि अधिकृत श्री विक्रम रायमाझी**

**प्रशासन शाखा प्रमुख श्री प्रकाश घिमिरे**

**कम्प्युटर डिजाइनिङ्ग**

**कम्प्युटर अपरेटर श्री गोविन्द कंडेल**

**कम्प्युटर टाइपिङ्ग**

© सर्वाधिकार
मुसिकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वामीटक्सार, गुल्मी



**सहायक कम्प्युटर अपरेटर श्री छविलाल न्यौपाने**

## राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भई फैलिएका, मेची-महाकाली ।

प्रकृतिका कोटी-कोटी सम्पदाको आँचल
वीरहरूका रगतले, स्वतन्त्र र अटल ।

ज्ञानभूमि, शान्तिभूमि तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।

वहुल जाति, भाषा, धर्म, सास्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो, जय जय नेपाल ।

# मुसिकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
### वामीटक्सार, गुल्मी
### लुम्बिनी प्रदेश, नेपाल

## नगर प्रमुखको मन्तव्य



मूलुक एकात्मक राज्य संरचनाबाट संघीयतामा प्रवेश गरेसँगै मूलुकमा ३ प्रकारका सरकार को व्यवस्था भएको छ । ७७ जिल्ला मध्येको गुल्मी जिल्लाका १२ वटा स्थानीय सरकार मध्ये मुसिकोट नगरपालिका एक स्थानीय सरकारको रुपमा स्थापित भएको सर्बोबिदितै छ । बाइसी राज्यहरुको ईतिहास बोकेको मुसिकोट दरबार राज्य संचालन र धार्मिक महत्वले भरि एको ऐतिहासिक विषयसँग जोडेर यस नगरपालिकाको नामाकरण "मुसिकोट नगरपालिका" रहेको हो ।

विभिन्न विविधताले भरिएको धार्मिक इतिहास मुखरीत हुने सबै जातजाती, भाषाभाषी, निष्ठा र इमानदारिता सँगै आर्थिक सामाजिक रुपमा परिस्कृत गर्दै विकासका संभावना सहित यस नगरपालिकाले २०७२ मा जारी संविधान अनुरुप कुशल र सक्षम रुपमा कार्यसम्पादन गर्ने स्थानीय सरकारको पहिचान सहितको ४ वर्षे कार्यकाल सम्पन्न गर्न सफल भएको छ ।

स्थानीय तहमा जनताको माया र विश्वासको मतबाट निर्वाचित भएसँगै जनअपेक्षा अनुरुप कार्यसम्पादन गर्नुपर्ने हामी जनप्रतिनिधि हरुको दायित्वलाई इमान्दारितापूर्वक निर्वाह गर्ने हाम्रो यात्रा अविरल रुपमा अगाडि बढाएका छौं । सो क्रममा चौथो वर्षको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको अवस्था सन्तुष्टि तर्फ उन्मुख देखिएको छ । यसमा जनप्रतिनिधि, राजनीतिक दल, समाजसेवी र राष्ट्रसेवक कर्मचारीहरुको भूमिका महत्वपूर्ण रहेको समेत स्मरण गर्न चाहान्छु ।

व्यक्तिवाट समाजमा देखिने लोभ, मोह र क्रोधलाई न्यूनिकरण गर्दै सुशासन कायम गर्ने कुरामा सक्षम स्थानीय सर कारको यात्रा तय भएको महशुस भएको छ । मुसिकोटलाई खुल्ला सरकारको रुपमा परीचित गराउने हाम्रो अभियानले मुर्तरुप पाउने कुरामा म विश्वस्त छु ।

पवित्र भावनाका साथ हामीलाई प्राप्त सल्लाह र सुझाबहरु सबै पक्षबाट ग्रहण गर्ने हाम्रो मनोकांक्षा मुसिकोट बासी र अन्य सरोकारवालाबाट प्राप्त भएकोमा त्यस प्रति हामी आभारी छौं । समृद्ध मुसिकोट बनाउने अभियानलाई अगाडि बढाउने हाम्रो पहलमा विभिन्न संघ संस्थाको सहभाव प्रति नगरपालिका सधैं ऋणी रहने छ ।

ऐन कानूनको परिधि भित्र रहि भावी कार्यदिशाको यात्रा तय गर्न भौतिक पूर्वाधारको अवस्था, सामाजिक विकासको अवस्था, विपद व्यवस्थापन, जलवायु अनुकुलन, सुशासन र सेवा प्रवाहको समिक्षासँगै भौतिक तथा वित्तीय प्रगतिको विश्लेषण गरी भावी कार्यक्रम तय गर्ने यस नगरपालिका भित्रका बहुआयामिक क्षेत्रको अध्ययन गरी नगरपालिकाको अल्पकालीन, मध्यकालीन, दिर्घकालीन रणनीतिक र आवधिक योजना तय गर्नुपर्ने आवश्यकता महसुस भएको अवस्था छ । यस पुस्तकमा मुसिकोट नगरपालिकाको विकासको हाम्रो प्रयासलाई सबैले अवगत गर्नेगरी प्रस्तुत गरेका छौं । यस पुस्तक प्रकाशनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने प्रमुख प्रशासकीय अधिकृत श्री खिमानन्द भुसाल सहित सम्पूर्ण विषयगत शाखाका कर्मचारी मित्रहरु प्रति आभार व्यक्त गर्न चाहन्छु ।

**सोमनाथ सापकोटा**
**नगर प्रमुख**

# मुसिकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## वामीटक्सार, गुल्मी
## लुम्बिनी प्रदेश, नेपाल

# नगर उपप्रमुखको मन्तव्य



संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पुरा गर्न नेपाली जनताको व्यापक सहभागितामा निर्मित नेपालको संविधानले शासन व्यवस्थाको नयाँ ढांचा प्रस्तुत गऱ्यो । सो संरचना बमोजिम तीन तहका सरकार राज्यमा रहने व्यवस्था अनुरुप स्थानिय सरकारको हामीले नेतृत्व गरेको चार वर्ष पुरा भएको छ ।

चार वर्षको अवधिमा हामीहरुले पाँच वटा वार्षिक नीति, कार्यक्रम र बजेट प्रस्तुत गर्यौं  र एउटा वार्षिक कार्यक्रम कार्यान्वयन गर्ने चरणमा रहेका छौं । चालु आ.व. २०७८/०७९ को वार्षिक कार्यक्रम कार्यान्वयनको महत्वपूर्ण चरणमा हामी छौं । हामीले यी गतिविधिहरु संचालन गरी रहँदा हामीलाई गौरवको अनुभूति भएको छ । जनतालाई केन्द्रमा राखेर गरिएका हाम्रा विकासका गतिविधिहरुले सकारात्मक परिणाम दिएका छन् भन्ने कुरामा हामी विश्वस्त छौं ।

विकास एउटा सापेक्षिक अवधारण भएको कारण यो कहिल्यै पुरा नहुने विषय हो । यसलाई तुलनात्मक रुपमा हेर्नु पर्दछ । हामीले विकास गतिविधि अगाडी बढाई रहँदा अर्को हामी भन्दा विकसित स्थानीय तहले पनि आफ्नो विकास गतिविधि रोक्ने भन्ने प्रश्न आउँदैन त्यसैले त्यो गति समातेर हाम्रा गतिविधि अगाडि वढाउनु पर्ने आवश्यकता छ ।

मुसिकोट नगरपालिका गुल्मी जिल्लाका १२ स्थानीय तह मध्ये एक विशिष्ट भौगोलिक अवस्थितिमा रहेको खेती योग्य भूमी र धार्मिक एवं पर्यटकीय महत्व बोकेको नगरपालिका हो । यस नगरपालिकामा तुलनात्मक लाभका वस्तु उत्पादन र बजारीकरण गर्न प्रसस्त सम्भावना रहेको छ । हामीले हाम्रा विकासका गतिविधि संचालन गर्दा नीतिगत विषयमा यी संभावनाहरुलाई समेट्ने प्रयास गरेका छौं । साविकका दिनहरुमा उत्तम कृषि, मध्यम ब्यापार, निम्न नोकरी भन्ने गरिएकोमा त्यो सोंच आजका दिनमा परिवर्तन भएर उत्तम ब्यापार, मध्यम नोकरी, निम्न कृषि भन्ने अबधारणाको विकास भएको अबस्थामा हामीहरुले यस स्थान विशेषको आधारमा “उत्तम कृषि“ भन्ने मान्यताको बिकास गर्न चाहन्छौं ।

हामीलाइ अमूल्य मत दिएर  नेतृत्व गर्ने अवसर प्रदान गर्नुहुने आमा, बुबा, दाजु भाई तथा दिदी बहिनीहरुप्रति आभार प्रकट गर्दै समृद्ध नगरपालिका बनाउने प्रकृयामा सदैब दत्तचित्त भई लागि रहने प्रतिबद्दता ब्यक्त गर्न चाहन्छु । शिपमूलक महिला, मुसिकोटमा पहिला भन्ने नीति तथा कार्यक्रमको भावना प्रति हामी सचेत छौं । न्यायिक समितिको नेतृत्व स्वमं मैले गर्ने भएको कारण न्याय प्रशासनलाई चुस्त, दुरुस्त, छरितो र पहुंचयोग्य बनाउने क्रममा मेरो सकारात्मक धारण छ ।

यो पुस्तक प्रकाशनले मुसिकोट नगरपालिकाको समग्र ऐना प्रस्तुत हुनेछ भन्ने विश्वास मैले लिएकी छु । हामीले हाल सम्म गरेका प्रयास र भोलीका दिनमा गर्ने विकासका गतिविधि यस आर्थिक वर्ष २०७८/०७९ को बजेट, नीति तथा कार्यक्रम नामक पुस्तकले प्रस्ट्याउने छ भन्ने मैले विश्वास लिएकी छु ।

**कमला शर्मा**
**उप प्रमुख**

**मुसिकोट नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**वामीटक्सार, गुल्मी**
**लुम्बिनी प्रदेश, नेपाल**

# प्रमुख प्रशासकीय अधिकृतको मन्तव्य



नेपालको संविधान जारी भए पछि संघीयता कार्यान्वयनको क्रममा स्थानीय तहको संरचना निर्माण भई निर्वाचन सम्पन्न भएको चार वर्ष पुरा भएको छ। स्थानीय तहले स्थानीय सरकारको प्रतिनिधित्व साथै भावि कार्यदिशा तय गर्नका लागि नगरपालिकाको भौतिक पूर्वाधार, सामाजिक विकास, वन तथा विपद् व्यवस्थापन, सुशासन र सेवा प्रवाहको अवस्था लगायत विकासका सबै आयामहरुको विषयमा अति ध्यान दिनु पर्ने अवस्था छ । नगरपालिका भित्रका बहुआयामिक क्षेत्रहरुको विश्लेषण गरी नगरपालिकाको अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन, रणनीतिक र आवधिक योजनाहरु तय गर्नुपर्ने आवश्यकतालाई महसुस गरी सो अनुरुप गतिविधिहरु संचालन गर्नु पर्ने अवस्था छ ।

लुम्बिनी प्रदेशका १२ जिल्लाहरु मध्ये गुल्मी जिल्ला पहाडी जिल्लाहरुमा कृषिको लागि उर्वर मानिन्छ । धार्मिक एवं पर्यटकीय क्षेत्रमा पनि यसको आफ्नै महत्व रहेको छ। दुई वटा नगरपालिका र दश वटा गाउँपालिका गरी जम्मा बाह्र वटा स्थानीय तहहरु मध्ये मुसिकोटनगरपालिका गुल्मी जिल्लाको उत्तर-पूर्वी भागमा अवस्थित यस नगरपालिकाको क्षेत्रफल ११४.७४ वर्ग कि.मि. छ भने जनसंख्या ३२,८०२ रहेको छ। गुल्मी जिल्लाका अन्य स्थानीय तहहरु भन्दा यो नगरपालिका जनसंख्यामा पहिलो र क्षेत्रफलमा दोस्रो रहेको छ। यहाँको भूमी कृषि एवं पशुपालन व्यवसायको लागि अनुकुल मानिन्छ ।

यस नगरपालिकाले आ.व. २०७४/०७५, २०७५/७६, २०७६/०७७, २०७७/०७८ र २०७८/०७९ का नगर सभाहरु सम्पन्न गरी भावि सोंच सहितको विकासको लागि वार्षिक नीति र कार्यक्रम एवं सो अनुरुप योजना तर्जुमा र बजेट सहित आफ्ना गतिविधिहरु अगाडि बढाएको छ। गत आ.व. मा कार्यान्वयन भएका योजनाहरुबाट सकारात्मक परिणामहरु देखिएका साथै चालु आ.व.को समाप्तीसंगै नगरपालिकाले विकासको क्षेत्रमा नयाँ मोड लिने प्रसस्त आधारहरु तयार भएका छन् ।संघ एवं प्रदेश सरकारद्वारा स्थानीय सरकारलाई समेट्ने गरी निर्माण भएका कानून एवं नगरपालिकाबाट निर्मित कानून बमोजिम सरकार संचालनका महत्वपूर्ण आधारहरु तयार भएका छन्। नीति, कार्यक्रम, बजेट एवं योजना निर्माण र कार्यान्वयनका हाल सम्मका हाम्रा अभ्यासहरु र निर्मित कानूनहरुको आधारमा आगामी दिनहरु अझ सहज हुने कुरामा विश्वास लिन सकिन्छ ।

तपाईको हातमा रहेको यस पुस्तकले मुसिकोट नगरपालिकाको आ.व.२०७८/०७९ को नीति, कार्यक्रम तथा बजेटका साथै मुसिकोट नगरपालिकालाई चिनाउने यसको ऐतिहासिक पृष्ठभूमि लगायत नगरपालिकाले अवलम्बन गरेको अबको मार्गलाई चिनाउन सहज हुनेछ भन्ने मैले विश्वास लिएको छु ।

**खिमानन्द भुसाल**
**प्रमुख प्रशासकीय अधिकृत**

# नेपालको नक्शा



## लुम्बिनी प्रदेशको नक्शा



# गुल्मी जिल्लाको नक्शा



गुल्मी
गाउँपालिका / नगरपालिका
N
संकेत
वार्ड विभाजन
केन्द्र
रेसुङ्गा न.पा.
छत्रकोट गा.पा.
सत्यवती गा.पा.
रुरु गा.पा.
इस्मा गा.पा.
मुसिकोट न.पा.
मदाने गा.पा.
मालिका गा.पा.
चन्द्रकोट गा.पा.
कालीगण्डकी गा.पा.
गुल्मीदरबार गा.पा.
धुर्कोट गा.पा.
0 2.5 5 10 15 Kilometers

# मुसिकोट नगरपालिकाको नक्शा




| संकेत | वडा नं. | गाउँ / टोल |
|---|---|---|
| | १ | नेटा, पाँदीअमराई |
| | २ | मुसिकोट |
| | ३ | बडागाउँ |
| | ४ | बडागाउँ |
| | ५ | आँपचौर |
| | ६ | कुर्घा |
| | ७ | वामीटक्सार |
| | ८ | वामी |
| | ९ | अर्लाकोट |

मुसिकोट नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
वामीटक्सार गुल्मी ।

# कार्यालयको स्वीकृत दरवन्दी तेरिज

| क्र.सं. | पद नाम | तह | सेवा | समूह | उप समूह | स्वीकृत दरवन्दी | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | प्राविधिक | अप्राविधिक | जम्मा | |
| १ | प्रमुख प्रशासकीय अधिकृत | १० | प्रशासन | सा.प्र. | | ० | १ | १ | |
| २ | अधिकृत | ९/१० | शिक्षा | शि.प्र. | | १ | ० | १ | |
| ३ | सि.डि.ई. | ९/१० | इन्जि | सिभिल | | १ | ० | १ | |
| ४ | अधिकृत | ७/८ | प्रशासन | सा.प्र. | | ० | १ | १ | |
| ५ | लेखा अधिकृत | ७/८ | प्रशासन | लेखा | | ० | १ | १ | |
| ६ | अधिकृत | ७/८ | शिक्षा | शि.प्र. | | १ | ० | १ | |
| ७ | जन स्वास्थ्य अधिकृत | ७/८ | स्वास्थ्य | ज.स्वा. | | १ | ० | १ | |
| ८ | इन्जिनियर | ७/८ | इन्जि | सिभिल | | १ | ० | १ | |
| ९ | अधिकृत | ६ | प्रशासन | सा.प्र. | | ० | २ | २ | |
| १० | आ.ले.प. अधिकृत | ६ | प्रशासन | लेखा | | ० | १ | १ | |
| ११ | प.हे.न. | ५/६ | स्वास्थ्य | क.न. | | १ | ० | १ | |
| १२ | हेल्थ असिस्टेन्ट | ५/६ | स्वास्थ्य | हे.ई. | | १ | ० | १ | |
| १३ | सहायक | ५ | प्रशासन | सा.प्र. | | ० | ५ | ५ | |
| १४ | लेखापाल | ५ | प्रशासन | लेखा | | ० | १ | १ | |
| १५ | कम्प्युटर अपरेटर | ४ | विविध | | | १ | ० | १ | |
| १६ | प्रा.स. | ५ | शिक्षा | शि.प्र. | | ० | १ | १ | |
| १७ | सव-इन्जीनियर | ५ | इन्जि | सिभिल | | २ | ० | २ | |
| १८ | महिला विकास निरिक्षक | ५ | विविध | | | ० | १ | १ | |
| १९ | अमिन | ४ | इन्जि | सर्वे | | १ | ० | १ | |
| २० | सहायक | ४ | प्रशासन | सा.प्र. | | ० | २ | २ | |
| २१ | स.ले.पा. | ४ | प्रशासन | लेखा | | ० | १ | १ | |
| २२ | सहायक महिला विकास निरिक्ष | ४ | विविध | | | ० | १ | १ | |
| | कार्यालयको तर्फ जम्मा | | | | | ११ | १८ | २९ | |
| | | | | वडा कार्यालय तर्फ | | | | | |
| १ | सहायक | ५ | प्रशासन | सा.प्र. | | ० | ४ | ४ | |
| २ | सव-इन्जिनियर | ५ | इन्जि | सिभिल | | ४ | ० | ४ | |
| ३ | सहायक | ४ | प्रशासन | सा.प्र. | | ० | ५ | ५ | |
| ४ | अ.सव-इन्जिनियर | ४ | इन्जि | सिभिल | | ५ | ० | ५ | |
| | वडा तर्फ जम्मा | | | | | ९ | ९ | १८ | |
| | कुल जम्मा | | | | | २० | २७ | ४७ | |
| | | | | स्वास्थ्य चौकी तर्फ | | | | | |
| १ | **ज.स्वा.नि./हे.अ./सि.अ.हे.व** | (५/६ | स्वास्थ्य | | | ७ | ० | ७ | |
| २ | **अ.हे.व.(४/५)** | (४/५) | स्वास्थ्य | | | १४ | ० | १४ | |
| ३ | **अ.न.मी.(४/५)** | (४/५) | स्वास्थ्य | | | १४ | ० | १४ | |
| | स्वास्थ्य चौकी तर्फ जम्मा | | | | | ३५ | ० | ३५ | |
| | | | | कृषि तर्फ | | | | | |
| १ | कृषि अधिकृत | ७/८ | कृषि | | | १ | ० | १ | |
| २ | प्रा.स. | ५ | कृषि | | | २ | ० | २ | |
| ३ | ना.प्रा.स. | ४ | कृषि | | | १ | ० | १ | |
| ४ | अधिकृत | ७/८ | कृषि | भेट | | १ | ० | १ | |
| ५ | प.स्वा.प्रा. | ५ | कृषि | भेट | | १ | ० | १ | |
| ६ | प.से.प्रा. | ५ | कृषि | लापोडेडे | | २ | ० | २ | |
| ७ | ना.प.स्वा.प्रा. | ४ | कृषि | भेट | | २ | ० | २ | |
| ८ | ना.प.से.प्रा. | ४ | कृषि | लापोडेडे | | २ | ० | २ | |
| | कृषि तर्फ जम्मा | | | | | १२ | ० | १२ | |
| | नगरपालिकाको कुल | | | | | ६७ | २७ | ९४ | |

# विषय सूचि


| क्र.सं. | विवरण | पेज |
|---|---|---|
| १. | नगरपालिकाको संक्षिप्त परिचय | १ |
| २. | मुसिकोट दरबारः संक्षिप्त परिचय | ४ |
| ३. | अबको बाटो | ११ |
| ४. | आर्थिक वर्ष २०७८/०७९ नीति तथा कार्यक्रम | १३ |
| ५. | आर्थिक वर्ष २०७८/०७९ को बजेट वक्तव्य | २७ |
| ६. | अनुसूची-१ आय व्ययको विवरण | ३९ |
| ७. | अनुसूची-२ राजश्व तथा अनुदान प्राप्तीको अनुमान | ४३ |
| ८. | अनुसूची-३ व्यय अनुमान | ४५ |
| ९. | अनुसूची-५ क्षेत्रगत व्यय अनुमान | ५१ |
| १०. | अनुसूची-६ कार्यक्रम/परियोजना अनुसार बजेट विनियोजन | ५५ |
| ११. | अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ | ७९ |
| १२. | मुसिकोट नगरपालिकाको अर्थ सम्बन्धी प्रस्थावलाई कार्यान्वयन गर्ने बनेको ऐन २०७८ | ९८ |
| १३. | मुसिकोट नगरपालिकाको विनियोजन ऐन, २०७८ | ११० |
| १४. | नगरपालिकाका पदाधिकारीहरुको आचार संहिता, २०७४ | ११४ |
| १५. | स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) | १२८ |
| १६. | टुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ | १६५ |
| १७. | स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ | २०३ |
| १८. | स्थानिय तह सस्थागत क्षमता मूल्याङ्कनमा मुसिकोट नगरपालिकाले प्राप्त गरेको प्राप्ताङ्क | २६३ |
| १९. | मुसिकोट नगरपालिका गुल्मीका पदाधिकारीहरुको सम्पर्क फोन नम्बरहरु | २६४ |
| २०. | मुसिकोट नगरपालिका गुल्मीका कर्मचारीहरुको सम्पर्क फोन नम्बरहरु | २६७ |

# नगरपालिकाको संक्षिप्त परिचय

## पृष्ठभूमी

नेपालको संबिधान २०७२ अनुसार राज्यको पुनरसंरचना हुँदा ७ प्रदेश ७७ जिल्ला र ७५३ स्थानीय तहमा बिभाजन भए अनुसार मुसीकोट नगरपालिका ५ नं प्रदेशमा पर्दछ । यो नगरपालिका राज्यको पुनरसंरचना भएपछि ९ वटा वडामा बिभाजन सहित गठन भएको नगरपालिका हो । "कृषि पर्यटन,पूर्वाधार र रोजगार,सुन्दर मुसिकोट संबृद्धिको आधार" भन्ने मुल मन्त्रका साथ जनसेवा र विकास अभियानमा जुटेका हामी मुसिकोट नगरवासीसँग पवित्र मालिका तीर्थस्थल,पर्यटकीय शिखरमा अवस्थित सालीमे धाम,ऐतिहासिक मुसिकोट दरवार, नेपालमा कफि खेतीको जननी गाउँ आँपचौर जस्ता राष्ट्रिय गौरवका ठाउँहरु रहेका छन् । मध्यपहाडी लोकमार्गको समिपमा कुल ११४.७४ बर्ग कि.मि. क्षेत्रफलमा फैलिएको, ९ वटा वडाहरुमा विभाजित, कूल ३२८०२ जनसंख्या रहेको यस मुसिकोट नगरपालिकामा सडक सञ्जाल सहितका आवश्यक भौतिक पूर्वाधारहरु लगभग सबै वडाहरुमा पुगेका छन् । विकासका दृष्टिले पछाडी रहेता पनि यस ठाउँमा कृषि पर्यटन उद्योग र मानव संसाधन विकासद्धारा मुलुकलाई नै योगदान दिनसक्ने सम्भावना छ । सुन्दर र सबृद्ध नगरपालिका निर्माणको परिकल्पना साथ हामी अगाडी बढेका छौ । मुसीकोट नगरपालिकाका बासिन्दाहरुको मूल आय श्रोत कृषि र बैदेशिक रोजगार हो भने रोजगारीको मूल श्रोत कृषिमा ७० प्रतिशत, ज्याला मजदुरीमा १० प्रतिशत, व्यापार व्यवसायमा ५ प्रतिशत, नोकरीमा ३ प्रतिशत र बैदेशिक रोजगार १२ प्रतिशत रहेको छ

विभिन्न जातजातीहरुको समिश्रण रहेको यस नगरपालिकामा बसोबास गर्ने विभिन्न जनजातीहरुको आफ्नै कला संस्कृती, भेषभुषा रहनसहन रहेका छन् । लोपोउन्मुख अवस्थामा रहेका यी सांस्कृतीक धरोहरहरुलाई आगामी पुस्ताका लागि जोगाई राख्नु हामी सबैको कर्तव्य बनी सकेको छ । यसै गरी ग्रामीण पर्यटनको अवधारणालाई कार्यन्वयनमा ल्याई यस नगरपालिका क्षेत्रमा रहेको गरीबीलाई न्यूनिकरण गर्न यो नगरपालिकाले आफ्ना प्रयासहरु अगाडी बढाउने कार्यक्रमलाई बधवा दिएको छ । मुसिकोट नगरपालिका नयाँ निर्माण भएको नगरपालिका हो । साथै भौगोलिक हिसाबले विविधता भएकोले यँहा व्यावसायिक खेतीको संम्भावना प्रबल रहेको छ । नेपालमा पहिलो पटक कफि खेतीको सुरुवात गर्ने गौरवमय इतिहास बोकेको मुसिकोट नगर पालिका विदेशमा सबैभन्दा बढी अर्गानिक कफि निर्यात गर्ने नगरपालिका हो । जापान तथा कोरियामा हालसम्म पनि यहाँको आर्गानिक कफि निर्यात हुदै आईरहेको छ । नगरपालिकाका विभिन्न भागहरुमा तरकारी खेती, अदुवा खेती, सुन्तला खेती, च्याँउ खेतीकोलागि उपयुक्त जलवायु र स्थानहरु रहेका छन् । मुसिकोट नगरपालिका-५ आँपचौरमा नेपालमै पहिलो आर्गानिक कफि अनुसन्धान केन्द्रको स्थापना गरिएको छ ।

कुर्घाको मालिका, मुसिकोट दरबार, पौदीको छत्रकोट मन्दिर, वामीको वामीमैदान कोट जस्ता पौराणिक तथा ऐतिहासिक गाथा बोकी जैविक विविधता र प्राकृतिक सौन्दर्यताले भरिपूर्ण तपोभूमि सालिमे दह जस्ता पौराणिक स्थलहरु यस नगरपालिका भित्र रहेका छन् ।

## नगरपालिकाको नामाकरण एवं संरचना

नेपाल सरकारको मिति २०७३/११/२७ गतेको घोषणा बमोजिम यो नगरपालिकाको गठन भएको हो । यसको नामाकरण यस नगर क्षेत्रमा रहेको ऐतिहासिक दरवार मुसिकोट दरबारको नामबाट नै रहन गएको हो । साविकका ७ वटा गाविसहरु पुरै र नेटा गा.वि.स.का ४ वटा वडाहरुलाई मिलाएर बनाईएको हो । हाल आएर यो नगरपालिका ९ वटा वडाहरुमा विभाजन गरिएको छ ।

## नगरपालिकाको भौगोलिक अवस्था, सिमाना तथा क्षेत्रफल

१) अक्षांश : २८°०७ ' देखि २८°२१' सम्म

२) देशान्तर : ८३° ११' देखि ८३°२४' सम्म

३) उचाई : समुन्द्र सतह ढोडेनी बगर ७५० मिटर देखि सालिमेदह २४०० मिटरसम्म रहेको छ

४) क्षेत्रफल : ११४.७४ वर्ग कि.मि.

५) सिमाना : पूर्व चन्द्रकोट गाउँपालिका, पश्चिम ईश्मा र मालिका गाउँपालिका, उत्तरमा बाग्लुङ्ग जिल्ला र दक्षिणमा रेसुङ्गा

नगरपालिका र गुल्मीदरवार गाउँपालिका रहेका छन ।

## राजनीतिक एवं प्रशासनिक विभाजन

| क्र.सं. | नयाँ वडा | समावेश साविकका गाविस | वडा केन्द्र | जनसंख्या | क्षेत्रफल (वर्ग कि.मी.) |
|---|---|---|---|---|---|
| १ | १ | पौदी अमराई (१-९) रनेटा (१-४) | पौदी अमराई | ५२३६ | १७.७७ |
| २ | २ | मुसिकोट (१-९) | मुसिकोट | ४०३३ | १५.०१ |
| ३ | ३ | वडागाउँ (५-८) | वडागाउँ | ३२९० | ११.४४ |
| ४ | ४ | वडागाउँ (१-४र ९) | वडागाउँ | ४७६२ | १५.१२ |
| ५ | ५ | आँपचौर(१-९) | आँपचौर | ३९०० | १३.६२ |
| ६ | ६ | कुर्घा (१-९) | कुर्घा | ३११२ | १०.०४ |
| ७ | ७ | वामी (१, २, ३र ९) | वामीटक्सार | ३५६७ | ७.३१ |
| ८ | ८ | वामी (४-८) | वामीमैदान | २७९२ | १०.६४ |
| ९ | ९ | अर्लाङकोट (१-९) | अर्लाङकोट | २११० | १३.७९ |
| जम्मा | | | | ३२८०२ | ११४.७४ |

## प्रमुख ऐतिहासीक तथा धार्मिक स्थलहरु, नदिनालाहरु, व्यापारीक केन्द्रहरु, शैक्षिक संस्था, स्वास्थ्य संस्थाहरु र अन्य

### १) ऐतिहासिक तथा धार्मीक स्थलहरु

| सि.नं. | ऐतिहासिक तथा धार्मिक स्थलहरु | मेलालाग्ने समय |
|---|---|---|
| १ | मुसिकोट दरवार कोट | वडा दशै, चैते दशै |
| २ | मालिका मंदिर | कार्तिक शुक्ल पक्ष चतुर्दशीका दिन |
| ३ | सालिमे दह | श्रावण महिना |
| ४ | वामी मैदान कोट | वडा दशै, चैते दशै |
| ५ | छत्रकोट मन्दिर थामडाडा | वडादशै |
| ६ | स्वाँरा गुरुङ्ग होम स्टे(जिल्लाकै पहिलो होमस्टे ) | १५ पुष र अन्य समय |
| ७ | सिद्धेश्वर गुफा | |
| ८ | कोटेश्वर गुफा | श्रावण महिना |

### २) नदिनालाहरु

| सि.नं. | नदिनालाहरु | मुख्य विशेषता |
|---|---|---|
| १ | बढिघाट खोला | बालुवा, गिट्टी, ढुङ्गा, माछा |
| २ | दरम खोला | गिट्टी, ढुङ्गा, असला माछा |
| ३ | निस्ती खोला | बालुवा, गिट्टी, ढुङ्गा, माछा |

**३) व्यापारीक केन्द्रहरु**

| सि.नं. | व्यापारीक केन्द्रहरु | कैफियत |
|---|---|---|
| १ | वामीटक्सार बजार | |
| २ | भुवाचिदि बजार | |
| ३ | ईन्द्रेगौडा बजार | |
| ४ | तल्लाफाँट बजार | |
| ५ | बडागाउँ मैदान | |
| ६ | मुसिकोट देउराली | |
| ७ | पौदीअमराई बजार | |

# मुसिकोट दरबारः संक्षिप्त परिचय

## ऐतिहासिक मुसिकोट राज्यको स्थापना

**पृष्ठभूमिः**

नेपालमा बाइसे र चौविसे राज्य उदय हुन अधि जनजातिहरुको भुरे टाकुरे राज्यहरु ठूलो संख्यामा फैलिएर रहेका थिए भन्ने भनाइ छ । यी राज्यहरुमा कुनबेला को राजा हुन्थे पत्तो हुदैनथ्यो । जातीय कलह भइनै रहन्थ्यो । त्यसै गरी मुसिकोट राज्यमा पनि गुरुङ्ग र सारु मगर पछि ठकुरीको वंश राजा भएको इतिहास पाइन्छ । सिंह ठकुरीको राज्यकालको बारेमा बोल्नु अघि अघिल्ला राजवंश वा शासन व्यवस्थाको बारेमा लिखित इतिहास नभए पनि केहि जनश्रुतिहरु रहेका छन । गुरुङ्ग राजाको दर बार हालको मुसिकोट न.पा. वडा नं. ६ कुर्घा स्वाँराको वन भन्ने ठाउँमा थियो । त्यो ठाउँमा अहिले पनि ४०।५० घर गुरुङ्गको वस्ती रहेको छ । सो ठाउँबाट समग्र मुसिकोटको शासन व्यवस्था चलाईएको थियो । मालिका माई इष्टदेवी रहेकी थिइन । गुरुङ्ग राजा आफु सधै आफ्नो संस्कार र रीतमा मात्र रमेका थिए भन्ने भनाई रहेको छ । गुरुङ्ग पछि सारु मगर राजा थिए भन्ने भनाई छ । सारु मगर आफु राजा भएपनि आफुले सोचेर कल्पना गरे अनुसार राज्यको शासन भार राम्रोसँग संचालन गर्न सके नछन । सारु मगर राजा भएर वर्षौ दिन वितिसक्दा पनि राज्यको शासन सुव्यवस्था र जनताको सुख शान्ति कायम रहन सके नछ । गुरुङ्ग राजा भन्दा सारु राजा अलि चलाख र भविष्यदर्शी रहेछन । सारु राजाले पनि आफ्नो विकल्प दिनहु खोज्न थालेछन । गुरुङ्ग र मगर राजाबाट राज्य राम्रोसँग चल्न नसके पछि सारु मगर ठकुरी राजाको खोजी गर्ने सोंचमा रहेछन । राजा खोज्न सुन्दरे सारुमगरको नेतृत्वमा केही सहयोगीको साथमा धेरै दिन लगाएर राजा जय सिंहको दरबार सिम्रौनगढ वा चितौडौगढमा पुगेछन । त्यहां उनिहरुले भने आफ्नो राज्यमा ठकुरीबंशको राजा नभएको, ठकुरी राजाले बाहेक अरु जातका राजाले शासन चलाउन सम्भव भएन । त्यसैले हाम्रो राज्यमा राजा हुनको लागि हजुरबाट हामीलाई राजकुमार बक्स हुन पर्यो भनी विन्ति जाहेर गरेछन । उनिहरुको समस्या राजाले राम्रोसँग श्रवण गरेछन । उनलाई खासगरी आफ्नो छोरा पठाउने कि पहरेदारलाई पठाउने भन्ने विषयले पनि अलमल पारेको रहेछ । तर अन्ततः शरणमा आएकालाई मरण नगर्ने हिन्दु धर्म अनुसार निर्णय दिनै पर्ने भएकोले आफ्ना परिवार र भाई भारदारहरुलाई राखी छलफल गराए र आफ्ना छोराहरुलाई राजा हुन आएको प्रस्ताव बारेमा सुनाए । मुसिकोट राज्य पवित्र गण्डकीको प्रशवण क्षेत्र हो भन्ने पनि सुनेका थिए । राजाको प्रस्ताव आए पछि कान्छा राजकुमार विजयप्रताव सिंहले आफु जाने विचार व्यक्त गरेकोले राजाले उनलाई नै पठाउने निर्णयमा पुगे । घरको त्यो धन, दौलत, सुख, सुविधा र प्रतिष्ठा छोडी पहाडको नया ठाउँ, भाषा, भेषभुषा र रहनसहनमा राजा हुन जानु भनेको कम चुनौतिको विषय थिएन । विजयप्रतापले आजिवन राजकुमारकै हैसियतमा वस्नु भन्दा कम्तिमा इतिहासमा पनि राजाको नाउं रहने हुँदा यो प्रस्तावलाई स्वीकार गरी मुसिकोटको राजा हुने निर्णय गरेका थिए । राजकुमार विजयप्रताप सिंह र रानी मातृका सिंहले आफु मुसिकोट आउंदा साथमा केही जातजाति पनि लिई आएका थिए । साथमा आएका जातजातिहरुमा रक्षकको रुपमा स्वयं सारु मगर, पै याँको लिंगो बोकी चाँदने रिजाल ब्रामण पछि पगेनी भजियो, उमराको रुपमा बलवीर गोदार थापाक्षेत्री, सिन्दुरे सुतरा कार्की, सुनाल दमै, छिनाल कामी, डोले घर्ती, राना कुमाल र साथमा अन्य केही जातजाती पाल्पाको रामपुर हुंदै मुसिकोट दरबारमा आएका थिए । राजा भएको सारु मगर रक्षक भई ठकुरी राजाको सहयोगीको रुपमा वस्न मञ्जुर भई निमन्त्रणा स्वीकार गरी आएका विजयप्रताप सिंहलाई विधिविधान अनुसार राजगद्दीमा आरोहण गराएका थिए । सारु मगरले राजाको गद्दी आरोहण पछि राज्यको मौजुदा गतिविधि सबै जानकारी गराएका पनि थिए । सारु मगर राजा हुंदा राजदरबारको दरबन्दी व्यवस्था न्यून थियो । दक्षिणको सम्पन्न रीति थितिको उच्चतम प्रयोग भएको स्थानबाट आएका राजकुमारको लागि नयाँ र केही विशिष्ट व्यवस्था गर्न कसैलाई केही साधीरहन आवश्यक परेन । राज्य भित्र अमन चयन र शान्ति व्यवस्था कायम हुन नसकी राजाले राजगद्दी त्याग गरेको इतिहास ती राजालाई अवगत नै थियो । त्यसैकारणले साविकको व्यवस्था र संगठनले राज्यको नयाँ स्वरुप दिन सकिने अवस्था थिएन । विजयप्रताप राजा भएपछि दरबारका केही प्रमुख पदाधिकारीहरुको थप व्यवस्था गरियो । जसमा उपरा, राजगुरु, मूलपुरोहित, डोले, तालुकीदार जस्ता अत्यावश्यक पदाधिकारीहरुको तत्काल व्यवस्था गरियो । विद्धानको कदर गर्दै अग्नीहोत्री राधाकृष्ण घिमिरेलाई पनि दरबारमा प्रवेश गराइयो । त्यतिवेला प्रचलनमा रहेका पदवीहरुमा मूलपुरोहितको रुपमा रि

जाल ब्राहमण, गुरुपुरोहितमा घिमिरे ब्राहमण रहेका थिए । हालको प्रधानमन्त्री सहरको हैसियत एवं अधिकारसम्पन्न हर्ताकर्ताको रुपमा उमरा गोदार थापा, प्रमुख पदाधिकारी एवं कोटको सोलेको रुपमा सुतरा कार्की रहे । विजयप्रताप(कतै यिनलाई दीग्वीजय पनि भनिएको छ) मुसिकोट राज्यको प्रथम सिंहवंशका राजा भए । यिनी राजा भएको आधिकारीक तिथिमितिको यकिन हुन नसके पनि वि.सं. १४७२ मा दीग्वीजय सिंह मुसिकोटको राजा भएका थिए भन्ने बुढापाकाको भनाई रहेको थियो । यसरी मुसिकोट र ाज्यका प्रथम राजाको रुपमा विजयप्रताप सिंहलाई मानिएको छ भने १६ औं पुस्ताका तिलकचन् सिंहको शासन कालमा वि.सं. १८४३ मा बहादुर शाहको नायवी शासनकालमा दामोदर पाँडेको नेतृत्वमा आएको फौजसँग मुसिकोट राज्यको दनिया भन्ने स्थानमा सशर्त सम्झौता हुन गई नेपाल राज्यमा एकीकरण भएको थियो ।

## मुसिकोटको नामकरण तथा सिमाना र क्षेत्रहरूः

### १. मुसिकोट नामकरण कसरी रहयो ?

मुसिकोटको नामकरण कसरी भयो भन्ने सन्दर्भमा आधिकारीक प्रमाण प्राप्त हुन सकेको छैन, तापनि स्थानीय बृद्द एवं हस्तलिखित टिपोट र भनाई समेतको आधारमा मुसिकोटको नाम निम्न आधारमा रहेको पाइन्छः

क) मुसिकोटको दरबार निर्माण गर्दा जग राख्ने समयमा सधैं मुसाले राती जग खोली भत्काउने गरी जग उठाउन बाधा पुर्‍याएकोले मुसाहरुलाई शान्त पार्न श्रीगणेशजीको मूर्ति स्थापना गरी पूजा होम गरिएको थियो । सो गरेपछि मुसाले जग खोल्न पनि छोडेको र कोट निर्माण कार्य पनि सम्पन्न भएको थियो । त्यसैले मुसाको पूजा गरी निर्माण भएको कोट र यसै अन्तर्गतको राज्य भएकोले मुसिकोट नाम रहन गएको हो ।

ख) त्यतिबेला राज्यको आम्दानीका श्रोत प्रयाप्त हुदैनथ्यो । कुनै पनि सार्वजनिक कामहरु झारा, श्रमदान र ठेगमा गरि न्थ्यो । त्यसै गरी यो मुसिकोटको दरबार निर्माण गर्दा मुसिकोटका सबै बासिन्दाहरुले मुष्ठि उठाई जम्मा गरेको अन्न पानीबाट निर्माण गरिएकोले मुष्ठिकोट भनिएको र पछि मुसिकोट हुन गएको हो, भनिएको छ ।

ग) मुसि नाम गरेको राजाले सर्वप्रथम राज्य गरी कोट निर्माण गरेको हुँदा यस राज्यको नाम मुसिकोट रहन गएको हो, भनिएको छ ।

यसरी प्रस्तुत तीनवटै कथनलाई अलग अलग विश्लेषण गर्दा बुँदा नं. (क) उपर विचार गर्दा सो पछाडी केही धार्मिक आस्था र विश्वास लुकेको देखिन्छ । बास्तवमा त्यसै हुन सक्दछ वा एउटा संयोग मात्र पनि हुन सक्छ । अहिले पनि खड् गदेवीको पूजा आराधाना गर्दा सर्वप्रथम गणेशजीको नै पूजा गर्ने परम्परा भने जीवित रहेको छ ।

### २. मुसिकोट राज्यको सिमाना र क्षेत्रः

यो राज्य वि.सं. १८४३ असोज ५ गते नेपाल राज्यमा एकिकरण भएको थियो । सो पूर्व यसको पूर्वमा चन्कोट राज्य, उत्तरमा गल्कोट राज्य, दक्षिणमा गुल्मी राज्य र पश्चिममा इस्मा राज्य पर्दथे । मुसिकोट राज्य भित्र पर्ने क्षेत्रहरुमा हाल बाग्लुङ्ग जिल्लाको ग्वालिचौर, दगातुम्डाँडा, रिघा, पाण्डवखानी, खर्वाङ, तिलकदन्या, मनेवा, छिसा लगायत थुप्रै इलाकाहरु र अर्लाङ्कोट, वामी, वामीटक्सार, मालारानी, दिव्रुङ्को केही भाग, आँपचौरको केही भाग, कुर्घा, इन्ेगौडा, कालिरह, बाङ्गे, दलुङ्ग, थुम्का, भराहा, खसथोक, बुढाथोक, ओखरबोट, कुखुरापोले, मल्दी, पालुखा, तोलादी, हर्पुकोट, पेंगा, जेंगा, धरमपानी, थजाङ्ग, दजाकोट, दोभान, डाँडाथोक, बडागाउँ, आरुपाटा, पाखेडाँडा, गजुङ्गा, भूर्तुङ्ग, कोहो, मैदान, ठूलापोखरा, सिमडाँडा, काभला आदी हुन । अहिले यसरी पनि सिमा निर्धारणका परिचय दिन सकिन्छ कि मुसिकोट राज्यको पश्चिममा छल्दी खो ला हुदै दक्षिण पूर्वको छल्दी वडीगाड नदी मिल्ने ठाउँ दोभान सो देखि पूर्व मालिका खोला हुदै कुर्घाको लेकबाट गुल्मी बाग्लुङ्ग छुट्याउने साँदीखोलाबाट दरमखोला पार हालको बाग्लुङ्ग जिल्लाका छिसवाङ् हुदै रिघा पाण्डवखानी देखि उत्तर तर्फ दगातुम्डाँडाको लेक हुदै ग्वालिचौर सम्म र वडीगाड नदी वार गुल्मी जिल्लाको पौंदी अमराई, अरेवा, वाङ्गे हुदै पश्चिम मल्दी हस्तीचौरको पालुखा भित्रको सम्पूर्ण क्षेत्र साविक मुसिकोट राज्य भित्रको इलाका हुन ।

## ३. मुसिकोट राज्य नेपाल राज्यमा एकिकरण र बन्दोवस्तीः

सन् १४०० तिर प्रादुर्भाव भएका २२ से र २४ से राज्य मध्ये यो मुसिकोट राज्यलाई पहिलो मुसिकोट भनिएको थियो । स-साना राज्यले गोलबन्द गरी विशाल नेपालको निर्माण गर्ने पृथ्वीनारायण शाहको सपना पुरा गर्ने क्रममा बहादुर शाहको नायवी शासनकालमा यो राज्य पनि नेपालमा एकिकरण हुन गएको थियो । बुढापाकाको भनाई अनुसार यो राज्य वि.सं. १८४३ असोज ५ गते बम शाहले गुल्मी, ईस्मा राज्य विजय गर्दै आएका र मुसिकोट राज्यको बाङ्गे भन्ने ठाउँमा आई राजा तिलक चन्लाई राज्य तिलक दिने वा युद्ध गर्ने भन्ने प्रस्ताव पठाएको र सो प्रस्ताव उपर दरबारका भारदारहरु विच व्यापक छलफल भई केही शर्तसहित राज्य तिलक गर्ने निर्णयमा पुगी आफ्ना प्रतिनिधिको रुपमा उमरालार्य दनिया भन्ने ठाउँमा पठाइयो । तहाँ नेपाल सरकारबाट आएको टोलीसँग भेट भई दुई पक्षविच भएको बार्तामा सहमतिमा पुगे अनुसार राज्य तिलक दिने मुसिकोट दरबार पनि निष्कर्षमा पुगेकोले सो बमोजिम सम्झौता भई वि.सं. १८४३ को असोज ५ गतेको दिन मुसिकोट राज्य विधिपूर्वक नेपाल राज्यमा आवद्ध हुन पुगेको थियो । तिलक दिएको स्थान भएको हुनाले सो ठाउँको नाम अहिले पनि तिलकदन्याको नामबाट परिचित छ । यो हाल बाग्लुङ्ग जिल्लाको बडीगाड नदीको पूर्वी किनाराको ग्वालिचौर बुर्तिबाङ् रुटमा र मुसिकोटभन्दा पूर्वमा रहेको छ । सो बमोजिम नेपाल अधिराज्य र मुसिकोटबासीको यथावत बसोबास, कोटको पूजा संचालनमा गुठीको व्यवस्था (पछि सनदर लालमोहर जारी भएको) राजालाई दिइने भत्ता व्यवस्था, नेपाल र ाज्य र मुसिकोट राज्य बीचको सम्बन्धको प्रतिकको रुपमा घटस्थापनाको दिन चढाइएको वलीको करंग(शिल) पुऱ्याउने प्रचलन कायम थियो र यो सम्बन्ध २०१४ सालसम्म नेपाल दरबारमा शिल पठाउने गरी कायमै थियो । पछि उजिर सिंह थापाले विन्ती जाहेर गरे अनुरुप नेपाल दरबारको आदेश अनुरुप बाग्लुङ्गबाट माल कार्यालयमा बुझाउने व्यवस्था कायम हुन आयो । पछि बाग्लुङ्गबाट पाल्पा हुदै गुल्मी मालमा बुझाउने व्यवस्था रहेकोमा अहिलेसम्म कोटमै प्रसादीको रुपमा ग्रहण गर्ने चलन छ । त्यस्तै अन्य राज्यबाट हुन सक्ने आक्रमणमा सहयोग धार्मिक तथा ऐतिहासिक सम्पदाको संरक्षण, मुसिकोट राज्यमा मुसिकोट थुम र यस अन्तर्गत मुसिकोट मैदान रजस्थल र काफलठुटा, डाँडाथो छापको रुपमा कायम भई रहनु पर्ने, त्यस्तै नेपाल दरबारमा मुसिकोटबासीले सेवा गर्न पाउने जस्ता शर्तहरु स्वीकार गरिएको थियो भन्ने बुढापाकाको भनाई रही आएको छ ।

## ४. मुसिकोट र कोटपूजाः

टाकुरीमा मुसिकोटे राजाको दरबार थियो । पछि त्यही दरबारमा इष्देवी खड्गकालिकाको कोट स्थापना भई परम्परागत पूजा पाठ यथावत कायम रहेको छ । यसलाई दरबारकोट वा मुसिकोट पनि भनिन्छ । कोट भन्नाले भाषागतरुपमा विस्तृत अर्थ भए तापनि बोली भाषामा मुसिकोट भन्नाले यही कोटलाई सम्बोधन गरेको पाइन्छ । शक्तिका प्रतिमूर्तिका रुपमा दे वी भगवतीलाई मानिन्छ । मुसिकोट क्षेत्रको पवित्र कोट वा शक्ति स्थल यही पुरानो दरबारस्थल नै हो । मुसिकोट राज्य ने पाल राज्यमा एकिकरण भए पछि पनि धार्मिक आस्थाका प्रतिमूर्ति खडगकालिकाको आराधाना र यसको व्यवस्थामा रहेको जीवन्तपन एउटा अत्यन्तै महत्वपूर्ण विषयमात्र नभई सम्पूर्ण मुसिकोटवासीका एकटाकी प्रतिमुर्ति खडकदेवी नै भएकीले यो ऐतिहासिक तथा धार्मिक धरोहरलाई जीवन्त राख्नको लागि र पछिल्ला पुस्तामा पनि आस्थाको फूल फूलिनै रहोस भनी मौजुदा व्यवस्थालाई संक्षेपमा उल्लेख गर्न खोजिएको छ ।

**कोटः**

कोट भन्नाले हतियार राख्ने ठाउँलाई बुझ्न सकिन्छ । तर कोट भन्नाले शिखर टाकुरा भन्ने बुझिन्छ । संस्कृत शब्द कूटबाट कोट बन्न गएको हो । वाइसे चौवीसे राज्यको शासनकालमा कोटपूजा दरबारको अभिन्न र नित्यकर्म भित्रै पर्दथ्यो । सो परम्परा अहिलेसम्म यथावत पनि छ र कोटमा पूजा गर्ने परम्पराले महत्व पाएको छ । पहिले राजदरबार भएको स्थानमा त्यस क्षेत्रकै आराध्यदेव खडगकालिकाको मन्दिरछ, जसलाई दरबारकोट भनिन्छ । हालको मुसिकोट दरबारकोट निर्माण वि.सं. १७१८मा गरे को पाइन्छ । ढुङ्गा प्रशस्त हुदा हुदै पनि यो दरबार कोटको निर्माणमा इटाको प्रयोग गरिएको छ । कोट देखि करिब १ कि.मि. टाढा पर्ने भराहा भन्ने ठाउँदेखि स्थानीयबासीहरुले इंटा बोकी कोटको निर्माण गराएका थिए ।

## ऐतिहासिक जनश्रुति तथा जनविश्वासहरूः

१. **घिमिरे ब्राहमण दरबार प्रवेशः**

घिमिरे ब्राहमण आदि पुरुष राधाकृष्ण उपाध्याय बेदका प्रकाण्ड विद्वान थिए । बेदको राम्रोसँग व्याख्या गर्न सक्ने मात्र हो इन कि यज्ञ होम पर्वमा वेदकै मन्त्रबाट आगो बाल्न सक्दथे । उनको विद्वातालाई कदर गर्दै राजाले घिमिरेलाई दरबारमा प्रवेश गराए । यसको साथसाथै पगेनी बंशमा आशोस वा दुःख पर्दा दरबारको धार्मिक एवं बैदिक कार्यहरुको लागि विकल्प पनि खोजी गरिरहनु पर्ने अवस्था थियो । कोटको पूजा गर्ने विषयमा पनि पंगेनी ब्राहमणले मात्र थाम्न सक्ने अवस्था थिएन । तैपनि आवश्यकताले आफै खोजी गर्दछ, भने जस्तै पुरेतको खोजी गर्न आवश्यक नै थियो । घिमिरे धुरन्धार विद्वान पनि भएकाले विद्वताको कदर पनि हुने हँदा घिमिरे ब्राहमणलाई दरबारमा प्रवेश गराउने निर्णय भयो । घिमिरे ब्राहमण दरबारमा प्रवेश गरे, तर घिमिरेको दरबार प्रवेशले गुरु पंगेनीमा दिनानुदिन असन्तोष बढ्दै गएकोले दरबारबाट बाहिरिएर पाल्पाको रामपुर गई बसोबास गर्न शुरु गरेका हुन । घिमिरेहरु काला र सेता गरी दुइ थरी छन् भनेर मुसिकोटमा भनिए तापनि यो मतसँग अन्यत्रका घिमिरे सहमत भएको भने पाइदैन । विद्वानलाई कदर गर्ने प्रचलन त्यतिवेला पनि रहेको पाइन्छ र कोटको पूजेरीको रुपमा हाल पनि पंगेनी(रिजाल) र घिमिरे पूजारी बस्ने परम्परा यथावत छ ।

२. **राजाको मुन्टो बांगो तथा पंगेनी दरबारमा पुनः प्रवेशः**

राजदबारमा गुरु पुरोहितको रुपमा स्थान पाएका पगेंनी ब्राहमण जव राजाले घिमिरे ब्राहमणलाई दरबारमा प्रवेश गराएको कुराले दुखी भई दरबारको सेवाबाट निस्की पाल्पाको रामपुरमा गई बसोबास गरेका थिए । प्रारम्भिक समय देखि राजाको साथ नछोडेका गुरु पंगेनी दरबारबाट बाहिरिंदा चित्त दुखाउनु अस्वभाविक थिएन भनें उता उनी बाहिएका राजालाई पनि चित्त बुझेको थिएन । राजाको कुलपूजामा विधिविधान पुऱ्याउने कार्य पूर्णरुपमा पंगेनी ब्राहमणलाई मात्र थाहा थियो । त्यतिमात्र कहाँ हो र मुसिकोट आउंदा पंगेनीले पैयाको लिंगो बोकी आएकाले कुलपूजामा उनीहरुको अग्राधिकार पनि थियो । कुलपूजा गर्दा अन्य देवता पुजा गरेको जस्तो नभई विधि विधान पूर्णरुपमा पुरा गर्नु पर्दछ । कुलदेवता भनेका आफ्ना परम्परा विश्वास रीति र आस्थामा अडेको आधार हो । यसमा आफूले अर्पण र श्रद्दा गरेको विषय परिस्थितिलाई सहजसँग परिवर्तन गर्नु राम्रो पनि मानिदैन । गुरुपुरोहितको रुपमा समेत रहेका पंगेनीलाई घिमिरेको प्रवेशले ठूलै असन्तोष ल्यायो। पंगेनी गुरुको अनुपस्थितिमा भएको राजाको कूलदेवताको पूजा गर्ने समयमा राजाको मुन्टो (टाउको) बांगो भयो । अनेक विधिविधान तन्त्रमन्त्र गर्दा पनि सिधा हुन सकेन । छिमेकी राज्य गल्कोट र धुर्कोटमा समेत ठूलो खैलावैला हुन गयो । अन्त्यमा कुलदेवता दुःखी हुन गएकोले टाउको बांगो हुन गएको हो भन्ने निचोड निकाली परम्परा देखि कुलको पूजा गराउंदै आएका ब्राहमणको आवश्यक महसुस गरी पंगेनी ब्राहमणलाई लिन रामपुर पठाइयो । घटनाको विस्तृत अवस्था दर्शाई पंगेनी ब्राहमणलाई मुसिकोट फिर्ता हुन आग्रह गरिएछ । एक छिन त पंगेनीले नफर्कने विचार पनि गरेका थिए, तर त्यो पुरानो सम्बन्ध र आस्था पछि जोडिएको जस्तो हुंदैन र एकै ठाउँ वस्दा कहिलेकाही सानातिना कुराले मतभेद ल्याउन सक्दछ । त्यतिमात्र नभएर घिमिरेको प्रवेशले आफुलाई निकालिएको पनि थिएन भन्ने कुराहरुको महसुस गरी पंगेनीले पनि राजाको निमन्त्रण स्वीकार गरी फर्कने निधो गरे । पंगेनीका केही वंश उतै बसोबास गरिसकेकाले नफर्कने निधो गरेका थिए । सायद अहिले पनि पाल्पाको रामपुरमा पाइने पंगेनी ब्राहमण यिनै वंशका वंशज हुन सक्दछन । पंगेनी ब्राहमणका जो गुरु मानिएका थिए, उनी पाल्पाबाट आई राजाको बांगो मुण्टो देख्नसाथ के तमासा हो भन्ने शब्दोचरण गर्दा राजाको बांगो मुण्टो साविक जस्तो भएछ । पंगेनी ब्राहमणको यसरी पुनः मुसिकोट दरबार प्रवेश भएको थियो ।

३. **थापा दरबारबाट बाहिरः**

एक समयको कुरा हो, दरबारको र्हतार्कता एवं प्रमुख पदाधिकारी उमराको पदमा रही काम काज गर्ने गोदार थापाको श्रीमती दरबारमै काम गर्ने खवास भन्ने जातको पुरुषले जारी गरी लगिदिएछ । त्यतिबेलाको प्रचलन अनुसार जारलाई काट्न पाउने थियो र सो बमोजिम उमराले जार साज्न(काट्न) राजाका हजुरमा विन्ती जाहेर गरे । राजाबाट एउटै दरबारमा काम गर्ने दुई पदाधिकारी मध्ये एउटाले अर्कोलाई काट्ने अनुमति दिने काम हुन सकेन । सबैको रक्षा र भलो गर्नु र

ाजाको धर्म पनि हुन आउंदथ्यो । चलन चल्तीमा जे भए पनि ज्यान मार्ने अनुमति दिनु राजाको लागि सहज भएन । आफ्ना निकट सहयोगी भएका थापाले राजाको साथ पक्कै पनि साथ छोड्ने छैन भन्ने विश्वास थियो । तर जार साज्ने अनुमति भएन र राजाको सो इन्कारीबाट चित्त दुखाई उमरा गोदार थापा एउटै दरबारमा दुवैथरी बस्न नसक्ने सोंची दरबारबाट बाहिरिए । त्यस पछि उनी गुल्मी राज्यका राजाको दरबारमा शरण लिन पुगेछन । यिनको नाम अहिले उल्लेख गर्न सकिएन । गुल्मी राज्य पनि मुसिकोटे राजाको भाईको राज्य भएकोले दरबारमा प्रवेश पाइ रुपाकोट भन्ने स्थानमा वस्तीबसाई बसो बास गरेको बुढापाकाहरुको भनाइ रहेको छ ।

## ४. थापा दरबारमा पुनः प्रबेशः

बर्षौं वर्ष देखि मुसिकोट दरबारमा हर्ताकर्ता भै कामकाज गर्दै आएका उमरा थापाको आवश्यकता बढ्दै गयो । उता र ाजदरबारमा आफ्नो कारणले गर्दा विवाद सिर्जना भई राजालाई समेत असहज भएको हुँदा खवासले आफुखुसी दरबारको सेवाबाट अलग हुने विचार गऱ्यो । उता गोदार थापाले पनि तत्काल आवेशको अवस्थामा आफ्नो इच्छा पूर्ति हुन नसके काले आफ्नो पुरानो थलो र पैतृक सम्बन्ध छोड्नु परेकोमा दिनप्रतिदिन पछुतो महसुस गर्दै गएका थिए । दरबारमा रहेको आफ्नो स्थान त्यागी दरबारबाट बाहिरिनु कालन्तरमा उचित ठहर हुन सकेको थिएन । उता गुल्मी राज्यमा बसोबास गने अनुमति प्राप्त भए तापनि मुसिकोट दरबारमा प्राप्त भएका पद र हैसियत एवं सम्बन्ध मिलेको थिएन । यसै परिप्रेक्षेमा दरबारका पदाधिकारी र भाइभारदारहरुको लामो राय सल्लाह बमोजिम थापालाई गुल्मी राज्यबाट फिर्ता गर्ने निर्णय भयो । थापालाई साविक बमोजिम प्रदान गरिएको उमराको पद पूर्ववत कायम गरिने आश्वासन सहित गुल्मेली राजाका हजुर मा विन्ती जाहेर गरियो । दाजुको राज्यबाट आएको अनुरोधलाई सहज मानी गोदार थापालाई मुसिकोट राजाको प्रस्ताव सुनाउंदा आफ्नो पूर्ववत पद र प्रतिष्ठा काम रहने भएमा प्रस्ताव स्वीकार गर्ने कुरा विन्ती जाहेर गरे । सो अनुसार गोदार थापालाई पुनः मुसिकोट राज्यमा फिर्ता गरिएको थियो र दरबारमा प्रवेश पाए पछि आफ्नो साविकको उमरा पद प्राप्त भएको थियो । केही भनें रुपाकोटमा नै बसोबास गरेका थिए । हाल मुसिकोट राज्यको हर्ताकर्ताका प्रमुख पदाधिकारी भएकै कारणले नेपाल राज्यसँगको एकीकरण सम्झौतामा यिनै उमराले भाग लिएका थिए, भन्ने भनाई संलग्न गोदार बंशावलीका पुस्ता ६.१.१ का स्वर्गीय मु.कृष्ण बहादुर थापाको रहेको थियो । अहिलेको मुसिकोटको कोटपूजा लगायत अन्य कामकार बाहीमा हर्ताकर्ता पाइएको छ । यतिमात्र होइन की गोदार थापा राजाखलकको दाजुभाई सरहको सम्बन्ध पनि कायम थियो । यहाँका राजाहरुको र गोदार थापाक्षेत्रीको गोत्र कश्यप नै भएकोले जुठो सुतक पर्दा शुभकार्य नगर्ने र बार्ने प्रचलन समे त भएको बुढापाकाहरु बताउँछन । खडककालिकाको कोट पूजामा गोदार थापाको ठूलो योगदान थियो । बडादशैंको कोट पूजामा थापाको भूमिका अहिले पनि जिवितै छ । फूलपाती भित्र्याउने(सोले) को प्रमुख थापा हुन भनें दशमीमा फूलपाती विसर्जन गर्ने(डोले) को काम सुतारा कार्कीको जिम्मामा रहेको छ । कोटको पूजा व्यवस्थापनको लागि यिनै गोदार थापाकै बंशमा लालमोहर सनद जारी भएको थियो । यसको पछिल्लो उदाहरणको रुपमा स्वर्गीय जि.मु.कर्णबहादुर थापा क्षेत्री पाखेडाँडा वडागाउँको नांउमा जारी भएको वि.सं. २००४ सालको सनदलाई ऐतिहासिक रुपमा लिन सकिन्छ ।

## ५. ढुङ्गाको शिला ओखलः

राजदरबार भन्दा करीव दुई सय मिटर तल राजारानीले स्नान गर्ने सपौदी पंधेरो थियो । स्नान गर्दा आवश्यक पर्ने तोर ीको बुका(धुलो) कुट्नेको लागि दुईवटा ढुङ्गाको ओखल रहेका थिए । यो ओखलको बारेमा एउटा जिवित रोचक कथा छ । विस्थापित बन्न पुगेका ओखल मध्ये एउटा ओखल एकजना महत क्षेत्रीले घरमा लगेका रहेछन, सो दिन देखि उनको आर्थिक अवस्था दिन प्रतिदिन विग्रदै गएकोले त्यहाँबाट बंसाइ सरी अमराई गएका रहेछन । सम्बत १९९७/०९८ सालतिर को कुरा थियो, एक समय लेप्टिनेण्ट खडानन्द घिमिरेको श्रीमतीले तिखे महतलाई ओखल खोजी दिन भनेको र निजले त्यही सपौंदी पंधेरोको ओखल लगी दिएछ । उनले उक्त ओखललाई धान कुट्न प्रयोग गर्दा ओखलमा धान अड्दै नअडी बाहिर निस्किएको थियो । यो घटनाले सबैलाई आश्चर्य चकित बनाएको थियो । जुन बेला त्यस्तो चमत्कार देखियो त्यति बेलासम्म त्यो ओखल शिला पल्टीसकेको रहेछ । खडानन्दका छोरा केशव घिमिरेलाई राती सुतेको समयमा खड्गदेवीले

मेरो शिला तिमिले ओखलको रुपमा प्रयोग गरेको छौ । त्यसले तिमिलाई राम्रो हुने छैन । उक्त ओखलको जोडी शक्तिको रुपमा शिला बनिसकेको छ । ओखलको अर्को जोडी सपौदी पंधेरोमा जमिन मुनी छ, त्यँहा गइ हेर्नु र त्यसको पश्चिमपट्टी लगी तिम्रो घरमा भएको अर्को ओखल राखि दिनु भन्ने दिक्षा दिएकोले अर्को दिन गई जमिन मुनी खनी हेर्दा सपनामा भनें अनुसार पाइएकोले निज खडानन्द घिमिरेले २०१९ सालको बालाचतुर्दशीको दिन ९ दिन सम्म पंगेनी ब्राहमण बालक लोकहरि रिजालबाट पूजा पाठ गराई गाईको दुधधारा दिई बाजागाजा सहित आफूकहाँ भएको उक्त शिला पल्टिएको ढुंगा सपनामा पाएको दिक्ष मुताविक सोही ठाउँमा राखिदिएका थिए । हाल जिवित रहनु भएका मुसिकोट मैदान निवासी राम बहादुर घिमिरे, हिरण्यराज घिमिरे र हाल स्वर्गवास हुनु भएका पंण्डित एवं शिक्षक लोकहरि रिजालको भनाई यस्तै रहेको थियो ।

६. किम्बदन्ती भैसकेका कुराः

एकिकरण पूर्व कायम रहेका बाइसे तथा चौबीसे राज्यहरुमा दिनहुं जसो लडाई भईरहन्थ्यो । लडाई गर्नको लागि आधुनिक हातहतियार सो समयमा थिएनन् । युद्ध सामाग्री र कलाको रुपमा घोयत्रो हान्ने, ढुंगा पल्टाउने, गौंडा ढुक्ने, धनुकाँड चलाउने, भाला तरबार खुकुरी चलाउने थिए । सायद यसै भएर होला २२ से तथा २४ से राज्यहरुको राजधानी अधिकांश टाकुरीमा रहेका थिए । यसबाट युद्ध गर्न सजिलो हुने गर्दथ्यो । यसै सिलसिलामा गल्कोट र मुसिकोट राज्य बीच युद्ध हुँदा आ-आफ्ना विरोधीहरुको ठूलो मात्रामा संहार गरिएको थियो भनिन्छ । यसरी काट्न प्रयोग भएका खुंडाँ तरबार र खुकुरीहरु मुसिकोटका सेनाले वामी पूर्वको धारापानीमा र गल्कोटे सेनाले कांडेबास नजिकको सांधी खोलामा रगत लागेको खुकुरी लगायतका हतियार पखालेका थिए । यसै कारणले होला मुसिकोटे राजाले धारापानीको पानी नपिउने र गल्कोटे राजाले सांधी खोलाको पानी नपिउने प्रचलन थियो । यही सांधी खोला अहिलेको गुल्मी र बाग्लुङ्ग जिल्लाको सिमानाको रुपमा कायम भएको छ । पानी नखाने मात्र नभई दुवै राज्य बीच बैवाहिक सम्बन्ध पनि नहुने भनिएको थियो । यस्तो परम्परागत विश्वास पछिसम्म अर्थात् २० औं शताब्दीको अन्तसम्म कायम थियो भनिएको छ । तर आज आएर यो अवस्था विल्कुल परिवर्तन भएको छ ।

## मुसिकोट राज्यमा तत्काल कायम रहेका पदाधिकारीहरूः

**क) राजा**

राजाको जेठो छोरा राजा हुने र अरु भाईलाई आवश्यकता अनुसारको पदवी दिइएको थियो । राजाबाट जारी हुने स्वस्ती श्री गीरिराज चक्रचुडामणी...... भन्ने प्रशस्तीको प्रयोग भएको पाइएको छ । राजपरिवारलाई श्री ३ प्रयोग भएको हुन्थ्यो । यो प्रशस्ती राजकुमारले पनि प्रयोग गरेको पाइएको छ, जुन कुरा त्यतिबेला जारी भएको ताम्रापत्रको व्यहोरामा लेखिएको छ ।

**ख) चौतारीया**

मुलुकको शान्ति सुरक्षाको जिम्मेवारी बहन गर्ने पदाधिकारीको रुपमा यो पदको पहिचान पाउन सकिन्छ । यो पदमा खासगरी राजाको भन्दा जेठो भाईलाई यसको जिम्मेवारी तोकिएको हुन्थ्यो । यो पद मुसिकोट राज्य एकिकरण पछि पनि कायम थियो ।

**ग) काजी**

राजा पछिको निकै शक्तिशाली पदको रुपमा काजी पदलाई लिइएको थियो । मुलुकी प्रशासन सञ्चालन गर्ने देखि छिमेकी राज्यसँगको सम्बन्ध गर्ने देखि सन्धी सम्झौता सम्म गर्ने गरी मुलुकी प्रशासनको प्रमुख पदाधिकारीको रुपमा काजी नियुक्ति हुने व्यवस्था थियो । यो पदमा खास गरी राजाको भाई भए भाईले र भाई नभएमा गोदार थापालाई तोकिएको हुन्थ्यो ।

**घ) सरदार**

राज्यको रक्षामा मुख्य भूमिका रहेको यो पदमा राजाकै भाई हुन्थे । राजाको भाई नभएको अवस्थामा यो पदको जिम्मेवारी सुतरा कार्कीले सम्हालेका हुन्थे ।

**ङ) उमरा**

जात जाती बीचको आन्तरिक सुसम्बन्ध कायम राख्न र दरबारको हेरचाह गर्ने जिम्मेवारी पाएको यो पदमा गोदार थापा नियुक्त भएको थिए । पछि यो पदको जिम्मेवारी सारु मगरले लिए । आफु रक्षकको रुपमा बस्ने बाचा गरी आएको सारु मगरले पछि यो पदमा सर्तुङ्गे मगर नियुक्त गर्न सहमत भएका थिए । यिनीहरु थुम थुम र गौंडा गौंडामा रहने गर्दथे । उमराटोल भन्ने अहिले पनि कायम रहेको छ । सर्तुङ्गे मगर बसोबास गरेको टोललाई अहिले पनि उमरा टोल भनिन्छ ।

**च) रक्षक**

यो पद निकै विश्वासिलो पद हो । ठकुरी राजा भए पछि सारु मगर रक्षक भई बसेका थिए । राज्य सुम्पिदानै सारु मगरले आफूले यो पदमा बस्ने निधो गरेका थिए । यो पदमा बस्ने रक्षकले राजा राजपरिवारको जिऊ ज्यानको प्रत्यक्ष सुरक्षा प्रवन्धको व्यवस्था मिलाउने काम गर्दथे भनिएको थियो ।

**छ) गुरु पुरोहित**

यो पदमा पंगेनी बाहुन र घिमिरे बाहुन रहेका थिए । तर इस्मा राज्यमा भने गुरुको पदमा अर्यालल ब्राहमणलाई मानेका थिए ।

ज) राजा र राजपरिवारको लुगा गहना हेर्नेलाई कपरदार भनिन्थ्यो ।ताम्रापत्राभिलेखहरुमा छापदार गर्नलाई यो पदमा नियुक्त गरिन्थ्यो ।

झ) टक्सारीबाट छापिएका मुाको जिम्मा लिनेलाई खजान्ची भनिन्थ्यो । मुसिकोट राज्यको वामी टक्सारमा मु छापिन्थ्यो ।

ञ) भण्डारेः ढुकुटीको सबै जिम्मा पाएको व्यक्तिलाई जनाउथ्यो ।

ट) द्वारेः राज्यको प्रबेशद्धारमा रहने व्यक्तिलाई द्वारे भनिन्थ्यो ।

ठ) सोलेः कोटको सम्पूर्ण बन्दोबस्तीको जिम्मेवारी लिएका व्यक्ति ।

ड) डोलेः कोटको पूजा सामाग्रीको विसर्जन गर्ने ।

ढ) विचारीः सरकारी लेखापढी गर्ने कामको लागि विचारीको व्यवस्था गरिएको ।

# अबको बाटो

हाम्रो देश नेपालमा बि.सं २०१३ साल देखि योजनाबद्ध विकासको शुरुवात भएको हो। बिगतका विकास प्रयासहरुबाट जनताको समग्र जीवनस्तरमा सुधार हुन नसकेको, विकास प्रकृयामा विकासका सवै आयामहरु समावेश हुन नसकेका, विकासमा जनताको अर्थपूर्ण सहभागिता हुन नसकेको, विकेन्द्रिकरणका प्रयासहरु कार्यमूलक हुन नसकेका साथै समग्रमा भन्नु पर्दा विविधता व्यवस्थापन (Diversity Management) हुन नसकेका कारण विकासले अपेक्षित गति लिन नसकेको र गरिवी निवारणमा उल्लेख्य प्रगती हुन नसकेको ब्यहोरा सर्वबिदितै छ।

संबिधानको भावना अनुरुप राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले गरेको त्याग र बलिदानपूर्ण आन्दोलनको माध्यमवाट संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सौँच सहितको परिणाम नेपालको संबिधान हो। दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने बाटोमा मुलुक अग्रसर छ। तीन तहका सरकारहरु समेत आ-आफ्नो एकल र साझा अधिकारका सूचि सहित दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्ने बाटोमा अग्रसर छन्।

संबैधानिक व्यवस्था अनुसार ७५३ स्थानीय सरकार मध्येको मुसिकोट नगरपालिका साविकका पौंदी अमराई, मुसिकोट, बडागाउँ, आँपचौर, कुर्घा, वामीटक्सार र अर्लाङ्गकोट गा.वि.स. को सबै भाग र नेटा गा.वि.स.को १ नं. देखि ४ नं. वडा सम्मका भू-भागलाई मिलाई सिंगो मुसिकोट नगरपालिका बन्नुका साथै साविकको वामीटक्सार यसको प्रशासनिक केन्द्र भएको छ. ११४.७४ वर्ग कि.मि क्षेत्रफलमा फैलिएको यस नगरपालिकाको जनसंख्या वि.सं. २०६८ सालको जनगणना अनुसार ३२,८०२ रहेको छ।

पानीका श्रोतहरुका रुपमा साना ठूला नदि नालाहरु रहेको यस क्षेत्रमा बार्षिक औषत २२०० मिलिमिटरको हाराहारीमा वर्षा हुन्छ। साबिकका दिनहरुमा खानेपानी र सिंचाईको ठूलो समस्या रहेको यस क्षेत्रमा खानेपानीको उल्लेख्य विकास भई सकेको र सिंचाईमा बढी ध्यान दिनुपर्ने अवस्था छ। पहाडी जिल्ला भएतापनि यातायातको सुविधायूक्त क्षेत्र भन्दा अतिसयुक्ती हुने छैन भने शिक्षा र स्वास्थ्य क्षेत्रको अवस्था पनि परिष्कृत गर्दै लगिएको छ। युवा उद्यमशिलता वृद्धि गर्न कृषि क्षेत्रमा आकर्षण वृद्धि गर्ने लक्षका साथ नगरपालिका अगाडी बढिरहेको छ। यस नगरपालिका भित्र देखिएका विविध समस्याहरुलाई न्यूनिकरण गदै यस भूगोलका जनताको सुख दुःख, पिरमर्का सँग उदारभावले अगाडी बढी खुल्ला सरकारको अनुभुती दिलाउने अभिप्राय यस नगरपालिकाले राखेको छ।

दिगो बिकासका लक्ष्यहरु हासिल हुँदा "समृद्ध नेपाल, सुखी नेपाली" भन्ने नेपालको सपना पुरा गर्न १७ वटा दिगो विकासका

- निष्ठाको निर्माण
- सम्बन्ध व्यवस्थापन
- श्रोतको व्यवस्थापन
- नतिजा सुनिश्चितता




लक्ष्यहरु, १६९ वटा सूचकहरु र ५ वटा आधार स्तम्भहरुको जगमा रहेर स्थानीय सरकारहरुले दिगो विकासका लक्ष्यहरुलाई आन्तरिकीकरण र स्थानीयकरण गर्नु पर्छ भन्ने यस नगरपालिकाको स्पस्ट धारणा रहेको छ।

हाम्रा ९ वटै वडाहरुमा अवस्थित धार्मिक स्थल, सार्वजनिक विद्यालय, स्वास्थ्य संस्था, पूर्वाधार विकास, क्षमता अभिवृद्धि लजनस्तरबाटै अपनत्वयुक्त कार्य योजना सहितको लक्ष्य सहित नीति, बजेट तथा कार्यक्रमलाई अगाडी बढाएका छौं । राष्ट्र निर्माणको मेरुदण्ड स्थानीय सरकार बन्न सक्नुपर्छ भन्ने मान्यता राखी दीर्घकालीन सोँचका साथ दिगो विकासका योजना तर्जुमा गरी अगाडी बढ्ने सोंच राख्दै सोहि दिशामा मुसिकोट नगरपालिका अगाडि बढेको छ ।

हालको विश्वब्यापी कोरोना संक्रमण (COVID–19) को कारण यसको राप र तापवाट नेपाल पनि अछुतो रहन सकेको छैन । समय समयमा यस प्रकारका बिपत्तिहरु विश्व साथै नेपालले पनि सामना गर्दै आएको अनुभव हामीसँग छ । हालको कोरोना संक्रमणले करिब २ वर्ष देखि विश्व अर्थतन्त्र प्रभावित भएको छ । यसको प्रभाव हाम्रो जस्तो सानो अर्थतन्त्र भएको मूलुकमा नपर्ने सवालै भएन । अबका हाम्रा विकासका गतिबिधिहरु यस खालका बिपत्तीहरुलाई सामना गर्ने खालका हुनुपर्दछ भन्ने कुरामा हामी सचेत छौं ।

गत आ.व. हरुमा कार्यान्वयन भएका योजना/कार्यक्रमहरुबाट सकारात्मक परिणामहरु देखिएका छन् । आ.व. २०७७/०७८ को समाप्तिसँगै यस मुसिकोट नगरपालिकाले विकासको क्षेत्रमा नयाँ मोड लिने प्रशस्त आधारहरु तयार भएका छन् । हाम्रा विकासका गतिबिधिहरु मध्ये गत आ.व. मा बोलपत्र एवं सिलवन्दी दरभाउपत्रद्वारा ३० वटा कार्यक्रम अगाडि बढेकोमा प्रकोपको कारण मालसामान एवं मिष्त्री र ज्यामीको अभावले सम्झौता अवधिमा सम्पन्न हुन नसकी केही ढिला भएको अवश्य हो । अर्को कुरा, COVID–19 को कारण संघ र प्रदेश सरकारबाट राजश्व बाँडफाँडको निकासा हुनु पर्ने रकम सम्पूर्ण निकासा हुन नसक्दा हाम्रो अनुमानित आम्दानी प्रभाबित भएको छ ।

संविधान बमोजिम संघीय संरचना पछिको तीन तहको सरकार, यसका संरचना निर्माण र संगठनलाई सफल बनाउनको लागि भएका हाम्रा हाल सम्मका प्रयासहरु भोलीको दिनको लागि सुखद देखिन्छन् । गत चार आर्थिक वर्षहरुमा, विगतमा जनप्रतिनिधि विहिन अवस्थामा भन्दा सामाजिक, आर्थिक विकास तथा रुपान्तरणमा धेरै परिवर्तन आएको अनुभूति गरिएको छ । पारदर्शी संस्कृती अवलम्बन गरेका छौं । सुशासन कायम गर्नु हाम्रो प्रमूख लक्ष्य भएकोले विकासका गतिबिधि संचालन र परिणाम निकाल्न हामीलाई सहज हुने छ । हाम्रा विकास र समृद्धिका गतिबिधि संचालनका प्रमूख आधारहरु भनेका नेपालको संविधान, पन्ध्रौं आवधिक योजना, दिगो विकासका लक्ष्यहरु, नेपाल सरकार (संघीय सरकार) र प्रदेश सरकारबाट स्थानीय सरकार केन्ति निर्मित कानूनहरु, नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा गरेका सन्धि सम्झौता र प्रतिबद्धताहरु, नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम र बजेट नै हुन् । हाम्रो अबको बाटो पनि त्यसै दिशा तर्फ केन्द्रित हुने छ ।

## नवौं नगरसभामा नगर प्रमुख सोमनाथ सापकोटाद्वारा प्रस्तुत आर्थिक वर्ष २०७८/०७९
# निति तथा कार्यक्रम

**नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,**
**कर्मचारी तथा उपस्थित सम्पूर्ण महानुभावहरु,**

१. गत वर्ष देखि महामारीको रुपमा शुरु भएको कोरोना भाइरस (कोभिड -१९) वाट सिर्जित विश्वव्यापी महामारी हालका दिनमा नँया भेरियन्ट सहित उत्पन्न असहज परिस्थितिका बीच आज म आर्थिक वर्ष २०७८।०७९ को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न गइरहेको छु। यस अवसरमा संघिय लोकतान्त्रिक गणतन्त्र स्थापनाका निम्ति अमूल्य जीवन सहादत्त गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात वीर सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु। परिवर्तन, क्रान्ति, देश निर्माण, गणतन्त्र स्थापना गर्न विभिन्न क्षेत्रमा खट्नु हुने, राजनैतिक तथा सामाजिक परिवर्तनमा नेतृत्वदायी भुमिका निर्वाह गर्नुहुने सबै अग्रजहरु प्रति सम्मान प्रकट गर्दछु।

२. कोरोना भाईरस संक्रमण (COVID-19) वाट विश्व आक्रान्त भएको चुनौती पूर्ण अवस्थामा आजको दिनमा मुसिकोट नगरपालिकाको नगरसभाको बैठकमा आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रम प्रश्तुत गर्दै गर्दा उच्च वित्तिय र भौतिक प्रगतीको बदला महामारीसंग लड्दै गरेको दृष्य मेरो मानसपटलमा घुमीरहेको छ।

३. कोभिड -१९ का कारण विश्वभर संकट पैदा हुनुका साथै उल्लेख्य रुपमा जनधनको क्षति भएको छ। नेपालमा संक्रमण फैलन नदिन गरिएको बन्दाबन्दी बीचमा हाम्रो नगरपालिकामा संक्रमण उच्च रुपमा देखा परेको थियो र हालका दिनमा केही सिथिल भएको महशुस गरिएको छ। यस महामारीका कारण हाल एन्टीजेन्ट टेस्टमा उच्च संख्यामा पोजीटिभ देखिएको र समूदाय स्तरसम्म फैलि सकेको कारण बिशेष सतर्कता अपनाउंदा अपनाउंदै गर्दा पनि हाल सम्म ७ जना नगरबासीले ज्यान गुमाउनु परेको तितो सत्य हाम्रो सामु रहेको ब्यहोरा यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु। यति हुँदा हुँदै पनि हाम्रा अथक प्रयासहरुका कारण संक्रमण नियन्त्रण भित्रै रहेको ब्यहोरा यहाँहरुलाई अवगत नै छ। संक्रमण फैलिन नदिन नगरपालिकाका बासिन्दाहरु र बाहिरवाट आएका ब्याक्तिहरुलाई आइसोलेसनमा राखि आवस्यक परिक्षणको ब्यबस्था मिलाइएको छ। यस विपदको वेलामा सवै पक्ष अत्यन्त संवेदनशिल रही मानव सेवामा जुट्न हार्दिक अनुरोध गर्दछु।

४. महामारी रोकथामका लागि अपनाइएको बन्दाबन्दी, भौतिक दुरी लगायतका उपायहरुको पालना गर्दै यसको रोकथाम र नियन्त्रणको अग्रमोर्चामा खट्नुहुने स्वास्थकर्मी र सुरक्षाकर्मी तथा व्यवस्थापनको काममा संलग्न सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु। साथै यस महामारीबाट भयभित र त्रसित नभई उच्च आत्मवलका साथ यस महामारी बिरुद्धको लडाईमा विजय प्राप्त गर्ने आत्म विश्वासका साथ धैर्यतापूवक जुट्न सबैलाई आह्वान गर्दछु।

५. यस महामारीका कारण हामीले गत आ.व. २०७७/०७८ को वार्षिक नीति तथा कार्यक्रम र बजेटद्वारा प्रतिबद्दता जनाएका कतिपय बिकासका गतिबिधिहरु प्रभाबित भएका छन्। प्राप्त हुनु पर्ने श्रोतहरुमा कमि आएका छन्। यति हुँदा हुँदै पनि श्रोत साधनहरुको अधिकतम परिचालनद्वारा वार्षिक लक्ष्यको नजिक पुगेको ब्यहोरा यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु।

६. नेपालको संविधान बमोजिम स्थानिय तहहरु अन्तर्गत मुसिकोट नगरपालिका स्थापना भई संविधानको एकल र संयूक्त अधिकारका सूचिमा भएका अधिकारहरुको व्यापक, समन्वयात्मक र प्रतिफलयुक्त अभ्यास गर्दै मुसिकोट नगरपालिकालाई समृद्धीको बाटोमा अगाडी बढाउने दृढ संकल्पका साथ निर्वाचित हामी जनप्रतिनिधिहरुले काम गर्न लागेको चार वर्ष पुरा भएको छ। मुसिकोट नगरपालिकाको चौतर्फी विकासको बाटो खोली सम्पूर्ण बिकासका आयामहरुको अभ्यासद्वारा नगरबासीहरुलाई संघियताले प्रदान गरेको अधिकारको महशुस गराउनुको साथै नगरपालिकालाई समृद्धिको बाटोमा डोर्याउनको लागि यस अवधिमा मुसिकोट नगरपालिकाले अगाडि सारेका नीति तथा कार्यक्रमहरु लागु गर्न सहयोग गर्नुहुने जनसमुदाय, संघ एवं प्रदेश सभाका माननीय सदश्यज्यूहरु, सघं संस्था जनप्रतिनिधि साथीहरु, कर्मचारी, राजनैतिक कर्मी, शिक्षक, बृद्धिजिवी, व्यापारी, पत्रकार, सुरक्षाकर्मी सबैमा हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु।

७. नयाँ भेरियन्ट सहितको कोरोना भाइरस संक्रमणको कारण आगामी आ.व. २०७८/०७९ को नीति, कार्यक्रम र बजेट तर्जुमा गर्नु पर्ने यस बिषम परिस्थितिमा बिभिन्न पक्षहरुसंग प्रत्यक्ष रुपमा अन्तर्क्रिया गरी राय सुझाव लिने र आगामी आर्थिक वर्ष २०७८/०७९ मा तर्जुमा र कार्यान्वयन गरिने योजना/कार्यक्रमहरु तर्जुमा गर्ने काममा प्राप्त राय सुझावहरु समावेश गर्ने कुरा संभव नभएकोले राय सुझाव लिने बिधिमा परिवर्तन गरी बिभिन्न पेशा ब्यवसायमा संलग्न भई स्वदेश एवं बिदेशमा रहनुहुने बिकास प्रेमी सम्पूर्ण मुसिकोट बासी महानुभावहरुवाट राय सुझाव माग गरेका थियौं। सो अनुरुपका प्राप्त राय सुझावहरुलाइ यथासक्य समेट्ने प्रयास गरेका छौं।

**नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,**

**श्रोत परिचालन**

८. आन्तरिक स्रोत अति न्यून परिचालनको अवस्था रहेको सन्दर्भमा संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदानमा भर पर्नु परेको अवस्था हामी सबैलाई जानकारी छ। करको क्षेत्र र दर निर्धारण गर्दा करदाताको क्षमता, करको प्रकृती तथा उठ्ने रकमको आकार र कर उठाउंदा सम्वन्धित क्षेत्रको विकास तथा विस्तारमा पर्न जाने सकारात्मक वा नकारात्मक असर समेत आंकलन गरी सरोकारवालाहरुको सुझाव समेतका आधारमा विगत आ.व.हरुमा परिचालन गरिएका करका दायराहरुलाई विचार गर्दै कर तिर्ने नागरिक दायित्व पुरा गर्न अभिप्रेरित गरिनेछ। प्राप्त अनुदान र नागरिकहरुबाट प्राप्त करको समुचित उपयोगमा जोड दिइनेछ।

९. सरकारी खर्चको कुशल व्यवस्थापनवाट सुशासनका आयामहरुको क्रियाशिलताद्वारा विकासका लक्ष्यहरु पुरा गरिनेछ। वित्तीय अनुशासन कायम गर्न बिशेष जोड दिईने छ। सरकारी कोषको अधिकतम सदुपयोगमा हामी सचेत रहेको ब्यहोरा प्रतिबद्धता ब्यक्त गर्न चाहन्छु।

१०. बित्तिय अनुशासन कायम गरी चालु खर्चलाइ कम गर्ने कुरामा बिशेष ध्यान दिई पूंजिगत खर्च बढाउने र पूंजि निर्माण गर्ने कुरामा बिशेष ध्यान दिइने छ। बेरुजुलाइ न्यूनिकरण गर्दै शुसासन कायम गर्न आन्तरिक नियन्त्रण प्रणालीलाइ प्रभावकारी बनाइने छ। यसको निम्ती सूचना प्रबिधिलाई अधिकतम र उच्चतम प्रयोग गरिने छ।

११." **संमृद्ध नेपाल, सुखी नेपाली"** को राष्ट्रिय एजेण्डालाई पुरा गर्न **"दिगो बिकासका लक्ष्यहरु" (Sustainable Development Goals - SDGs)** हरु लाई बजेट तर्जुमा गर्दा ध्यान दिंदै दिगो बिकासका आधार स्तम्भ, लक्ष्यहरु एवं सूचकहरुको आधारमा दिगो बिकासका लक्ष्यहरुलाई आन्तरिकीकरण र स्थानियकरण गर्ने कुरामा बिशेष ध्यान दिइने छ।

**सहकार्य र समन्वय**

१२. नगरपालिकाले आफ्ना गतिबिधहरु संचालन गर्दा संघ, प्रदेश र स्थानिय तहहरु बिचको आपसी सम्वन्ध र अन्तर स्थानिय तहहरु बिचको सम्वन्धका आधारहरुमा बिशेष ध्यान दिइने छ। बिकासका साझा बिषयहरुको खोजी गरी प्रक्रिया अगाडि बढाइने छ। बिकास साझेदार संस्थाहरुसंगको सम्वन्ध सुमधुर बनाउन कुनै कसर बांकी राखिने छैन। बिकास साझेदार संस्थाहरुले यस नगरपालिकामा आगामी आ.व.२०७८/०७९ मा लगानी गर्ने बिकासका गतिबिधिहरु बार्षिक कार्यक्रममा समाबेश गराउन बिशेष पहल गरिने छ।

**आर्थिक विकास**

१३. मुसिकोट दरबार, मालिका, शालिमे दह, ढोडेनी सहिद पार्क, ग्वादीका चौर खेल मैदान, स्मालीथान पार्क, थुम पार्क पिकनिक स्थल, भुकुवा चौरको प्राविधिक शिक्षालय, स्वाँरा होमस्टे, आँपचौर नमूना बस्तीलाई मुसिकोट गौरबका योजनाका रुपमा अगाडी बढी रहेका छन्। यि सम्पदाहरुको दिगो बिकासको लागि नगरपालिका सधैं क्रियाशिल रहने कुरा यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु।

१४. कृषिमा विविधिकरण, यान्त्रिकरण तथा व्यावसायीकरण गर्दै निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिक रुपमा विकास गरिनेछ। कृषिलाई सम्मानजनक पेशाको रुपमा रुपान्तरण गरी नगरपालिकामा विद्यमान शैक्षिक बेरोजगारीलाई कृषिमा आवद्ध

गराउँदै यसको उत्पादन तथा उत्पादकत्व बढाउने नीति लिइनेछ । कृषि उत्पादनमा हुने लाभ/लागत अनुमानको प्रभावकारी रुपले विश्लेषण गरी नगदे बालीको प्रवर्धन गरिनेछ । कृषि एम्बुलेन्सको माग भइरहेको अवस्था रहेकोले संघ एवं प्रदेश सरकारसंग यस सम्वन्धमा बिशेष पहल गरिने छ ।

१५. भौगोलिक अवस्था र सिंचाइको उपलब्धता समेतको आधारमा फलफुल एवं कृषि र पशुपालन साथै अन्य तुलनात्मक लाभका वस्तुहरु उत्पादनहरुको लागि पकेट क्षेत्रको अवधारणालाइ निरन्तरता दिंदै थप बजेटको ब्यवस्था गरिने छ । उन्नत जातका विरुवाको उत्पादन गरी उत्पादकत्व वृद्धि गर्न "आधुनिक सुविधा सम्पन्न स्वचालित हरितगृह" को स्थापनाको प्रक्रिया अगाडी बढाईनेछ । खाद्य सुरक्षा र खाद्य सम्प्रभुताको संवैधानिक मौलिक हकलाई व्यवहारिक रुपमा कार्यान्वयन गरिनेछ । किसानहरुको बजार पहुँच सुनिश्चित गर्दै विचौलियाहरुलाई निरुत्साहित गर्ने नीति लिइनेछ । विषादीहरुको प्रयोगलाई निरुत्साहीत गरी अर्गानिक उत्पादनलाई प्रोत्साहन गर्दै **"मुसिकोटको पहिचान, अर्गानिक उत्पादन"** भनी जिल्ला तथा प्रदेशस्तरमा प्रवर्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ । तयारी खाद्य वस्तुलाई निरुत्साहित गर्ने नीति लिइनेछ । कम पानीवाट पनि सिंचाइको व्यवस्था मिलाउनको लागि प्लाष्टिक पोखरी र थोपा सिंचाइको व्यवस्थालाई प्राथमिकता दिईने छ । उत्कृष्ट कृषकहरुलाई सिमेन्ट पोखरीको व्यवस्था मिलाइने कुरा प्राथमिकतामा राखिने छ ।

१६. भौगोलिक बिशेषताका आधारमा उपयूक्त भू–उपयोग नीति अवलम्बन गरी कृषि क्षेत्र, बन क्षेत्र, आवासिय क्षेत्र, व्यवासायिक क्षेत्र, औद्योगिक क्षेत्र, सांस्कृतिक तथा पर्यटकीय क्षेत्र, सार्वजनिक तथा खुल्ला क्षेत्र, निर्माण समाग्री उत्खन्न क्षेत्र, खानी तथा खनिज क्षेत्र आदि पहिचान गरी संरक्षण, उपयोग र व्यवस्थापन गरिनेछ । संघिय सरकार र प्रदेश सरकारको नीतिसँग तादाम्यता कायम हुने गरी नगरपालिका भित्र भूमि बैङ्क स्थापना गर्ने बिषयलाइ प्राथमिकता दिइने छ । कृषि/पशुपालनसंग सम्वन्धित उद्यम गर्न चाहने लघु, घरेलु तथा साना व्यवसायिलाई उक्त भूमि बैङ्कमा प्राप्त जग्गा सुलभ तरिकाले उपलब्ध गराउने नीति अख्तियार गरिने छ ।

१७. कृषि, स्थानीय कच्चा पदार्थमा आधारित साना तथा घरेलु उद्योग, पर्यटन प्रवद्र्धन सँग जोडिएको व्यवसाय, हस्तकला उद्योगलाई लगानीको अभाव हुन नदिन व्यवसाय ऋणको व्याजमा ५० प्रतिशत अनुदान दिने व्यवस्था लाई निरन्तरता दिइने छ । कृषि, यन्त्र, उपकरण, हाते ट्र्याक्टर, चापकटर, दुध दुहुने मेसिन, घाँस काट्ने मेसिन, मकै छोड्याउने मेसिन, पिस्ने कुट्ने मेसिन, खाल्डो खन्ने उपकरण जस्ता सबै यन्त्र, उपकरण, मेसिनमा कृषकलाई ५० प्रतिशत अनुदान दिई यान्त्रीकरण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१८. चालु आ.व. २०७७/०७८ मा संघ, प्रदेश र स्थानिय तहको आफ्नै बजेटवाट महत्वपूर्ण कृषि, पशुपालन सम्बद्द उद्यमशिलताका कामहरु सम्पन्नको चरणमा रहेका छन् ।

१९. बेमौसमी तरकारी खेती उत्पादनका लागि टनेल प्लाष्टिकमा ९० प्रतिशत अनुदान दिईने नीतिलाई निरन्तरता दिइएको छ । प्लाष्टिक पोखरी निर्माणका लागि प्लाष्टिकमा दिईने ८० प्रतिशत अनुदानलाई निरन्तरता दिईएको छ । उद्यमी महिला समूहलाई विउ पुँजी र प्रस्तावमा आधारित अनुदान रकम उपलब्ध गराउने कामलाई निरन्तरता दिइनेछ । प्रधानमन्त्री कृषि आधुनिकिकरण कार्यक्रम, गुल्मीको लागत साझेदारीमा बिउ श्रोत केन्द्र स्थापना गर्ने कार्य यसै आ. व. मा सम्पन्न हुने ब्यहोरा यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु ।

२०. नगरपालिका क्षेत्रका विकास तथा समृद्धिको लागि उद्योग तथा रोजगारी मुख्य मेरुदण्ड भएको कुरालाई आत्मसात गर्दै दक्ष जनशक्तिको निर्माण र रोजगारीको सिर्जन गर्ने कुरालाई नगरपालिकाकाले मुख्य आधारको रुपमा लिनेछ । श्रमको सम्मान नै समृद्धिको आधार हो भन्ने कुरालाई मुसिकोट नगरपालिका क्षेत्र भित्रका युवाहरु माझ स्थापित गरी युवाहरुलाई परिश्रम प्रति सम्मान गर्ने नीति लिइनेछ । आर्थिक हिसाबले सक्रिय जनसंख्यालाई उत्पादनमा जोड्नको लागि मुसिकोट नगरपालिकाका प्रत्येक वडामा "एक वडा, एक पहिचान" कार्यक्रम क्रमशः लागु गरिनेछ ।

२१. नगरपालिकाको नगदे वाली र तुलनात्मक वस्तुको रुपमा पहिचान भएको कफि खेतीलाइ नगरपालिकाको मुख्य बालिको रुपमा विकास गर्ने निति लिइएको छ। कफिको जननी मुसिकोट नगरपालिकालाई राष्ट्रिय पहिचान दिन **"कफि लगाऔँ, आम्दानी बढाऔँ"** कार्यक्रम संचालन गर्दै कफि बगैचाहरु निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

२२. बालिनाली संरक्षणको लागि वन्यजन्तु विशेषगरी बाँदर र बँदेलको नियन्त्रणका लागि विशेषज्ञहरु झिकाई अध्ययन अनुसन्धान पश्चात आवश्यक क्रियाकलाप सञ्चालन गर्ने प्रक्रियालाई अगाडि बढाउने सोंच राखिने छ।

२३. तुलनात्मक लाभका वस्तुहरु पहिचान गरी कृषकहरुको चाहना वमोजिम कृषि प्रणालीलाई व्यवसायिक बनाईने छ। स्थानीय उत्पादनबाट लघु उद्यम सञ्चालन गर्न प्रोत्साहन गरिने छ। उत्पादनलाई बढावा दिन पकेट क्षेत्र र ब्लक क्षेत्रको अवधारणालाई अगाडी बढाइ सकिएको छ।

२४. पशुपालनको माध्यमबाट रोजगारी सिर्जना गरी वेरोजगारी कम गर्दै लगिनेछ। व्यावसायिक पशुपालनमा विशेष गरी बैदेशिक रोजगारबाट फर्केका युवालाई लक्षित गरी आधुनिक कृषि तालिम र बिशेष कार्यक्रमको व्यवस्था गर्ने कुरालाइ निरन्तरता दिइने छ। पशुपालक कृषकलाई पशु औषधी, तालिम तथा अवलोकन भ्रमणबाट प्राप्त ज्ञानलाई हाम्रो अनुकूल व्यवस्था गरिने छ। हाम्रो नगरपालिका अण्डा, मासु र दुधमा आत्मनिर्भर भईसकेको अवस्थामा उक्त वस्तुहरु निर्यात गर्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ। आफ्नो उत्पादनलाइ बाह्यय निर्यात गर्ने कृषकलाइ बिशेष सहुलियत दिने नीति लिइने छ। पशुपालन व्यवसायलाई नाफामुखी र आकर्षक बनाउनको लागि घाँसमा आधारित पशुपालन गर्न उन्नत घाँसका विऊ तथा वेर्ना वितरण तथा व्यावसायिक घाँस खेतीको पकेटको रुपमा विस्तार गर्ने कामलाइ निरन्तरता दिइने छ। पशुपंक्षीको नश्ल सुधार गरी उत्पादन तथा उत्पादकत्व बृद्धि गर्नको लागि कृत्रिम गर्भाधान कार्यक्रमलाई विशेष जोड दिने प्रक्रिया अगाडि बढाई सकिएको छ।

२५. सामूदायिक बिकासका लागि बाख्रा बिकास परियोजना (HEIFER) कार्यक्रम यस नगरपालिकामा बिगत वर्षमा संझौता भई कार्यान्वयनको अन्तिम चरणमा रहेको छ। यो कार्यक्रम बिकासको आर्थिक आयाम मात्र नभएर सामाजिक आयामको रुपमा पनि यसले महत्वपूर्ण भूमिका खेलेको हामीले महशुस गरेका छौं र सामाजिक परिचालन र सामाजिक ऐक्यबद्दतामा यस कार्यक्रमले महत्वपूर्ण भूमिका खेलेको ब्यहोरा यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु।

२६. दुग्ध पदार्थ एंव मासुको गुणस्तर र स्वच्छतालाई कायम राख्न स्वच्छ र स्वस्थ्य मासु तथा "गोठदेखि ओठसम्म" स्वच्छ र स्वस्थ दुग्ध कार्यक्रमलाई अभियानको रुपमा संञ्चालन गर्न बिशेष पहल गरिने छ। बाख्रामा खोर सुधार, गाई भैंसीमा गोठ सुधार र मासु पसल सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ। आधुनिक उन्नत जातका गाई, भैसी, बाख्रा पालनमा जोड दिइनेछ। कृषि र पशुपालन व्यवसायमा जोखिम न्यूनीकरण गर्नको लागि विमामा अनुदानको अध्ययन गरी प्रक्रिया अगाडि बढाउन पहल गरिनेछ।

२७. माहुरी पाल्न ईच्छुक कृषकहरुलाई चालु आ.व.मा जस्तो तालिम एवं अनुदानमा माहुरीका घार वितरणको कार्यक्रमलाई निरन्तरता दिईने छ। सम्भावना भएका उत्पादन बृद्धि गर्न मौरी, कफी र च्याउ जस्ता उत्पादनमा क्लष्टर छुट्याईने छ। कृषि क्षेत्रलाई बढावा दिन जमिन बाँझो राख्ने प्रबृत्तिलाई निरुत्साहित गरिने छ। कृषि उपजहरुको बेसिजनमा मूल्य पर्ने गरी कोल्ड स्टोर स्थापना गर्न आवश्यक पहल गरिने छ। यस क्षेत्रका उत्पादनहरुलाई प्रवर्धन गर्न बजार क्षेत्रमा स्टल राख्ने ब्यवस्थाको लागि आवश्यक पहल गरिने छ। बजार व्यवस्थापन अन्तर्गत माना/ पाथी र किलो काँटामा देखिएको अन्तरलाई बजार अनुगमनको माध्यमद्वारा समाधान गरिने छ।

२८. कृषकहरुलाई उत्पादन र उत्पादित वस्तुहरुको विक्रिको आधारमा आवश्यक सहयोगको ब्यवस्था गरिने छ। कृषि क्षेत्रको विकासको लागि माटो अनुकूल बनाउन माटो परिक्षणको आवश्यक व्यवस्था गरिने छ। कृषकहरुलाई कृषि सम्बन्धी एडभान्स तालिमको व्यवस्था गरिने छ। साथै तालिमहरुलाई समयानुकूल बनाईने छ। सम्भाव्य स्थानहरुमा सिंचाईको उचित व्यवस्था गरी सहकारी कृषिलाई बढावा दिईने छ। यसका लागि एक **"कृषि व्यवसाय प्रवर्धन कोषको"** को नामले एक कोष खडा गर्ने कुरामा ध्यान दिइने छ। यहाँको कच्चा पदार्थ अन्यत्र लगी उत्पादन गर्ने पक्रियालाई निरुत्साहित

गरी "मुसिकोटको सामान, मुसिकोटमा उत्पादन" भन्ने कुरामा जोड दिईने छ । उत्पादनमा आधारित अनुदान व्यवस्थालाई आवश्यक पहल गरिनेछ ।

२९ . स्थानीय तहमा संचालित व्यापार/व्यवसाय र उद्योगहरुलाई प्रोत्साहन गरी व्यवसायिकता र उद्यमशिलतामा जोड दिइनेछ । निजि क्षेत्रलाई आर्थिक विकासको महत्वपूर्ण अंगको रुपमा स्वीकार गरी प्रोत्साहन गर्दै सार्वजनिक, निजि र सहकारीको माध्यमद्वारा विकास गतिविधिमा जोडदिई कार्यक्रम अगाडी बढाईनेछ ।

३०. नगरपालिका भित्र रहेका सबै पर्यटकीय स्थलहरुको पहिचान, संरक्षण तथा निर्माण कार्यलाई प्राथमिकता दिइनेछ । पर्यटन व्यवसायलाई प्रवद्र्धन गर्नको लागि पर्यटनसँग सम्बन्धित सूचना, संचार तथा प्रचारप्रसार गरिनेछ । मुसिकोट दरबार, सालिमे दह, मालिका मन्दिर, छत्रभूमी, शहिद पार्क, शिद्धेश्वर गुफा, थुम पार्क, स्मालीथान पार्क, हिले, मठमन्दिर, वडा स्तरीय स्मार्ट मनोरञ्जन पार्क, जेष्ठ नागरिक पार्क, कृषि पकेट क्षेत्र, होमस्टे आदिको निर्माण र संरक्षण गर्दै पर्यटकीय सर्किट निर्माण गर्दै अगाडी बढिनेछ ।

३१. स्थानियस्तरमा प्राप्त हुने श्रोत साधनहरुमा आधारित भएर स्थापना तथा संचालन हुने उद्योगहरु जस्तै, बाँसको मुढा निर्माण, खाद्यन्न प्रशोधन, विउ उत्पादन तथा प्रशोधन, जडिबुटी प्रशोधन, खानेपानी प्रशोधन तथा उत्पादन लगायतका उद्योगहरुको लागि मुख्यमन्त्री ग्रामिण बिकास तथा रोजगार कार्यक्रमसंग जोडिने छ ।

३२. उद्योगहरुको स्थापना र संचालनको लागि वित्तिय पुँजीको लागि बैँङ्क मार्फत आवश्यक ऋणको सिफारिस गर्ने व्यवस्था गरिनेछ । नगरपालिका भित्र संचालित बैङ्कहरुले आफुले प्रवाह गर्ने कर्जाको निश्चित प्रतिशत रकम औद्योगिक ऋणको रुपमा प्रवाह गर्ने व्यवस्था मिलाउन आवश्यक पहल गरिनेछ ।

३३. बैदेशिक रोजगारमा गएका युवाहरुलाई फर्किने बातावरण तयार गर्न कृषि, पर्यटन, उद्योग व्यापार, जडीबुटी खेती, पशुपालन र उर्जा उत्पादनको कार्यमा ठुलो लगानीको बातावरण तयारी गरी स्वदेशमै रोजगारीको सिर्जना गर्ने नीति लागु गरिनेछ ।

३४. कोभिड - १९ को महामारीले नेपालको अर्थतन्त्रमा पार्न सक्ने क्षतीलाई न्यूनीकरण गर्न अव सवै उत्पादनका कार्यमा लाग्नुपर्ने जरुरी देखिएको छ । बैदेशिक रोजगारबाट फर्किएका युवाहरुलाइ लक्षित गरि विना धितो कर्जा प्रवाह गरी युवाहरुलाइ स्वदेशमा स्वरोजगारका लागि प्रेरित गर्न **जन्मभुमि बनाउ कार्यक्रम** संचालन गरिनेछ ।

३५. स्वाँरा होमस्टेलाई व्यवस्थित गरी व्यवसायिकीकरण गरिएको छ भने मालिका मन्दिर, मुसिकोट दरबार, सालिमे दहलाई संरक्षण गरी आन्तरिक तथा बाह्य पर्यटक प्रबर्धन गर्न सहयोग भएको छ । मुसिकोट दरबार, मालिका मन्दिर, सालिमे दह, ढोडेनी बगर शहिद पार्क, स्मालि थान पार्कको विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर) तयार गरिएको छ । चालु आ.व. २०७७/०७८ मा मालिका मन्दिर, मुसिकोट दरबार, सालिमे दहमा महत्वपूर्ण पुर्वाधारका कामहरु भएका छन् । आर्थिक विकासको महत्वपूर्ण पक्षको रुपमा रहेको पर्यटन प्रवर्धनको लागि मुसिकोटमा रहेका महत्वपूर्ण ऐतिहासिक एवं सामाजिक धरोहरको संरक्षण एवं सम्वर्धन गर्न बिशेष पहल गरिने छ ।

३६. बडिगाड नदिमा राफ्टीङ (जल बिहार) संचालनको लागि प्रदेश सरकारद्वारा आयोजना गरिने लगानी सम्मेलनमा निजी क्षेत्रलाइ लगानिको लागि आब्ह्यान गर्न अवधारणा पत्र पेश गरोएको ब्यहोरा यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु । यसले गर्दा आन्तरिक एव् बाह्य पर्यटक आकर्षित हुने र प्रत्यक्ष /अप्रत्यक्ष रुपमा रोजगारी सिर्जना साथै स्थानिय अर्थतन्त्रलाइ चलायमान गराउने कुरामा बिश्वास लिन सकिन्छ ।

३७. बसाईसराईको तिब्र प्रवृतिलाई रोक्न "पख्नोस; हामी तपाईको लागि केही गर्दैछौं" भन्ने भनाई सहित दीर्घकालिन सोंचका साथ कार्यक्रम अगाडी बढाईने छ ।

३८. सहकारीहरुको विकास गरी रोजगारी सृजना, उत्पादन वृद्धि र वितरणमा तिनको भूमिका बढाइनेछ । स्थानीय सहकारीको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । स्थानीय स्तरमा सञ्चालनमा रहेका वित्तीय संस्था तथा सहकारी

संस्थाहरुको नियमन गरिनेछ। सहकारी संस्थाहरुसंग रहेको पूंजीलाई नगरपालिकाको विकासमा लगाउन प्रोत्साहन गरिने छ।

**नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,**

**सामाजिक विकास**

३९. "मानव क्षमताको आधारः शिक्षा" भन्ने शिक्षाको राष्ट्रिय नीति अनुरुप मुसिकोट नगरपालिकाको शैक्षिक व्यवस्थापनलाई व्यवस्थित गरिनेछ। विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका सबै विद्यार्थीहरुलाई विद्यालयमा भर्ना गरिने अभियानलाई निरन्तरता दिइनेछ। विद्यालयहरुको रङ्गरोगनमा एकरुपता ल्याईनेछ।

४०. बालशिक्षा शिक्षिका, बिद्यालयका सहायक कर्मचारी तथा लेखा कर्मचारीले खाइपाइ आएको तलवमान बृद्धि गर्ने गरी बजेटको ब्यवस्था मिलाइने छ।

४१. बिद्यार्थीहरुलाई विद्यालयमा विद्यार्थी **"ल्याउन, टिकाउन र सिकाउन"** "बिद्यालय दिवा खाजा" को कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ।

४२. शिक्षालाई सुचना प्रविधि मैत्री बनाउन पछिल्लो सूचनाको विकासलाई अवलम्वन गर्न शिक्षकहरुलाई तालिमको उपयुक्त व्यवस्था गरिने छ। विद्यालयहरुमा कम्प्यूटर, प्रिन्टर लगायतका सामानहरुको समूचित व्यवस्था गरिने छ। शिक्षाको गुणस्तर अभिबृद्धि गरी यंहाका विधार्थीहरु अन्यत्र जाने प्रबृत्तिलाई निरुत्साहित गरिने छ। नैतिक शिक्षा, सहकारी शिक्षा, उद्यमशिल शिक्षा जस्ता कुराहरुमा विशेष जोड दिईने छ।

४३. उमेर पुगेको शिक्षाबाट वञ्चित एव. पँहुच पुग्न नसकेको सम्पूर्ण बालबालिकाहरुलाई शिक्षाको मुलधारमा ल्याइनेछ। बालश्रम शोषण, बालविबाह बालहिंसा एवं बाल दुरव्यवहार न्युनिकरण गर्न यस सम्बन्धी कानुनहरुलाई प्रभावकारी रुपमा कार्यन्वयन गर्न पहल गरिनेछ। गैरसरकारी संस्थाहरुको समेत सहकार्यमा बालमैत्री टोल, वडा हुदै बालमैत्री नगर स्थापना गर्न आवश्यक पहल गरिनेछ।

४४. स्वास्थ्यकर्मीको वृत्ति विकास, क्षमता अभिवृद्धिमा ध्यान दिइनुका साथै स्वास्थ्य संस्थाहरुलाई आधुनिक र पूर्वाधारयुक्त बनाइने छ। वामी स्वास्थ्य चौकीलाई १५ शैयाको आधारभुत अस्पताल भवन बनाउने प्रक्रिया अगाडि बढी सकेको सन्दर्भमा आकश्मिक सेवा सहितको जनताको आवश्यकता अनुरुप अस्पताल सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ। जिरो होम डेलिभरी स्थानीय तह घोषणा गर्ने नीति लिइनेछ।

४५. नेपाल संघिय संरचनामा प्रवेश गरीसकेको अवस्थामा स्वास्थ्य सेवालाई गुणस्तरीय तथा सवैको पहुचमा पुर्याउनु स्थानीय सरकारको मुख्य दायित्व हो। तसर्थ मुसिकोट नगरपालिकाले नगर भित्र गुणस्तरीय स्वास्थ्य सेवामा सवै नागरिकहरुको पहुँचमा पुर्याउने नीति लिईने छ। नगरपालिकाले यस क्षेत्रका महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, सिमान्तकृत, अपाङ्ग सबैलाई आधारभूत स्वास्थ्य सेवाको प्रत्याभूति गराई सवै लिङ्ग, क्षेत्र, आर्थिक रुपले विपन्न, शारीरिक अशक्तलाई स्वास्थ्य सेवामा प्राथामिकता दिइने छ।

४६. हाल कोरोना संक्रमणको कारण श्री रुद्रावती बहुमुखी क्याम्पस, वामीमा संचालित अस्थाइ कोभिड अस्पताललाइ अझ ब्यवस्थित रुपमा संचालन गर्न र अन्य संक्रामण रोगहरुवाट जनतालाइ सुरक्षित गर्न छुट्टै संस्थागत ब्यवस्था गरिने छ।

४७. समुदायमा आधारभूत स्वास्थ्य सेवालाई सुदृढ गर्नको लागि महिला स्वास्थ्य स्वयम् सेविका प्रोत्साहन तथा स्वास्थ्य आमा समुहलाई पुनर्जागरण कार्यक्रमलाई निरन्तरता प्रदान गरिएको छ।

४८. चौविसै घण्टा संचालित वर्थिङ्ग सेन्टरहरुको लागि आधुनिक डेलिभरी टेवलको वितरण, वर्थिङ्ग सेन्टरको लागि सोलार सिस्टम वितरण, मु.न.पा. १, थामडाँडा र मुनपा ८, वामीमैदानमा शहरी स्वास्थ्य केन्द्रको स्थापना, आँपचौर स्वास्थ्य चौकीमा वर्थिङ्ग सेन्टरको स्थापना जस्ता स्वास्थ्य क्षेत्रमा केही महत्वपूर्ण उपलव्धी प्राप्त गर्न सफल भएका छौं।

४९. बिभिन्न स्वास्थ्य संस्थाहरुमा गरी ७ वटा एम्बुलेन्सहरु हाम्रा स्वामीत्वको रुपमारहेका छन्। यिनको प्रभावकारी रुपमा परिचालन गरी जनताको हितमा हुने गरी आवश्यक ब्यवस्था गरिने छ।

५०. आयुर्वेदिक तथा प्राकृतिक चिकित्सा पद्धतिलाई प्रवर्धन गर्न व्यवसायिकजडीबुटी खेतीलाई प्रोत्साहन गर्न सो को पहिचान र प्रयोगमा विशेष जोड दिईने छ। नगरपालिकामा एक आयुर्वेद केन्द्र स्थापना गर्न विशेष पहल गरिने छ।

५१. सस्कृति हाम्रो पहिचान हो। नगरपालिका क्षेत्रभित्र रहेका सम्पूर्ण धार्मिक स्थल, मौलिक संस्कृति, प्राचिन पोखरी, परम्परागत बाजागाजा, नाँच, चाडवाडको संरक्षणलाई प्राथमिकता दिई बजेट व्यवस्था र कार्यान्वयन गर्दै आएका छौं। मुसिकोट दरवारको नामवाट नगरपालिकको पहिचान झल्कीने हुँदा सोही अनुरुप मुसिकोट दरवारको पूर्वाधार निर्माणमा हामी जोड दिँदै आएका छौं। चालु आ.व.२०७७/०७८ मा स्थानिय सरकार र संघिय सरकारको लागत **एक घर एक धारा** साझेदारीमा महत्वपूर्ण पूर्वाधारका कामहरु सम्पन्न भएका छन्। यसको पहिचान झल्किने गरी बिकासको कामलाइ निरन्तरता दिइने छ

५२. बिकासको सामाजिक आयाम महत्वपूर्ण आयाम भएको र खानेपानी तथा सरसफाई कार्यक्रम अझ महत्व राख्ने आयाम भएकोले यसलाई नगरपालिकाले उच्च प्राथमिकताको रुपमा स्वीकार गर्दै दिगो खानेपानी अवधारणा अनुसार नीति अनुरुप संचालित खानेपानी योजनाहरुको लागि बजेटको सुनिश्चिता गरि एकघर एक धारामा जाने सबै योजनाहरुलाई दिगो खानेपानी सञ्चालन गर्ने नीति अनुरुप जनताका प्रत्यक्ष अनुभुत गर्ने गरि खानेपानी योजनाहरु कार्यान्वयन भइरहेका छन। चालु आ.व. २०७७/०७८ मा संघ, प्रदेश र स्थानिय तहको बजेटवाट महत्वपूर्ण खानेपानीका योजनाहरु कतिपय सम्पन्न भएका छन् भने कति योजनाहरु सम्पन्नको चरणमा रहेका छन्। एक घर एक धाराको अभियान अन्तर्गत आगामी आ.व.२०७८/०७९ मा सम्पन्नको चरणमा रहेको ब्यहोरा यस सम्मानित सभा समक्ष जानकारी गराउन पांउदा आफुलाइ गौरवान्वित महशुस गरेको छु। खानेपानी तथा सरसफाई कार्यक्रमलाई नगरपालिकाको उच्च प्राथमिकताको रुपमा स्वीकार गर्दै दिगो खानेपानी अवधारणा अनुसार एक घर एक धारा नीति अनुरुप संचालित खानेपानी योजनाहरुको लागि बजेटको सुनिश्चिता गरिनेछ। साथै एकघर एक धारामा जाने सबै योजनाहरुलाई दिगो खानेपानी सञ्चालन कार्यविधि अनुसार संचालन गर्ने नीति लिईनेछ।

५३. पुराना कला साहित्य र संस्कृतीलाई संरक्षण र सम्बद्र्धन गर्न बिशेष सांस्कृतिक महोत्सव तथा मेलाहरुको आयोजना तथा प्रवद्र्धन कार्यलाई निरन्तरता दिइनेछ। ऐतिहासिक, धार्मिक, पुरातात्विक, सांस्कृतीक, भेषभुषा, उत्पादनमा प्रयोग हुने समाग्रीहरु आदि झल्किने गरी विस्तृत बस्तुचित्र सहितको नगरस्तरीय संग्रलाय स्थापना गरिनेछ। विभिन्न जात जातिहरुसँग सम्बन्धित रितिरिवाज तथा परम्परा बमोजिमका लोक गित, झ्याउरे गित, भजन, घाटु, संराय, भैलो, नौमति बाजा, कौरा, सोरठी, घ्याम्पे नाँच, लाखे, जात्रा आदिको संरक्षण तथा प्रवद्र्धन गरिनेछ।

५४. ज्येष्ठ नागरिकहरुको स्वास्थ्य जटिलतालाई ध्यानमा राखी क्रमशः स्वास्थ्य विमा र स्वास्थ्य शिविर कार्यक्रम संचालन गरिने छ तथा ८४ वर्ष पुरा भएका जेष्ठ नागरिकहरुलाई घरमै गई आधारभूत स्वास्थ्य उपचार उपलब्ध गराइनेछ। समाजमा जेष्ठ नागरिकहरुलाई सम्मानपूर्वक जिउने बातावरण सिर्जना गरिनेछ। जेष्ठ नागरिक विश्राम, मनोरञ्जन तथा योगाभ्यास पार्क निर्माण गरिनेछ।

५५. दलित समुदायमा रहेको परम्परागत व्यवसाय तथा सिपलाई समयानुकुल आधुनिकीकरण यान्त्रीकरण र व्यवसायमुखि वनाउन क्षमता अभिवृद्धी, शिक्षा, तालिम र अन्य सहयोग उपलब्ध गराईने छ। समाजमा कला कौशलको धनी दलित समुदायको परम्परागत सिपलाई आधुनिकिकरण गर्दै उद्योगको रुपमा विकास गरिने नीति अवलम्बन गरिनेछ।

५६. नगरपालिकाको टोल, वडास्तरमा महिला समूह, समिति र सहकारी संस्था स्थापना गरी महिलाहरुको सशक्तिकरण तथा आयआर्जनमा बृद्धि गरिनेछ । लैंगिक हिँसा, घरेलु हिंसा सम्बन्धी जनचेतनामुलक कार्यक्रम संचालन गरी हिंसा विरुद्धको कानूनलाई कडाइका साथ कार्यान्वयनमा जोड दिइनेछ । महिलाको क्षमता अभिवृद्धिका लागि सिपमुलक, चेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

५७. आदिवासी जनजातिहरुको भाषा संस्कृती र भेषभुषा सम्बन्धी सशक्तिकरण कार्यक्रम संचालन गरिनेछ । आदिवासी जनजातिसँग सम्बन्धित पुरातात्विक बस्तु संग्रहालयलाई थप व्यवस्थित गर्दै लगिनेछ । आदिवासी जनजातिहरुको नमुना बस्ती विकास, भाषालिपी, भेषभुषा संरक्षण गर्नको लागि अध्ययन गरिनेछ ।

५८. खेलकुद क्षेत्रको विकासका लागि खेलकुद मैदानहरुको निर्माण तथा खेलकुद प्रतियोगिताको आयोजना गर्ने काम मुसिकोटको प्राथमिकताको विषय हो । आ.व. २०७४/०७५ मा सम्पन्न मेयर कप खेलकुद प्रतियोगिता र तत्पश्चात सम्पन्न नगर स्तरिय अन्तर बिद्यालय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता चालु आ.व.मा पनि सम्पन्न गरिएको र आगामी आ.व.मा पनि निरन्तरता दिईने छ । ग्वादिका चौर खेल मैदानलाइ पूर्वाधार यूक्त बनाइने छ । थुम पार्क पिकनिक स्पट र कभर्डहल निर्माणलाई क्रमागत योजनाको रुपमा राखी सुविधा सम्पन्न पिकनिक स्पट र खेलकुद गतिविधि संयूक्त रुपमा विकास गर्न चालु आ.व.मा पनि थप पूर्वाधारको काम सम्पन्न भएको छ । कभर्डहल निर्माणको काम प्रदेश सरकारको लागत साझेदारीमा प्रक्रिया अगाडी बढी सकेकोमा यसलाई निरन्तरता दिईनेछ । खेलकुदको हिसावले मुसिकोट नगरपालिकामा पूर्वाधारहरुको निर्माणभई सकेका र यिनलाई थप सुविधा सम्पन्न बनाई नगरपालिकालाई Sports Tourism को रुपमा विकास गर्ने दीर्घकालीन सोंच रहेको छ ।

५९. नदी किनाराका कुमाल वस्ती, लेक–बेसी क्षेत्रका मगर बस्ती, गुरुङ्ग, वस्ती, स्थानीय बजार क्षेत्रका नेवार वस्ती र यत्रतत्र रहेका ब्राहमण, क्षेत्री, ठकुरी, दशनामी, दलित समुदाय समेतको मिश्रित जनसंख्या, तीनका विभिन्न थर र उपजातीले सिंगारिएको मुसिकोट नगरपालिका भित्र तत् तत् जातीका चाडपर्व रिती रिवाज, भेषभुसा र साँस्कृतिक चालचलन संरक्षित छन् । मारुनी, सोरठी, धाटु, झाम्रे, लाखे, दोहरी, भजन, कीँतन र सरायँ सहितका विविध नाचगानले रङ्गीन हाम्रो समाज साँस्कृतिक सम्पदाले पनि धनी छ । सालिमे आश्रम, छत्रभुमी, देउराली, मालिका, इष्माली थान, अकला देवी मुसिकोट दरबार,थुममाई , पँधेरा शिवालय, राधाकृष्ण मन्दिर, ब्रहमकुमारी आश्रम र सिद्धेश्वरी–कोटेश्वरी गुफा जस्ता यहाँका स्थानीय तिर्थस्थलहरु लाई लक्षित गर्दै र विविध धर्माबलम्बीका मठ–मन्दिर, गुम्बा, मार्फत हुने पुजा–प्रार्थना र रहन सहनलाई एकताबद्ध बनाई सांस्कृतिक विकासका विविध क्रियाकलापहरुलाइ प्रबर्धन गर्ने कार्यलाइ प्राथमिकता दिइने छ ।

**भौतिक पूर्वाधार बिकास**

६०. विकास र वातावरणलाई तादाम्यता कायम गरी पूर्वाधार विकासको कामलाई अगाडि बढाईने छ । यस नगरपालिकाको सडक सञ्जाल ब्यापक विस्तार भईसकेको सन्दर्भमा सो को स्तरोन्नती गर्न संघ र प्रदेश सरकारसँग विशेष पहल गरिनुका साथै नगरपालिकाको आफ्नो श्रोत परिचालनमा विशेष जोड दिईने छ । "हाम्रो सडक, हाम्रो सहभागिता, स्तरीय सडक, हाम्रो प्रतिवद्धता" अनुरुप नगरपालिका भित्रका सडकहरुमा स्थानीय जनताहरुको सहभागितामा नाली निर्माण कार्यक्रमलाई निरन्तरता दिईने छ ।

६१. विकासका सबै आयामहरुले समेटिएको विकासको निम्ति **"दीगो विकासका लक्ष्यहरु" (Sustainable Development Goal- SDG)** तर्फ केन्द्रित रही गतिविधिहरु अगाडी बढाइनेछ ।

६२. मुसिकोटलाइ सडक सन्जालले जोड्ने परिकल्पना गरिएको र मुसिकोटको Life Line को रुपमा रहेको नगरपालिकाका वडा नं. १, २, ३ र ४ समेट्ने, र वडा नं. ५, ६, ७, ८ र ९ समेट्ने गरी निर्माण हुने दुई वटा चक्र पथ भौतिक पूर्वाधारको नमूना हो र नमूनाकै रुपमा बिकास गर्ने हाम्रो सोंच रहि आएको छ ।

६३. नगरपालिका क्षेत्र भित्र संचालन हुने यात्रुबाहक सवारी नियमित, व्यवस्थित गरिनुका साथै यात्रु भाडा दर दुरीको आधारमा सरोकारवालाहरुको सहयोगमा समाधान गरिने नीति लिईने छ। प्रत्येक वडाको एउटा प्रमुख सडक पहिचान गरी स्तरोन्नती गरिनेछ। सडक सञ्जाललाई नियमित गर्न लेन्थ वर्करको व्यवस्था गरिनेकार्यलाइ निरन्तरता दिइने छ।

६४. वातावरणीय प्रभावहरुको मूल्याङ्कन गरी सडकहरुलाई प्राथमिकताका आधारमा स्तरोन्नती गर्दै लगिनेछ। सडकको स्तरोन्नतीका लागि सम्बद्ध सबै निकायसँग समन्वय गरिनेछ। आवश्यक स्थानमा कल्भर्ट निर्माणलाई प्राथमिकता दिइनेछ। नगरपालिका क्षेत्रभित्रका भित्रि बाटोहरुमा नालीको व्यवस्था गरी बर्षा याममा समेत ग्रामिण यातायातको सुनिश्चितता गरिनेछ।

**६५.** प्रधानमन्त्री रोजगार कार्यक्रम र मुख्यमन्त्री ग्रामिण तथा रोजगार कार्यक्रम जस्ता विकास गतिविधिहरु संघीय सरकार र प्रदेश सरकारद्वारा स्थानिय सरकारको विकास गतिविधिहरु संचालन गर्न प्राप्त कार्यक्रम भएकोले हाम्रो आवश्यकता र वस्तुस्थिति अनुरुप प्रचलित कानून बमोजिम प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ। प्रधानमन्त्री रोजगार कार्यक्रममा अधिकतम बेरोजगार ब्यक्तिहरुलाई सूचिकृत गर्न प्रोत्साहन गरिने छ। नगरपालिकामा ठेकेदार कम्पनीवाट सम्पन्न गरिने योजनाहरुमा सूचिमा परेका ब्यक्तिहरुलाई काममा लगाउनु पर्ने कुरालाई कानून बमोजिम कार्यान्वयनमा जोड दिइने छ।

६६. पूर्वाधार विकासका काममा युवा र महिलाहरुलाई कामका लागि पारीश्रमिकमा आधारीत भई आकर्षित गर्ने गरी कार्यक्रम सञ्चालन गरिने छ।

६७. योजना कार्यान्वयनलाई प्रभावकारी बनाउन अनुगमन/मूल्याङ्कन विधिलाई चुस्त र नतिजामुखी बनाईने छ र **"अनुगमनको अनुगमन"** गर्ने कार्यको शुरुवात गरिने छ।

६८. निर्मित सार्वजनिक सम्पत्तिको सुरक्षा गर्न बजेटको ब्यवस्था गरिने छ। सडक लगायत निर्मित सार्वजनिक सम्पत्तीको संभार एवं मर्मत संभारको लागि एक मर्मत संभार कोषको साथै बजेटको ब्यवस्था गरिने छ।

६९. नगरपालिका भित्र सार्वजनिक पुर्वाधार निर्माण गर्दा महिलामैत्री, बालमैत्री, अपाङ्गमैत्री तथा वातावरणमैत्री संरचना निर्माणमा जोड दिने विषयलाई निरन्तरता दिई कार्यान्वयन गरिनेछ।

७०. नगरपालिका केन्द्रको आफ्नो स्वामीत्वमा रहको र जग्गा प्राप्तीवाट खरिद भएको कारिव १२ रोपनी जग्गामा बोलपत्र आब्ह्यन भइ प्रशासकिय भवन निर्माणको काम अगाडि बढाउन संघिय सरकार र नगरपालिकाको ५०:५० को लगानीमा करिब १० करोडको लगानीमा बहुवर्षिय ठेक्का प्रक्रिया अगाडी बढेको र चालु आ.व. मा उल्लेख्य भौतिक एवं बित्तिय प्रगती भएको ब्यहोरा यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु।

७१. नगरपालिकामा गत आ.व. २०७६/०७७ मा एक वटा हेली प्याड (वडा नं ७ ) निर्माण भई सकेको छ। अन्य वडाहरुमा पनि आवश्यकतानुसार हेलिप्याड निर्माण गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।

७२. नगरपालिकावाट निर्मित तथा वडाहरुबाट प्राप्त सम्पुर्ण योजनाहरुको परियोजना बैंक (Project Bank) तयार गरिने छ। नगरपालिकाको विकासको लागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत, मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई कार्यान्वयन गरिने प्रक्रियालाइ अगाडि बढाइने छ।

७३. नगरपालिका भित्रका स्थानहरुको पहिचान गरी नमूनाको रुपमा ईको सिटी (Eco-City) र टुरिजम सिटी (Tourism City) निर्माणको लागि आवश्यक संभाब्यता अध्ययनको प्रक्रियालाई अगाडि बढाईने छ।

७४. नगरपालिकाको पहिचानको रुपमा नगरपालिकको केन्द्र र अन्य वडाहरुमा आवश्यकता पहिचान गरी बस पार्कको लागि जग्गा प्राप्ती गर्न बिशेष पहल गरिने र पूर्वाधार निर्माणको लागि प्रक्रिया अगाडी बढाइने छ। वामीटक्सार पार्क, जेष्ठ नागरिक विश्राम तथा मनोरञ्जन पार्क, उद्योग ग्राम, फोहोर प्रशोधन केन्द्र, प्रत्येक वडामा (बगैचा, पोखरी, प्रतिक्षालय, पैदल मार्ग

भएको) कम्तिमा एउटा स्मार्ट मनोरञ्जन पार्क निर्माणको काम मुसिकोटका प्राथमिकताका बिषयहरु हुन् । श्रोत साधनको लागि संघिय सरकार एवं प्रदेश सरकारसँग बिशेष पहल गरिनेछ ।

७५. नगरपालिका भर ५० प्रतिशत जनसहभागिता जुटाई सिंचाई गर्नका लागि कुलोहरु निर्माण, मर्मत तथा व्यवस्थापन गर्ने काम प्राथमिकताका साथ अगाडी बढाई सकिएको छ । सिंचाईका लागि प्रयोग हुने जलाधार क्षेत्र, मुहानको खोल्सीहरुमा पानी रिजर्वका लागि अपनाईने संरक्षण पद्धती लागु गराईने छ । छोटो दुरीमा हुन सक्ने अवस्थामा लिफ्ट सिंचाई गराई सिंचित क्षेत्र विस्तार गरिने छ । लिफ्ट सिंचाईमा प्रयोग हुने मोटर र पाईप र वाईरिङ्गको ५० प्रतिशत अनुदान दिने नीति लाई निरन्तरता दिइने छ ।

७६. नगरपालिका भित्रका सार्वजनिक, पर्ति तथा ब्यक्तिगत जग्गा बाहेकका जग्गा अतिक्रमण हुन नदिने र भएको भए त्यसलाई सुरक्षित गर्न उपयूक्त नीति अवलम्बन गरिने छ ।

७७. यस नगरपालिका भित्र रहेका भौतिक पूर्वाधार निर्माण गर्दा अपाङ्गता मैत्री बनाउने नीति लिइनेछ । नगरपालिका भित्रका फरक क्षमता भएका व्यक्तिहरुको क्षमता विकासका लागि कार्यक्रम बनाई लागु गरिनेछ । अपाङ्गता भएका व्यक्तिहरुको सहज जीवनयापनका लागि आवश्यकताका आधारमा शिपमुलक तालिम तथा सशक्तिकरण गर्ने नीति लिनइने छ ।अपाङ्गले संचालन गर्ने व्यवसायलाई अनुदान दिने सुलभ ऋणको लागि सिफारिस गरिनेछ ।

७८. बिद्युत आपूर्तिलाइ भरपर्दो बनाउन नगरपालिकाको मुकाम लगायत अन्य बस्तीहरुमा राष्ट्रिय प्रशारण लाईनको विस्तार गरिएको र बिस्तार हुन नसकेका अन्य वस्तीहरुमा पनि राष्ट्रिय प्रशारण लाईनको विस्तारलाइ थप निरन्तरता दिइने छ । नगरपालिका भित्र रहेका सम्पूर्ण साना तथा लघु जलविद्युत आयोजनाहरुलाई एकीकृत गर्दै ग्रीडिङ, विद्युत प्राधिकरणसँग समन्वय गरी विक्रीको सुनिश्चित गर्ने काम अगाडी बढाउन बिशेष पहल गरिने छ ।

७९. उज्यालो नगरपालिका अन्तर्गत बैकल्पीक उर्जाको माध्यमवाट सौर्य सडक बत्ति जोड्ने कामलाइ चालु आ.व.मा कतिपय वडाका महत्वपूर्ण स्थानहरुमा जडान गरिएको र यस लाइ अझ बिस्तार गर्न बैकल्पीक उर्जा प्रबर्धन केन्द्रसंग समन्वय गरिने छ ।

८०. सुरक्षित नागरिक आवास अन्तर्गत गत आर्थिक वर्षमा नै मुसिकोट नगरपालिका खरका छाना मुक्त नगरपालिकको नजिक पुगि सकेको र आगामी आ.व. २०७८/०७९ मा खरका छाना मुक्त नगरपालिकाको घोषणा गरिने छ ।

**वातावरण तथा बिपद् ब्यवस्थापन सम्वन्धी**

८१. चारैतिर सदाबहार खोलानाला र नदीहरु प्रवाहित मुसिकोट नगरपालिकामा प्रसस्तै मात्रामा जल सम्पदा रहेकोले नगरको समृद्धिका लागि हामीसँग भएको जल सम्पदाको अधिक उपयोग गर्दै जलविद्युत, पर्यटन तथा पर्यावरणीय विकास र ठुला सिँचाई परियोजना निर्माणका लागि आवस्यक योजना निर्माण गरि कार्यान्वयनमा लगिनेछ ।

८२. वातावरण संरक्षणमा कृयाशिल सामाजिक व्यक्तित्व, संस्था वा समूहको श्रम सहयोगमा वृक्षारोपण, वन नर्सरी, पदमार्ग, पोखरी तथा चौतारी निर्माण तथा भु–संरक्षणका लागी विशेष व्यवस्था गरीने छ । वन जंगल, जलाधार क्षेत्रको उचित संरक्षण गर्न अतिक्रमण अवैध निकासी पैठारी नियन्त्रणका कार्यक्रम संञ्चालन गरिनेछ । सार्वजनिक महत्वका पोखरी निर्माण र संरक्षण, नदि–खोला तटबन्ध र भल व्यवस्थापन, बाटीका निर्माण र भू–संरक्षण, चौपारी निर्माण र बृक्षारोपण गर्ने समुदाय, संस्था, समूह (व्यक्ति समेत) लाई आवश्यक निर्माण सामाग्री दक्ष मिस्त्री तथा प्राविधिकको सेवा उपलब्ध गराई वातावण संरक्षण तथा स्वच्छ वातावरण निर्माणमा साझेदारी मार्फत व्यापक सहयोग दिने नीति अवलम्बन गरिनेछ । भू-क्षयवाट अति प्रभावित क्षेत्रको पहिचान सहित सो नियन्त्रणको लागि नगरपालिकाको आफ्नै पहल एवं संघ र प्रदेश सरकारसंगको सहकार्यमा नियन्त्रण कार्यक्रम अगामाडि बढाइने छ । वडा नं ०१ स्थित फुस्रे पहिरो लगायत वडा नं ०२ को प्रभावित र अन्य क्षेत्रमा रहेका जोखिम क्षेत्रहरुको पहिचान गरी आवश्यक पहल गरिने छ ।

८३. फोहोरमैला बिसर्जनको लागि डम्पीङ साइट निर्माणको काम नगरपालिकाको प्राथमिकताको बिषय हो । आगामी आ.व. २०७८/०७९ मा संघिय सरकारको बिशेष अनुदान अन्तर्गत डम्पीङ साइट निर्माणको लागि योजना माग गरिएको, फोहर मैला उत्सर्जन गर्न उत्सर्जन स्थलमा नै कुहिने र नकुहिने फोहर छुट्याउने र कुहिने फोहोरमैला मल बनाई करेसाबारी प्रयोग गर्ने गराउने र बजार क्षेत्रमा फोहोरको राम्रो व्यवस्थापन गर्ने व्यक्तिलाई पुरस्कृत गर्ने कार्य गरिनेछ। फोहरमैला ब्यवस्थापनको लागि ल्याण्ड फिल्डसाइट निर्माण गर्न जग्गा प्राप्ती एवं सम्भाब्यता अध्ययन गर्न आवश्यक बजेटको ब्यवस्था गरिने छ।

८४. नगर स्तरीय विपद् व्यवस्थापन सम्बन्धी आकस्मिक राहत कोष खडा गरिने र उद्धार कार्यको लागि राहत सामाग्री र जनशक्ति सम्बन्धी आवश्यक नीति तर्जुमा गरिनेछ । नगरपालिका स्तरीय विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना बनाई कार्यान्वियन गरिनेछ।

८५. कोभिड - १९ को महामारीसंग जुध्ने स्वास्थ्यकर्मी तथा कर्मचारीको मनोवल बृद्धि गर्न संधीय सरकारले तोकेको मापदण्ड भित्र रही स्वास्थ्यकर्मी तथा कर्मचारीलाइ प्रोत्साहन भत्ताको ब्यवस्था गरिनेछ।

**न्याय सम्पादन**

८६. न्याय सम्पादन तथा मेलमिलापलाई उच्च प्राथमिकतामा राखी प्रत्येक वडामा मेलमिलाप केन्द्र गठन र मेलमिलापकर्तालाई तालिम दिइ न्यायलाई छिटो छरितो बनाउने कार्यमा नगरपालिका अग्रसर रहेको कुरा नगरवासीले अनुभूत गरेका छन । यसको प्रतिफल स्वरुप न्यून उजुरी संख्या र उच्च फछर्यौटले न्यायीक क्षेत्र हाम्रो सन्तोषजनक रहेको अनुभूत गर्न सकिन्छ।

८७. आगामी आ.व.२०७८/०७९ मा न्यायिक समितिको कामलाई छिटो /छरितो, पंहुच योग्य र सहज बनाईने छ। गत आ.व. २०७६/०७७ मा प्रत्येक वडावाट ३/३ जनाका दरले मेलमिलाव कर्ताको तालिम सम्पन्न भईसकेको छ। न्यायिक समितिमा पर्न आएका उजुरीहरु अत्यधिक फछर्यौट भएका छन्। न्यायिक समितिको कामलाई अझ प्रभावकारी बनाईने छ। समाजमा व्याप्त महिला हिंसालाई रोक्न सामाजिक अभियान सञ्चालन गरिने छ। समाजमा दबिएर रहेका हिंसा जन्य गतिविधि रोक्न न्यायिक समितिलाई आवश्यक बजेटको ब्यवस्था गरी सरकारी/गैरसरकारी संस्थाहरुसँग आवश्यक समन्वयसमेत गरिने छ।

८८. सर्वसाधारणलाई नविनतम कानूनी अवधारणा प्रदान गर्नको लागि प्रत्येक वडामा कानुनी सारक्षता कार्यक्रम संचालन गरिनेछ । प्रत्येक वडामा मेलमिलाप केन्द्र मार्फत सानातिना विवादको समाधान गरिनेछ । मेलमिलाप केन्द्रलाइ थप ब्यवस्थित बनाउन मेलमिलाप कर्ताहरुलाइ तालिमको ब्यवस्था गरिने छ।

## संस्थागत विकास सेवा प्रवाह र सुशासन

८९. संबिधान बमोजिम स्थानिय सरकार जनताको सबैभन्दा नजिकको सरकार भएको र नेपालको सन्दर्भमा नौलो अभ्यास रहेको हुंदा केही समय यस नौलो ब्यवस्थाका अभ्यासहरुको सिकाइमा समय खर्च हुन गएतापनि जनताको घर आगनको सरकार हुनुको नाताले जनताका प्रत्यक्ष सरोकारका विषयमा सरकार लागि रहेको छ । सरकारको शासकिय अभ्यासहरुमा हाम्रा अनुभवहरु नौला छन्। शुरुका दिनहरु हाम्रा लागि नितान्त नौला भएका कारण कमी कम्जोरी हुनु स्वाभाविक हो ता पनि सबै पक्षहरुको सद्भाव एवं जनप्रतिनिधिहरु र कर्मचारीहरुको अथक प्रयासवाट स्थानीय नागरिकहरुले स्थानीय सरकारको अनुभुती गर्न सक्ने अवस्था श्रृजना भएको छ।

९०. पारदर्शिता र जवाफदेहीता जस्ता सुशासनका मूलभूत पक्षहरुलाई ध्यान दिंदै सार्वजिनक सेवा प्रवाहलाई जनउत्तरदायी तथा नतिजामुखी बनाइने छ । नगरपालिका र अन्तर्गत कार्यालयहरुमा "मुस्कान सहितको सेवा प्रवाह" मा उत्कृष्ट दक्षता प्रदर्शन गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने कार्यलाई कार्यान्वयन गरिनेछ । सार्वजनिक सेवा प्रवाहको मार्गदर्शनको रुपमा नगरपालिका र वडा कार्यालयहरुमा नागरिक वडापत्र कार्यान्वयनमा ल्याई सकिएको छ। सो को प्रभावकारी कार्यान्वियनमा जनचेतना अभिबृद्धि गरिने छ। समयको माग बमोजिम क्षतिपूर्ति सहितको नागरिक बडापत्र कार्यान्वयनमा ल्याउन आवश्यक कानूनको तर्जुमा गर्न पहल गरिने छ।

९१. नगरपालिकाबाट गरिने सम्पूर्ण क्रियाकलापहरु जस्तै जनहितका लागि सन्देश, प्रगती विवरण, बुलेटिन, नीति तथा कार्यक्रम, नगर कार्यपालिका, नगर सभाबाट गरिने निर्णय, नगरपालिकाद्वारा प्रशारित कार्यक्रमहरु, स्थानीय सामुदायिक रेडियो तथा सञ्चारकर्मीहरुसँग समन्वय गर्दै सूचना प्रवाह छिटो छरितो पारदर्शिरुपमा गरिनेछ। स्थानीय स्तरमा संचालित सूचना तथा संचारका माध्यम रेडियो, पत्रिका, अनलाईन पत्रिकालाई प्रोत्साहन गर्ने नीति लिइनेछ।

९२. संविधानद्वारा प्रत्याभूत स्थानियतहको अधिकार समवन्धी व्यवस्था कार्यान्वयन गर्न तथा संघ, प्रदेश र स्थानीय तह बीचको सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता, सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न स्थानीय नेतृत्वको विकास गर्न उपयूक्त कार्यक्रमहरु अगाडि बढाईने छ।

९३. स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने सम्बन्धमा भएको कानूनी व्यवस्थालाई कार्यान्वयनमा जोड दिईने छ। कर्मचारीहरुको क्षमता अभिबृद्दि गरी समयमै सामान आपुर्ति र निर्माण कार्य सम्पन्न गर्न बिशेष प्राथमिकता दिईने छ। सार्वजनिक खरिद प्रक्रियामा सुधारको लागि आवश्यक कानून निर्माण गरी सरलीकरण प्रक्रिया अवलम्बन गरिने छ।

९४. नगरपालिका भित्रका विद्यालय, स्वास्थ्य संस्थाहरु र अन्य बिद्युतीय हाजिरी जडान हुन बांकी सरकारी कार्यालयहरुमा बिद्युतीय हाजिरी आगामी आ.व. भित्रमा जडान गरि सकिने र इन्टरनेट सेवालाई क्रमश: बिस्तार गर्दै लगिने छ।

९५. "सेवाको वरीपरी जनता होईन, जनताको वरीपरी सेवा" भन्ने भावना सहित सेवाग्राहीलाई सम्मानपुर्वक सेवा प्राप्त गर्ने अवसर सिर्जना गरिनेछ। जनताको नजिकको सरकारको नाताले सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, भरपर्दो, नागरिक मैत्री बनाई सुशासनको प्रत्यक्ष अनुभूती दिलाइने छ। घरदैलोको सरकारको नाताले सेवाग्राहीका गुनासा तथा सुझावहरु सम्बन्धित नजिकको पदाधिकारी समक्ष सोझै पठाउने सक्ने व्यवस्था मिलाइनेछ। कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता अभिवृद्धिका लागि कार्यक्रमहरु सञ्चालन गरिने छ।

९६. काम सम्पादन गर्ने क्रममा हाम्रा मात्र प्रयासहरु अप्रयाप्त हुन सक्छन। अरु स्थानीय सरकारहरुको अनुभवबाट सिक्न र नगरपालिकामा अवलम्वन गर्न प्रतिनिधि/कर्मचारी सम्मिलित अध्ययन, अवलोकन भ्रमण कार्यक्रमलाई प्राथमिकता दिइने छ। अन्य स्थानिय तहहरुसंगको सहकार्यमा संयूक्त लगानीमा योजना तर्जुमा र कार्यान्वयनलाइ प्राथमिकता दिइने छ।

९७. आजको युग सूचनाको युग हो। हाम्रा गतिबिधिहरु नागरिकलाई शीघ्रातिशीघ्र सूचना प्रदान गर्न नगरपालिकाको वेवसाइट नियमित अपडेट गरी सूचना सार्वजनिक गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ। नगरपालिकाको वार्षिक कार्यक्रम तथा बजेट, कानून, निर्णय, पुस्तिका प्रकाशन, स्थानीय पत्रपत्रिका, एफ.एम. मार्फत सार्वजनिकीकरण गरिने कार्यलाई प्राथमिकता दिईने छ। सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नेहरुको नामावली वडा कार्यालयको सूचना पाटी र कार्यालयको वेवसाइट मार्फत सार्वजनिक गरिनेछ। कार्यालयका गतिविधिहरु सार्वजनिक सुनुवाई, सार्वजनिक लेखापरिक्षण र होर्डिङ्ग बोर्ड मार्फत सार्वजनिक गर्दै नागरिकको सूचनाको हकको सम्मान गर्ने कार्यलाई अझ प्रभावकारी बनाईनेछ।

९८. नगरपालिकाद्वारा निर्मित सम्पर्ण कानूनहरु स्थानिय राजपत्रमा प्रकाशन गर्ने कार्यलाई निरन्तरता दिईने छ।

९९. नगरपालिकामा एक व्यवस्थित सूचना तथा अभिलेख केन्द्रको स्थापना गर्ने साथै नगरपालिका भित्र रहेका प्रत्येक घर परिवारको पूर्ण लगत राख्ने कार्य गरिनेछ। नगरपालिकाबाट वडा कार्यालय, पदाधिकारी तथा कर्मचारीहरुलाई गरिने पत्राचारमा एस.एम.एस. प्रणालीको अवलम्बन गर्ने कार्यलाई निरन्तरता दिंदै पछिल्लो अत्याधुनिक प्रविधि अवलम्वन गर्ने कार्यलाई विशेष प्राथमिकता दिईने छ।

१००. नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्थाहरुका लागि आवश्यक फर्निचर, मेशीनरी औजार लगायत पूर्वाधारको व्यवस्थापन गरी उचित कार्य वातावरणको सिर्जना गरिनेछ। कर्मचारीको क्षमता विकासका लागि तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

१०१. नगरपालिकाले सञ्चालन गर्ने कार्यक्रमहरुमा नागरिकको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने कार्यलाई आवश्यक अध्ययन गरी उपयूक्त नीति अवलम्वन गरिने छ । वार्षिक विकास कार्यक्रमहरुको छनौट, कार्यान्वयन, अनुगमनमा सार्वजनिक, निजि र सहकारी क्षेत्रको सहभागितामूलक योजना पद्धतिको अवलम्बन गरिनेछ । विकासका गतिविधिमा नागरिक अपनत्व अभिवृद्धिमा विशेष जोड दिइनेछ ।

१०२. राष्ट्रसेवक कर्मचारीहरुको मनोवल उच्च राख्नको लागि कार्यसंम्पादनमा आधारीत प्रोत्साहन भत्ता लगायत उत्प्रेरणात्मक गतिबिधि संचालन गरी कार्यान्वयन गरिने छ । कर्मचारीको क्षमता बिकास गर्न नगरपालिकाको आफ्नै श्रोतवाट क्षमता बिकास तालिम लगायत अन्य संघ एवं प्रदेश सरकार एवं तालिम केन्द्रहरुवाट आयोजना हुने तालिम कार्यक्रमहरुमा सहभागि गराइने छ ।

१०३. प्रदेश सरकारले निर्धारिण गरेको कानून बमोजिम जनप्रतिनिधिहरुलाई तोकेको सेवा सुविधाहरुको लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।

१०४. जनसभागितालाई उत्साह पूर्वक जुटाउन टोलटोलमा निर्माण प्रकृया, सरसफाई, वित्तिय अनुसाशन, बातावरण प्रवद्र्धन, बालबालिका, महिला, जेष्ठ नागरिक अपाङ्ग, सुशासन, विकास निर्माणका जनताको पँहुच वस्ती विकास आदिलाई मध्यनजर गरी **टोल विकास संस्था** गठन प्रकृया अगाडी बढाइनेछ ।

१०५. नगरपालिकाको नीति, कानून, मापदण्ड, निर्णय कार्यान्वयन, सार्वजनिक सम्पति, नगरको सुरक्षा तथा संरक्षण, विपद व्यवस्थापनका लागि नेपालको संविधानको धारा २२६ को अधिनमा रही नगर प्रहरी संचालन तथा व्यवस्थापन गरिनेछ ।

१०६. जतालाई दिने सेवा छिटो छरितो र योजनाबद्ध ढंगले सम्पन्न गर्नका लागि एउटा **"योजना कार्यान्वयन तथा खरिद परामर्श समिति"** गठन गरिनेछ, जसले गर्दा आगामी आर्थिक वर्षमा जेष्ठ मसान्त भित्र काम सम्पन्न भई आषाढ पहिलो हप्तामा नै भुक्तानी भैसक्ने छ । योजना अनुसार खरिद गर्नुपर्ने सामाग्री, मेसिन, औजार, फर्निचर आदि समयमै थप पारदर्शी ढंगले सम्पन्न हुने छ । सार्वजनिक सुनुवाईलाई निरन्तरता दिईने छ ।

**अन्त्यमा,**

१०७. गत आ.व. हरुमा कार्यान्वयन भएका योजना/कार्यक्रमहरुबाट सकारात्मक परिणामहरु देखिएका हन् । चालु आ.व.को समाप्तिसँगै हाम्रो यस मुसिकोट नगरपालिकाले विकासको क्षेत्रमा नयाँ मोड लिने प्रशस्त आधारहरु तयार भएका थिए तर विश्वब्यापी प्रकोपको रुपमा फैलिएको कोरोना भाईरस (COVID-19) को असर र प्रभाव नेपाल एवं गुल्मी जिल्ला र हाम्रो नगरपालिकामा समेत परेको ब्यहोरा अवगतै छ । हाम्रा विकासका गतिबिधिहरु मध्ये बोलपत्र एवं सिलवन्दी दरभाउपत्रद्वारा ३० वटा कार्यक्रम अगाडि बढेकोमा प्रकोपको कारण मालसामान एवं मिष्त्री र ज्यामीको अभावले संकटमा परेको ब्यहोरा सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु ।

१०८. यस्तै समस्या उपभोक्ता समितिद्वारा संचालीत योजनाहरुमा पनि परेको छ । गौरव गर्न लायक र परिणाम देखिने योजनाहरु कार्यान्वयनको चरणमा रहिरहंदा यस किसिमको समस्या देखिनु दुर्भाग्यको विषय हो । संघ एवं प्रदेश सरकारद्वारा स्थानीय सरकारलाई समेट्ने गरी निर्माण भएका कानून एवम् नगरपालिकाबाट निर्मित कानून वमोजिम सरकार सञ्चालनका महत्वपूर्ण आधारहरु तयार भएका छन । नीति, कार्यक्रम, बजेट एवं योजना तर्जुमा र कार्यान्वयनका हालसम्मका हाम्रा अभ्यासहरु निर्मित कानूनहरुको आधारमा समेत आगामी दिनहरु अझ सहज हुने कुरामा विश्वास लिन सकिन्छ ।

१०९. संघिय संरचना पछिको तीन तहको सरकार, यसका संरचना निर्माण र संगठनलाई कामयाबी बनाउनको लागि भएका हाम्रा हाल सम्मका प्रयासहरु भोलीको दिनको लागि सुखद देखिन्छन । गत तीन र चालु एक गरी चार वटा आर्थिक वर्षहरुमा विगतमा जनप्रतिनिधि विहिन अवस्थामा भन्दा सामाजिक आर्थिक विकास तथा रुपान्तरणमा धेरै परिवर्तन आएको अनुभूति गरिएको छ । पारदर्शी सँस्कृती अवलम्बन गरेका छौं । स्थानीय जनतालाई निरन्तर सेवा प्रवाह गर्ने जनप्रतिनिधि साथै आम कर्मचारी प्रति आभार व्यक्त गर्न चाहन्छु ।

११०. आजको यस घडीमा यो नीति र कार्यक्रम यस सम्मानित सभा समक्ष प्रश्तुत गरि रहंदा भोलीका दिनहरु अझ कठीन हुने स्थिति देखिन्छ । महामारीको रुपमा रहेको कोरोना संक्रमण (COVID-19) संग हामीले कती लड्नु पर्ने हो यसको

लेखाजोखा गर्न गार्हो छ। भोलीका दिनमा सम्पूर्ण पक्षहरुको साथ र सहयोग प्राप्त हुने छ भन्ने आसा र विश्वास लिएको छु।

COVID-19 को कारण थाती रहन गएका हाम्रा कतिपय प्रयासहरुलाई उपयूक्त बिधिद्वारा सम्बोधन गरिने प्रतिबद्धता ब्यक्त गर्न चाहन्छु।

१११. प्रश्तुत नीति तथा कार्यक्रमको सफल कार्यान्वियनवाट मुसिकोटको विकासमा सकारात्मक प्रभाव पर्ने र महामारीको असर कम गर्दै "समृद्ध नेपाल सुखी नेपाली" को राष्ट्रिय आकाङक्षा पुरा गर्न सहयोग पुग्ने छ भन्ने आसा लिएको छु।

समुन्नत र समृद्ध मुसिकोट निर्माणमा सहयोग पुऱ्याउने संघिय सरकार, प्रदेश सरकार एवं रचनात्मक सहयोग पुऱ्याउनु हुने राजनीतिक दल, निजि क्षेत्र, सहकारी क्षेत्र, राष्ट्र सेवक कर्मचारी, नागरिक समाज, आम संचार माध्यम एवं विभिन्न तह र तप्काका महानुभावहरु प्रति हार्दिक आभार व्यक्त गर्दै स्थानीय सरकारको रुपमा सेवा गर्ने अवसर प्राप्त भएको यस घडीमा जहाँ सुकै रहनु बस्नु भएका सम्पुर्ण मुसिकोट वासीहरु आमा/बुबा/दाजु/भाई/दिदी/बहीनी एवं गुल्मी स्थित अमूल्य राय सुझाव प्रदान गर्नु हुने अन्य स्थानिय सरकार, स्थानिय प्रशासन र सुरक्षा निकाय प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु र प्रस्तुत नीति र कार्यक्रमको अनुमोदन र सफल कार्यान्वियनको अपेक्षा राख्दछु।

उपस्थित सभा सदस्य ज्यूहरु, सम्पूर्ण कर्मचारीहरु, पत्रकार बन्धु लगायत उपस्थित महानुभावहरुमा यो नीति तथा कार्यक्रम कार्यन्वयनमा समन्वय, सहयोग, सक्रिय सहभागिताको अपेक्षा सहित हार्दिक धन्यवाद व्यक्त गर्दछु।

मितिः २०७८/०३/०७

सोमनाथ सापकोटा
नगर प्रमुख

# आर्थिक वर्ष २०७८/०७९ को मुसिकोट नगरपालिकाको बजेट वक्तव्य

**सभाध्यक्ष महोदय,**

**नगरसभाका सदस्यहरु,**

**र उपस्थित महानुभावहरु ।**

(१) संविधान वमोजिम संघिय लोकतान्त्रीक गणतन्त्र नेपालको तीन तहका सरकारहरु मध्ये स्थानिय सरकार, यस मुसिकोट नगरपालिकाको कार्यपालिका सदस्यको हैसियतले अहिलेको कोरोना विशेष परिस्थितिमा संघिय गणतन्त्र स्थापना पछि स्थानिय सरकारको हामीले जिम्मेवारी सम्हाले पछिको पांचौ र आर्थिक वर्ष २०७८/०७९ को आय-व्यय विवरण (बजेट) प्रस्तुत गर्न उपस्थित भएकी छु ।

(२) नगरपालिकाको निमन्त्रणालाई स्वीकार गरी यस गरिमामय सभामा उपस्थित सम्पूर्ण महानुभावहरुलाई मुसिकोट नगर पालिका र मेरो व्यक्तिगत तर्फवाट हार्दिक स्वागत गर्न चाहन्छु, साथै कार्यपालिका सदस्यको हैसियतले आ.व. ०७८।०७९ को बजेट यस सम्मानित सभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवान्वित महसुस गरेकी छु ।

(३) राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनको लागि मुलुकमा राजनैतिक, सामाजिक, आर्थिक एवम् सांस्कृतिक विकास सहितको समृद्ध र समुन्नत विकास गर्न, आफ्नो शासन आफै वा आफ्नो प्रतिनिधि मार्फत गराई गणतन्त्रलाई संस्थागत गर्न र अग्रगामी परिवर्तनका लागि आफ्नो जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्न चाहन्छु ।

(४) नंया भेरियन्ट सहितको कोरोना भाइरसको कारण परिस्थिति प्रतिकुल भएकोले बिगतका वर्षहरुमा जस्तो सबै पक्षहरुको नीति, कार्यक्रम र बजेट तर्जुमामा उल्लेख्य सहभागिता गराउन सकिएन । प्रतिनिधिमूलक ढंगवाट समावेश भएका विषय वस्तुहरु पुर्णताको नजिक छन् भन्ने मेरो विश्वास छ । कोभिडका कारण ७ जना मुसिकोटबासी महानुभावहरुले अकालमा ज्यान गुमाउनु परेको छ । उहांहरु प्रति भावपूर्ण श्रद्दान्जली अर्पण गर्दै कोभिड प्रभावित अन्य मुसिकोटबासी दाजुभाइ तथा दिदी बहिनी हरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु र सम्पूर्ण महानुभावहरुमा कोभिडसंग लड्ने शक्ति प्राप्त होस भन्ने अपेक्षा राख्दछु ।

(५) चालु आर्थिक वर्षका कतिपय हाम्रा कार्यक्रमहरु संसोधन गरेर पुनः प्राथमिकिकरण गर्नु परेको अवस्था जानकारी गराउन चाहन्छु । महामारीको रुप कति लामो हुने हो, त्यसको कुनै निश्चित नभएका कारण हाम्रा श्रोत साधनहरु विकास गतिविधि भन्दा त्यस तर्फ केन्ति हुनु पर्दछ भन्ने हाम्रो ठहर छ ।

(६) कोभिड-१९ का कारण विश्व अर्थतन्त्रमा धक्का पुगेको कारण नेपालको अर्थतन्त्र पनि त्यसवाट अछुतो नरहने र मुसिकोटवासी जनता त्यसको राप र प्रभावले अछुतो रहने कुरा भएन, त्यसैकारण हाम्रो भौगोलिक विशेषता अनुकुल अर्थतन्त्रमा जोड दिनुपर्ने बिषयवस्तुमा यो बजेट केन्ति रहेको छ ।

**सभाध्यक्ष महोदय,**

(७) नगरपालिकाको नाम नै ऐतिहासिक आधारमा मूखरित भएको मुसिकोट आफैमा पूण्यभूमी हो । मुसिकोटवासी जनताको भाग्य र भविष्यको निर्धारण गर्न निर्वाचित हामी जनप्रतिनिधि माझ थुप्रै अवसर र चुनौतीहरु कायमै छन् । विद्यमान चुनौतीका बाबजुद मुसिकोट नगरपालिकालाई सवल, सक्षम र समृद्ध नगरपालिका बनाउने हाम्रो प्रयासमा आम नागरिकदेखि संघीय सरकार र प्रदेश सरकारको पनि साथ रहेको छ ।

(८) नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, कानून तथा मन्त्रालयहरुबाट प्राप्त दिग्दर्शनका आधारमा सहभागितामुलक र साझेदारीताको माध्यमबाट स्थानीय जनताका आफ्नै जनजीविकाका सवालका समस्याहरु समाधान गर्न वजेट तथा कार्यक्रम तर्जुमा भएको छ ।

(९) नगरपालिकाको समृद्दीको लागी प्राप्त हुने सबै प्रकारका अनुदान, आन्तरिक आय, राजश्व बांडफांडवाट प्राप्त हुने रकम,

लगायत स्थानिय तहको कोषमा प्राप्त हुने सबै प्रकारका श्रोत तथा साधनहरुलाई एकिकृत गरी गरिब, महिला, बालवालिका तथा सामाजिक/आर्थिक दृष्टिकोणवाट पिछडिएको वर्ग र समूदाय एवं क्षेत्रको समेत पहुंच, स्वामित्व र अपनत्व रहने गरी सन्तुलित तवरवाट स्थानिय सेवा प्रवाह र जनसहभागिता परिचालनवाट विकास निर्माण कार्य अगाडि बढाउन हामी प्रतिबद्ध छौं ।

**चुनौतीहरुः**

(१०) विकास प्रक्रिया जनमूखि, पारदर्शि, समतामूलक, सहभागितामूलक, दिगो भरपर्दो र गुणस्तरिय बनाउन प्रयाप्त संभावना र अवसर हुंदाहुंदै पनि हाम्रा सामु देहायका समस्या एवम् चुनौतीहरुले कतिपय विकासका प्रक्रियाहरु सम्पादन गर्न कठिन भएको छ ।

- आन्तरिक श्रोतको न्युन परिचालन हुनु, खेती योग्य जमिनमा कृषिको आधुनिकिकरण एवं ब्यवसायिकरण हुन नसक्नु,
- गैर सरकारी संघ संस्थाका कार्यक्रमहरुलाई आवधिक योजनासंग तालमेल मिलाउंदै कार्यान्वयन गर्न नसक्नु,
- योजना अनुगमन तथा मूल्याङकन प्रणाली नतिजामूखि र वस्तुपरक हुन नसक्नु,
- समूदाय र वडावाट माग गरिने योजना अत्यधिक हुनु, उपभोक्ता समितिलाई यथार्थ परक ढंगले परिचालन गर्न नसक्नु,
- जलविद्युत एवं उर्जाको क्षमता कमजोर हुनु, गुणस्तरिय शिक्षा तथा संचारको कमि, स्थानिय उत्पादनलाई अधिकतम उपयोग गर्न नसक्नु,
- तुलनात्मक लाभका वस्तुहरु पहिचान गरी उत्पादनलाई तिब्रता दिन नसक्नु,
- स्थानिय उपभोक्ता समितिको विकास प्रक्रियामा व्यवसायिकताको विकास हुन नसक्नु
- हालका दिनमा कोरोना संक्रमण (ऋइख्क्ष्म्–ज्ञढ) को कारण भावी कार्यदिशा के हुने ? भन्ने अन्यौलता हुनु

**उपस्थित महानुभावहरु,**

(११) अव म नगरपालिकाको समग्र स्थितिको बारेमा जानकारी गराउन चाहन्छु ।

(१) हामी निर्वाचन भएर आए पछिको पहिलो (आ.व.२०७४/०७५) वर्षको बार्षिक कार्यक्रम आउने समय ज्यादै छोटो र अनुभव बिहिन थियो । भर्खर निर्वाचन भएर हामी पद बहाली गरेको समय भएकोले हतार हतारमा वार्षिक कार्यक्रम र वजेट प्रस्तुत गर्दै गर्दा कतिपय कमि कमजोरी भएको हामीले महशुस गरेकै हो ,

(२) हाल सम्मको कार्यानुभवले आ.व. २०७७/०७८ को बजेट र कार्यक्रम कार्यान्वयनको अन्तिम चरणमा आईपुग्दा हाम्रो आत्म विश्वास बढेको छ । कारण - शासन संचालनका धेरै पूर्वाधारहरु निर्माण गर्न हामी सफल भएका छौं । तर पनि बिपद्संग हाम्रो केही लागेन । कोरोना संक्रमण (कोभिड-१९) संगको हाम्रो लडाई कति लामो हुने हो, यसको लेखाजोखा समयले गर्ने नै छ ।

(३) चालु आ.व.मा कार्यान्वयन गर्ने गरी छनौट भई संचालित योजनाहरु कार्यान्वयनको अन्तीम चरणमा रहेका र कतिपय योजनाहरु बाहेक उक्त योजना/कार्यक्रमहरु पूर्णहुंदा नगरपालिकाको समग्र विकासमा उल्लेख्य प्रगती भएको महशुस हुने छ ।

(४) आर्थिक एवं भौतिक प्रगतीको अवस्था देखिने गरी अनुसूचीमा ब्यवस्थित गरिएको र संघिय एवं प्रदेश राजस्व बांडफांडको रकम रु १ करोडले कम प्राप्त हुने, आन्तरिक राजश्व असुली अनुमान भन्दा ५० प्रतिशतले क म हुने संसोधित अनुमान छ ।

(५) गत आ.व.हरुमा प्रशस्तै अनुकरण गर्न लायक कामहरु हामीहरुले सम्पादन गरेका छौं ।

(६) चालु आ.व.मा बहुवर्षिय ठेक्का अन्तर्गत प्रशासकिय भवनको कार्य ठेक्का संम्झौताद्वारा काम भइरहेको छ । १५ बेडको

आधारभूत अस्पताल ठेक्का प्रक्रिया भइ संझौताको चरणमा रहेको छ ।

(७) चालु आ.व.मा संघिय सरकार र प्रदेश सरकारको समपुरक, बिशेष र शसर्त अनुदानमा बिद्यालय पूर्वाधार एवं दुनाम - मुसिकोट - बडागांउ खानेपानी लगायत बहुउद्देश्यीय सभाहल, स्मार्टपार्क, मालिका मन्दिर, थुमपार्क, कभर्डहल लगायत महत्वपूर्ण योजनाहरु सम्पन्नको चरणमा रहेका छन् ।

(८) सामाजिक विकास अन्तर्गत विद्यालयमा शैक्षिक गुणस्तर सुधारका लागि शिक्षक तालिमको सञ्चालन तथा शैक्षिक सामग्रीको वितरण कार्यलाई निरन्तरता दिईएको छ । विभिन्न किसिमका नेतृत्व विकास तथा सीपमुलक तालिमको सञ्चालन र सम्पन्न गर्ने विषय हाम्रा प्राथमिकताका विषय हुन् ।

गत आ व २०७६/७७ मा कूल आय अनुमान ५२ करोड ९५ लाख ५१ हजार रहेकोमा यथार्थ आय ४९ करोड ९१ लाख ४७ हजार रहेको थियो । चालु आ व को कुल संशोधित अनुमान ६७ करोड ९३ लाख ४४ हजार २ सय ३० रहेकोमा हाल सम्मको यथार्थ आय ४८ करोड ७३ लाख ३१ हजार १ सय ६ रहेको छ। चालु आ व को अन्त्य सम्म वित्तिय प्रगति चालु तर्फ ९२ प्रतिशत, पूँजिगत तर्फ ८६ प्रतिशत हुने अनुमान रहेको छ भने भौतिक प्रगति १०८ प्रतिशत पुग्ने अनुमान गरिएको छ ।

(१२) अव म आगामी आर्थिक वर्ष २०७८।७९ को बजेटका उद्देश्यहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

यसै सभामा मिति २०७८।०३।०७ मा प्रश्तुत नीति तथा कार्यक्रम बमोजिम आर्थिक वर्ष २०७८।७९ का बजेटका उद्दे श्यहरु निम्नानुसार रहेका छन् ।

(क) कोरोना (ऋइख्क्ष्म्-ज्ञढ)लगायत विभिन्न प्रकारका रोग र बिपदबाट नागरिकको जीवन रक्षा र जनजीवनलाई सुरक्षित बनाउने साथै जनताको मौलिक हक अधिकारको रक्षा गर्दै सामाजिक परिचालन र सामाजिक ऐक्यबद्दता कायम गने ,

(ख) उपलब्ध श्रोत/साधनहरुको बुद्दीमत्तापूर्ण रुपमा परिचालन गर्दै विकासका सबै आयामहरु समेट्ने गरी योजना छनौट एवं बजेट बिनियोजन गरी कार्यान्वयन गर्ने,

(ग) छनौट भएका योजना/कार्यक्रमहरुको कार्यान्वयन संयन्त्र निर्माण र अनुगमन/मूल्याङकन लाई प्रभावकारी बनाउने,

(घ) जनतामा उद्यमशिलताको विकास गरी स्थानिय अर्थतन्त्रलाई चलायमान बनांउदै जनताको जीवनस्तर, आम्दानी र अवसरहरुको सिर्जना गर्ने,

**सभाध्यक्ष महोदय,**

(१३) अव म आ.व. ०७८/०७९ को संक्षिप्त आय विवरण तथा संचालन गरिने प्रमुख कार्यक्रमहरू र विनियोजित बजेट विवरण प्रस्तुत गर्न अनुमती चाहन्छु:

**आम्दानी तर्फः**

**राजश्व आम्दानीः**

(क) आन्तरिक राजश्व अनुमान रु १ करोड ९३ लाख ५० हजार,

(ख) संघिय राजश्व बांडफांड रु ८ करोड ६४ लाख ६३ हजार

(ग) प्रदेश राजश्व बांडफांड रु १ करोड ५३ लाख ९५ हजार ४ सय ७६ रुपिया ६० पैसा

जम्मा राजश्व बांडफांड रकम रु १२ करोड १२ लाख ८ हजार ४ सय ७६ रुपिया ६० पैसा

**नेपाल सरकार (संघिय सरकार) वाट प्राप्त हुने अनुदानः**

(क) बित्तिय समानिकरण अनुदान रु १२ करोड

(ख) संघिय शसर्त (हस्तान्तरित) रु ३१ करोड ४५ लाख

(ग) समपुरक अनुदान (मुसिकोट दरबार) रु ७५ लाख

(घ) बिशेष अनुदान रु २ करोड ९८ लाख

जम्माः संघिय सरकारवाट प्राप्त हुने रु ४७ करोड १८ लाख

**प्रदेश सरकारवाट प्राप्त हुने अनुदानः**

बित्तिय समानीकरण अनुदान - रु ५६ लाख ४७ हजार

सशर्त अनुदान - रु १ करोड १५ लाख ४४ हजार

समपुरक अनुदान - रु २ करोड

बिशेष अनुदान - रु ७० लाख (मूख्यमन्त्री ग्रामिण बिकास कार्यक्रम)

जम्मा प्रदेश सरकारवाट प्राप्त हुने अनुदानः रु ४ करोड ४१ लाख ९१ हजार

**विभिन्न सरकारी तथा गैरसरकारी निकायबाट लागत साझेदारीमा प्राप्त हुने अनुदानः**

(क) प्रशासकीय भवनको लागि लागत साझेदारी रु २ करोड

(ख) पर्यटन पूर्वाधार साझेदारी रु १ करोड ४ लाख

(ग) बाख्रा उद्यम विकास परियोजना हेफर रु ३४ लाख

(घ) वामीटक्सार १५ शैया अस्पताल ४ करोड

(ङ) सामाजिक सुरक्षा भत्ता कार्यक्रम १२ करोड

(च) सडक वोर्ड नेपाल ४५ लाख

(छ) प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना खाद्य गोदाम लागत साझेदारी ५० लाख

**विभिन्न सरकारी तथा गैरसरकारी निकायबाट लागत साझेदारीमा प्राप्त हुने जम्मा अनुदान रकम रु २० करोड ३३ लाख**

यसरी आर्थिक वर्ष २०७८/०७९ को लागी कुल आम्दानी तर्फ जम्मा रु ८४ करोड ४ लाख ९९ हजार ४ सय ७६ रुपिया ६० पैसा प्रश्ताव गरेकी छु।

(१४) **त्यसै गरी नगरको व्यय तर्फ चालु खर्च रु. ६ करोड १६ लाख १८ हजार ३ सय**

४५ रुपैया ६० पैसा, नगरको अन्य पुँजिगत खर्च तर्फ रु. ८ करोड ११ लाख ३७ हजार १ सय ३१ रुपैयाँ, विभिन्न सरकारी तथा गैरसरकारी सँस्थाहरु सँगको गत साझेदारी तर्फ १२ करोड १९ लाख, संघ तथा प्रदेश सशर्त कार्यक्रम तर्फ रु. ३२ करोड ६० लाख ४४ हजार, संघ तथा प्रदेश विशेष अनुदान तर्फ ३ करोड ६८ लाख, संघ तथा प्रदेश समपुरक तर्फ रु ५ करोड ५० लाख, सामाजिक सुरक्षा तर्फ रु. १२ करोड, वडागत योजना पुँजिगत तर्फ रु ३ करोड २ लाख र वडा सञ्चालन खर्च चालु तर्फ रु १८ लाख गरी जम्मा व्यय रु. ८४ करोड ०४ लाख ९९ हजार ४ सय ७६ रुपैयाँ ६० पैसा हुने अनुमान गरेकी छु।

(१५) संघीय सरकार तथा प्रदेश सरकारद्वारा अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत विभिन्न विषयगत कार्यालय कृषि, पशु, शिक्षा र स्वास्थ्यतर्फ सशर्त अनुदानको रुपमा प्राप्त रु. ३२ करोड ६० लाख ४४ हजार रुपैयाँ, सामाजिक सुरक्षा तर्फको रु १२ करोड, विशेष अनुदान तर्फको ३ करोड ६८ लाख, विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुसँगको लागत साझेदारी तर्फको रु १२ करोड १९ लाख र समपूरक अनुदान तर्फको ५ करोड ५० लाख जस्ताको तस्तै सम्बन्धित क्षेत्रमै खर्च गर्नुपर्ने भएकाले सो तर्फ कुनै आयोजना र कार्यक्रम बनाइरहनु परेन, संघीय तथा प्रदेश सरकारद्वारा प्राप्त भएको वित्तीय समानीकरण अनुदान, राजश्व बाँडफाँडको रकम र आन्तरिक आयबाट बाँकी हुन आउने कुल रकम रु १८ करोड ७ लाख ५५ हजार ४ शय ७६ रुपैयाँ ६० पैसाको मात्र कार्यक्रम बनाउनु पर्ने भएकोमा यस नगर कार्यपालिकाको कार्यालय तर्फ

रु ६ करोड १६ लाख १८ हजार ३ शय ४५ रुपिँया ६० पैसा र वडा कार्यालय सञ्चालन तर्फ रु १८ लाख गरी चालु तर्फ जम्मा रु. ६ करोड ३४ लाख १८ हजार ३ शय ४५ रुपैयाँ ६० पैसा विनियोजन गरेकी छु। जुन कूल आय रकमको ७.५५ प्रतिशत हुन आउँछ भने पुँजिगत तर्फ (विकास, आयोजना, कार्यक्रम)का लागि रु. ११ करोड ७३ लाख ३७ हजार १ सय ३१ रुपैयाँ विनियोजन गरेको छु। यसरी पुँजिगत तर्फ छुट्याइएको रु. ११ करोड ७३ लाख ३७ हजार १ सय ३१ रुपैयाँ मध्ये नगरपालिका भर कार्यान्वयन हुने योजना र वडागत सिलिङको आधारमा ९ वटा वडा समितिको कार्यालयबाट बस्ती स्तर हुँदै सहभागितामुलक तवरले सात वटा बजेट तर्जुमाका चरणहरु पुरा गरी ल्याइएका कुल आयोजना र कार्यक्रमको लागि बजेट विनियोजन गरेको छु। कार्यान्वयनको हिसाबले सहजता होस भन्ने ध्येयले कृषि, स्वास्थ्य, लैङ्गिक समानता तथा समावेशीकरणमा छुट्ट्याईएको वजेट वडाबाटै सिफारिस भई आएका कार्यक्रममा एकीकृत रुपले समावेश गरिएकोले वास्तविक वडागत विषयगत वजेट रकम रु. ३ करोड ८० लाख रुपैयाँ भएको जानकारी गराउँदछु। विभिन्न समितिहरुले आवश्यकता पहिचान गरेका भवन निर्माण, ठुला आयोजना लगायतका विभिन्न आयोजना कार्यक्रमहरुमा रु. ८ करोड ११ लाख ३७ हजार १३१ रुपैयाँ विनियोजन गरेकी छु।

(१६) अब म देहाय बमोजिम नगरपालिका स्तरीय कार्यक्रम तथा आयोजनाहरुलाई वर्गीकरण गरिएको वजेट व्यवस्थाका सम्बन्धमा जानकारी गराउँछु।

**आर्थिक बिकास**

(१७) जमिन बाँजो राख्ने प्रबृतिलाई निरुत्साहित गर्दै निर्वाहमुखी कृषिमा आधुनिकीकरण, यान्त्रीकिकरण, व्यावसायिकरण गरी यसमा आश्रीत जनशक्तिको आर्थिक उपार्जनमा बृर्दि गरी आत्मनिर्भर कृषक बनाउनका लागि हाम्रो प्रयास जारी रहनेछ। नगरपालिकाको जमिन जथाभावी खण्डिकरण गर्ने प्रवृतिलाई निरुत्साहित गरिने छ। कृषिमा उत्पादन र उतपादकत्व बढाउनको लागि उन्नत जातका विउको प्रयोग सिचाइ सुविधाको विस्तार, माटो सुहाउँदो खेती प्रणाली, हाते ट्याक्टर आदिको व्यस्था गरेकी छु।

(१८) मागमा आधारित कृषि तथा पशुपालन कार्यक्रमलाइ प्राथमिकता दिइने छ।

(१९) बिगतमा भन्ने गरिएको 'उत्तम कृषि, मध्यम ब्यापार, निम्न नोकरी' भन्ने भनाईमा परिवर्तन आई आजका दिनहरुमा 'उत्तम ब्यापार, मध्यम नोकरी, निम्न कृषि' भन्ने कुरा चरितार्थ भएको छ। नेपाल कृषिको लागि उत्तम भूमी हो। त्यसमा पनि मुसिकोटको भूगोल कृषिको लागि उत्तम छ भन्ने हाम्रो ठम्याई छ। सो अनुरुप 'उत्तम कृषि, मध्यम ब्यापार, निम्न नोकरी' भन्ने कुरालाइ पुनः स्थापित गर्नु परेको छ।

(२०) नगरपालिकामा उत्पादित कृषि उपजहरुको बिक्रि बितरणमा सहजता ल्याउन "कोशेली घर" एवं हाटबजारको ब्यवस्थालाई उद्यमशिलता विकास अन्तर्गत कार्यक्रम संचालन गरिने छ ।

(२१) तुलनातमक लाभका वस्तुहरु पहिचान र व्यवसायी करणमा जोड दिन र स्थानिय उत्पादनवाट लघु उद्यम संचालन गर्न विशेष प्राथमिकता दिईने छ।

(२२) नीजि, सार्वजनिक र सहकारीको माध्यमवाट स्थानिय अर्थतन्त्रको उन्नयन गर्न सकिन्छ भन्ने हाम्रो ठम्याई छ। नीजि क्षेत्रलाई प्रोत्साहन, सार्वजनिक क्षेत्रलाई क्षमतावान र सहकारी क्षेत्रलाई आकर्षण जस्ता विषयहरुलाई समेट्दै हाम्रो बजेट तथा कार्यक्रम बनेको हुदां सबै क्षेत्रलाई समेट्ने गरी बजेट तर्जुमा गरिएको ब्यहोरा यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु।

(२३) फलफुलका विरुवा वितरण, थोपा सिंचाई, च्याउको विउ वितरण, कागती विशेष कार्यक्रम, अन्न बाली बिउ वितरण, बिदेशवाट फर्किएका युवाहरुको लागि लक्षित कार्यक्रम, प्लाष्टिक पोखरी निर्माण जस्ता गतिबिधिहरुको लागि कृषि कार्यक्रम केन्तित हुने छन्।

(२४) कृषि हाम्रो मुल पहिचान हो 'कृषि हाम्रो संकृति हो' कृषि र पशुपालनमा तुलनात्मक लाभका वस्तुहरु उत्पादन गरि उद्धमशिलता विकास गर्ने उद्देश्य हाम्रो रहि आएको छ।सामूदायिक बिकासका लागि बाखा बिकास परियोजना (HEIFER) कार्यक्रम यस नगरपालिकामा बिगत वर्षमा संझौताभइ कार्यान्वयनको अन्तिम चरणमा रहेको छ। यसको निम्ती आगामी

आ.व.को लागि रु १ करोड बिनियोजन गरेको छु ।

(२५) पशु सेवा तर्फ व्यावसायिक कृषकहरुको लागि गोठ सुधार, खोर सुधारको लागि अनुदानको व्यवस्था गरी हरेक दक्ष, सिपयुक्त जनशक्तिलाई यसतर्फ आकर्षित गरी पूर्ण व्यावसायिक बनाउने नगरपालिकाको सोंच रहेको छ ।

(२६) उन्नत घांस विउ वितरण, पशु औषधि खरिद, भ्याक्सीनेसन कार्यक्रम, माछापालनमा अनुदान, कृतिम गर्भाधान, विभिन्न तालिमहरु, खोप कार्यक्रम, कृषक पाठशाला, प्राकृतिक गर्भाधान, सरोकारवालाहरुसंग अन्तरक्रिया, पशु स्वास्थ्य शिविर, कफि लगाऔं आम्दानी बढाऔं, कृषि बाली संरक्षण रोग किरा नियन्त्रण, कृषि तालिम लगायत क्रियाकलावको लागि कृषि र पशु सम्बन्धी फरक फरक कार्यक्रममा नगर तर्फ रु. २४ लाख ५० हजार रुपैयाँ विनियोजन गरेको छु । यसमा शसर्त तर्फ प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत पकेट/ब्लक कार्यक्रम, उन्नत बिउ बितरण जस्ता कार्यक्रम कार्यान्वियन गरिने छ ।

(२७) आर्थिक बिकासमा मूख्यमन्त्री ग्रामीण बिकास कार्यक्रमलाइ आबद्द गरिने ब्यहोरा यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु ।

(२८) उद्यमशिलता बिकास गर्नको निमित्त घरेलु उद्योगहरुलाई संरक्षण र सम्बर्द्धन गरी यिनीहरुलाई परिस्कृत गर्न प्रविधिको अनुशरण गरी जनजीविकालाई सहज बनाउनको लागि बजेटको ब्यवस्था गरेकी छु । आत्मनिर्भर नगरपालिका बनाउने अभियानमा हाम्रो क्षेत्रमा विकास र सञ्चालन हुन सक्ने उद्योगको लागि सम्भाव्यताको खोजी हुनेछ । चालु आ.व.मा संचालित "गरिबी निवारणका लागि लघु उद्यम बिकास कार्यक्रम" आगामी आ.व.मा पनि संचालन हुने ब्यहोरा यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु ।

(२९) यस नगरपालिका क्षेत्रभित्र प्राकृतिक, साँस्कृतिक, पुरातात्विक महत्वका सम्पदाहरु र विभिन्न देवी देवताका मठमन्दिर, विभिन्न जात जातीहरुको संगम स्थल भएकोले पर्यटनको प्रवर्द्धन र सञ्चालन हुन सक्ने सम्भाव्यता छ । "कृषि, पर्यटन, पूर्वाधार र रोजगार सम्मृद्द मुसिकोट नगरपालिकाको आधार"भन्ने हाम्रो नारालाई सार्थक तुल्याइ यस नगरपालिकालाई आन्तरिक पयर्टनको आकर्षक स्थल बनाइ पर्यटन प्रवदर्धन गरी पर्यटनबाट प्राप्त आयको समन्यायिक वितरण गरी जनताको जीवनस्तरमा सुधार गर्नको लागि पर्यटन प्रवर्द्धन तर्फ प्रदेश र संघिय सरकार सँगको साझेदारीमा रु. २ करोड २५ लाख बजेट विनियोजन भएको छ ।

(३०) समग्र राष्ट्रले सहकारीलाई आर्थिक विकासको प्रमुख आधार स्तम्भ मानेको वर्तमान अवस्थामा मुसिकोट नगरपालिका भित्र छरिएको स-सानो पूँजीलाई नगरपालिकाको समग्र विकासका लागि संकलन गर्ने, परिचालन गर्ने, नियमन र अनुगमनको व्यवस्था साथै सहकारीको माध्यमबाट आर्थिक सामाजिक विकास गरी समुदायमा आधारित ग्रामिण आत्मनिर्भर अर्थतन्त्रको अवलम्वनको आवश्यकता छ । सहकारीको क्षमता विकास कार्यक्रमको लागि रु ३ लाख बजेट व्यवस्था गरेको छु ।

(३१) आर्थिक विकास शिर्षक अन्तर्गत आगामी आ.व. २०७८/०७९ को लागि नगर तर्फ जम्मा रकम रु ४ करोड ७ लाख ४६ हजार बिनियोजन गरेको छु जुन नगर तर्फको कुल बजेटको १७ प्रतिशत हुन आंउदछ ।

**सामाजिक विकास**

(३२) शिक्षा समाज रुपान्तरणको साधन हो, शिक्षामा लगानी बिना मानब बिकास अपुरो रहन्छ । शिक्षा क्षेत्रमा बिभिन्न गतिबिधिहरु संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरेकी छु ।

(३३) नगरपालिका भित्रका विद्यालयहरुलाई व्यवस्थित तवरले सञ्चालन गर्न आर्थिक अवस्था कमजोर भएका विद्यालयहरुको पुर्वाधारहरुको विकासका लागि पुनः निर्माण प्राधिकरण र संघिय शिशेष अनुदान मार्फत विभिन्न विद्यालयका भवनहरु सम्पन्नको चरणमा रहेका छन् । एक मात्र नमूना माध्यमिक बिद्यालय (श्री महेन्‍ मा.बि.) को उल्लेख्य भौतिक पूर्वाधारका कामहरु सम्पन्नको चरणमा रहेका छन् र आगामी आ.व.मा पनि पूर्वाधारको लागि बजेट प्राप्त हुने सुनिश्चितता भएको छ ।

- बालविकास केन्का सहजकर्ताहरु र बिद्यालय कर्मचारीहरुको तलब उल्लेख्य बृद्दिको व्यवस्था गरेकी छु ।

- विद्यालयमा विद्यार्थीहरुका लागि अतिरिक्त क्रियाकलापमा जोड दिईने छ।
- विद्यालयमा हरियाली प्रबर्धन गर्न पूर्वाधार निर्माण गर्दा ध्यान दिईने छ।
- विद्यालयमा प्राथमिक स्वास्थ्य उपचारको निम्ति आवश्यक प्रवन्ध मिलाईने छ।
- विद्यार्थिहरुलाई विद्यालयमा 'ल्याउन, टिकाउन र सिकाउन' लगायतका कार्यक्रमको लागि समेत वार्षिक नीति र कार्यक्रममा उल्लेख भएका कुराहरु यथासक्य श्रोत साधनको आधारमा कार्यान्वयन गरिने छ

(३४) शिक्षालाई प्रविधिमैत्री बनाउन आवश्यक रकम व्यवस्था गरेको साथै शिक्षामा विभिन्न प्रवर्धनात्मक कार्यक्रम संचालन गरी समग्र शिक्षा क्षेत्रलाई गुणस्तरीय, प्रतिस्पर्धि र व्यावसायिक बनाउन जोड दिनुका साथै कोभिड - १९ सिकाइ सहजीकरणका लागी संघिय सरकारको तर्फवाट आवश्यक बजेटको ब्यवस्था भएको छ। शिक्षा क्षेत्रमा सशर्त अनुदानको अलावा रु.१ करोड ६३ लाख ५८ हजार ७० रुपैयाँ विनियोजन गरेकी छु ।

(३५) आधारभूत स्वास्थ्य सेवा नागरिकको मौलिक अधिकारको विषय भएकोले स्वास्थ्य सेवालाई हरेक नागरिकको पहुँचमा राख्न तथा यो सेवा सहज सरल र सर्वसुलभ रुपमा अनभुत हुने गरी प्रत्याभुत गर्न प्रत्येक स्वास्थ्य सस्थाहरुको सवलिकरणका लागि आवश्यक व्यवस्था गरेकी छु ।

(३६) स्वास्थ्य सस्थाहरुमा जस्तोसुकै अवस्थामा पनि औषधीको नियमित आपुर्ति गर्नको लागि औषधी खरिदको लागि रकमको जो हो गरेकी छु। औषधि खरिद तर्फ शसर्तका अलवा रु १० लाख ब्यवस्था गरेको छु। स्वास्थ्य सेवालाई आधुनिक र प्रविधिमैत्री बनाउनुका साथै स्वास्थ्य संस्थामा जनशक्तिको प्रर्याप्त व्यवस्था मिलाउनको लागि आवश्यक व्यवस्था गरेकी छु।

(३७) आयुर्बेद एवं प्राकृतिक चिकित्सा पद्धति प्रतिको धारणा विकास गर्न जिल्ला आयुर्वेद केन्को सहयोगमा स्वस्थ्य शिविरको ब्यवस्था गरिने छ।

(३८) सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमलाइ प्रबिधि मैत्री बनाउने काम सम्पन्न भएको छ। यसले गर्दा सेवा ग्राहीले सुलभ ढंगबाट यो सबिधा लिने सुनिश्चितता भएको छ।

(३९) बहु क्षेत्रीय पोषण कार्यक्रमलाई समन्वयात्मक ढंगले कार्यान्वयन गरिने छ, यसको लागि प्रदेश सरकारको तर्फवाट आवश्यक बजेटको ब्यवस्था भएको छ।

(४०) महिला स्वास्थ्य स्वयं सेविकाका लागि विभिन्न प्रोत्साहन मूलक कार्यक्रमहरु ससमावेश गरिएका छन्।

(४१) हाम्रो स्वामित्वमा रहेका ७ वटा एम्बुलेन्सहरु हाम्रा सम्पत्ति हुन् बिरामीको सुबिधाको लागि यिनको उचित व्यवस्थापन गरिने छ।

(४२) स्वास्थ्य संथाहरुको सेवा,प्रवाहलाई चुस्त दुरुस्त राख्नुका साथै जनताको गुनासो लाई शून्य पार्ने प्रयास गरिने छ।

(४३) समग्र स्वास्थ्य सेवा तर्फ सशर्त वाहेक समानीकरण अनुदानबाट रु. १ करोड ५५ लाख १८ हजार २ शय २० रुपैयाँ विनियोजन गरेको छु।

(४४) हाम्रा आफ्नै एवं संघ र प्रदेश सरकार समेतको सहकार्यमा खानेपानीका गौरबका आयोजनाहरु सम्पन्न भएका छन् र सम्पन्नको चरणमा छन्। एक घर एक धाराको अभियान सम्पन्नको चरणमा हामी छौं।

(४५) चालु आ.व.मा कार्यान्वयन सम्पन्न हुने आयोजनहरुवाट समेत 'एक घर, एक धारा' को हाम्रो अभियानलाई टेवा पुग्ने छ भन्ने कुरा यस सम्मानित सभामा जानकारी गराउन पांउदा खुशी लागेको छ।

(४६) फोहरमैला ब्यवस्थापनको लागि डम्पीङ साईट निर्माण संभाब्यता अध्ययन र पूर्बाधारको निम्ती बजेटको ब्यवस्था गरेकी छु।

(४७) खानेपानीलाई सरसफाइसँग जोडेर स्वास्थ्य र पूर्ण सरसफाईयुक्त नगरपालिका बनाउन संघिय सरकार वाट बिशेष अनुदानका अतिरिक्त अन्य अनुदान र नगरपालिकाको तर्फवाट आवश्यक बजेट ब्यवस्था गरेकी छु।

(४८) समाज रुपान्तरणको प्रमूख पक्ष सामाजिक परिचालन र सामाजिक सांस्कृतिक ऐक्यबद्धता भएकोले यस पक्षमा विशेष ध्यान दिंदै टोल बिकास संस्था गठन गर्न रु ४ लाख ५० हजार बजेटको व्यवस्था गरेकी छु ।

(४९) परम्परागत संस्कृती हरुको उन्नयन गर्न आवश्यक बजेटको व्यवस्था गरेकी छु ।

(५०) यो नगरपालिका विविध संस्कृतिको संगम भएको नगरपालिका हो, यहाँको समुदायमा विविध जात जातीहरु विभिन्न धर्मावलम्बीको वासस्थान भएकोले सामाजिक सांस्कृतिक सदभाव, समन्वय र,साझेदारीताको लागि चालु आ.व.मा नै केही कार्यक्रमहरु शुरु गरिएकोमा आगामी आ.ब मा पनि तीनिहरुलाई निरन्तरताको व्यवस्था गरेकी छु ।

(५१) धार्मिक एवं सास्कृतिक क्षेत्रको बिकासको लागि संघ एवं प्रदेश सरकारको लागत साझेदारीमा उल्लेख्य रकम बिनियोजन भएको ब्यहोरा यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु ।

(५२) त्यस्तै सांस्कृतिक क्षेत्रमा अन्य गौरब गर्न लायक कामहरु भएको हामीले महशुस गरेका छौं । समग्र संस्कृति प्रवर्द्धन एवम् खेलकुद तथा मनोरञ्जन अन्तर्गत विभिन्न कार्यक्रमहरुको लागि रु. ५ लाख विनियोजन गरेकी छु ।

(५३) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तर्फ आवश्यक बजेट व्यवस्था गरेकी छु ।

(५४) सामाजिक सुरक्षा तथा ब्यक्तिगत घट्ना दर्ता प्रणाली सुदृढुकरण आयोजना अन्तर्गत सशर्त अनुदान तर्फ प्राप्त बजेट बमोजिमको कार्यक्रम प्रभावकारी रुपमा संचालन गरिने छ । अपाङ्ग लक्षित कार्यक्रमको लागि रु २ लाख छुट्ट्याएको छु । युवा लक्षित कार्यक्रमको लागि रु ७ लाख, खानेपानी पूर्ण सरसफाइ तालिम र खानेपानी समिति संस्थागत क्षमता बिकास तालिमको लागि गरि रु ८ लाख बजेट व्यवस्था गरेकी छु ।

(५५) शिक्षा तर्फ अन्य क्रियाकलापका अतिरिक्त तपशिल बमोजिमका प्रभावकारी कार्यक्रमको लागि बजेटको व्यवस्था गरेकी छु,

- मा.बि. इन्टरनेट जडान तथा सफ्टवेयर रु ५ लाख
- अनाथ बालबालिका सहयोग रु ५० हजार
- सामूदायिक बिधालयका शिक्षकहरुलाइ पालिकास्तरिय परिचयपत्र बितरण रु १ लाख
- शैक्षिक ब्यालेण्डर निरमाण रु १ लाख
- स्थानिय पाठ्यक्रम निर्माण रु ५ लाख
- शिक्षक कम्प्यूटर आधारभूत तालिम रु १ लाख ५० हजार

(५६) स्वास्थ्य तर्फ अन्य क्रियाकलाबका अतिरिक्त तपशिल बमोजिमका प्रभावकारी कार्यक्रमको लागि बजेटको व्यवस्था गररे की छु,

- जेष्ठ नागरिक सुगर रोग परिक्षण किट रु १ लाख
- स्वास्थ्य शिबिर सञ्चालन रु ३ लाख
- बिपन्न नागरिकका लागि औषधि उपचार राहत अनुदान रु १० लाख
- गर्भवतिसंग उपप्रमुख कार्यक्रम रु ५ लाख
- उत्कृष्ट महिला स्वास्थ्य स्वयम् सेबिका अन्तर पालिका भ्रमण रु ३ लाख
- फरक क्षमता भएका ब्यक्तिका लागि सामाग्री रु २ लाख
- महिला तथा बालबालिका लक्षित कार्यक्रम रु ५ लाख
- आदिबासी जनजाती तथा दलित लक्षित परम्परागत शिप तथा संस्कृती संरक्षण कार्यक्रम रु १० लाख

(५७) विभिन्न शिपमुलक तालिम, अभिमुखीकरण कार्यक्रम,अन्तरक्रिया कार्यक्रम, जातिय भेदभाव बिरुद्ध कानूनी सचेतना

कार्यक्रमको लागि बित्तिय समानिकरण तर्फ आवश्यक बजेट विनियोजन गरेकी छु ।

(५८) सामाजिक बिकास तर्फ संघ एवं प्रदेश तर्फको शसर्त र अन्य अनुदानका अतिरिक्त रु ३ करोड ६१ लाख २६ हजार २ शय ९० रुपैँया रकम ब्यवस्था गरेकी छु । जुन कुल नगर तर्फको बजेटको १७ प्रतिशत हुन आउंदछ ।

**पुर्वाधार विकास**

(५९) विकास र वातावरणलाई तादाम्यता कायम गरी पूर्वाधार विकासको कामलाई अगाडि बढाईने कुरा नीति तथा कार्यक्रममा प्रश्तुत भईसकेको छ । सडक सञ्जाल ब्यापक विस्तार भईसकेको सन्दर्भमा सो को स्तरोन्नती गर्न संघ र प्रदेश सरकारसँग विशेष पहल गरिनुका साथै नगरपालिकाको आफ्नो श्रोत परिचालनमा विशेष जोड दिईने छ। नगरपालिका भित्रका सडकहरुमा स्थानीय जनताहरुको सहभागितामा नाली निर्माण कार्यक्रमलाई निरन्तरता दिईने छ ।

(६०) विकासका सबै आयामहरुले समेटिएको विकासको निम्ति "दीगो विकासका लक्ष्यहरु" तर्फ केन्ति रही गतिविधिहरु अगाडी बढाइनेछ ।

(६१) चालु आ.व.२०७७/०७८ मा संभौता भइ कार्यान्वयनमा रहेको नगरपालिकाको प्रशासकीय भवन बहुवर्षिय ठेक्का भएको, नगर र संघिय सरकारको ५०/५० को लगानीमा निर्माण हुने भएकोले आगामी आ.व.को लागि रु २ करोड बजेट छुट्टाएको छु ।

(६२) चालु आ.व. मा कोभिडको कारण अनुमानित आन्तरिक र संघ एवं प्रदेश सरकारवाट प्राप्त हुनु पर्ने राजश्वमा कमि आउने कारण रु १ करोड ५० लाख आगामी आ.व.को लागी दायीत्व ब्यवस्था गरिएको छ, यो रकम पूर्वाधार तर्फको दायित्व देखिन्छ । त्यस्तै बिभिन्न पक्षहरुवाट लगानीको लागि साझेदारी गर्न रु १ करोड ब्यवस्था गरिएको छ । चालु आ.व.को र अनिवार्य दायित्व - अन्तर्गत, तपशिल बमोजिम बजेट ब्यवस्था गरेकी छु,

- मन्टेपाटा प्रहरी चौकी बाटोको लागि रु २८ करोड ७२ लाख ८४१
- प्रदेश समपुरकको लागि रु २ करोड
- संघिय समपुरकको लागि रु ७५ लाख बजेट ब्यवस्था गरेकी छु ।
- प्रशासकिय भवन निर्माणको लागि रु २ करोड
- वडा नं ८ को वडा भवनको लागि रु ५८ लाख
- जग्गा प्राप्तीको लागि रु २१ लाख

(६३) त्यसैगरी सिँचाइ आयोजना र नगरपालिकाको क्षेत्र भित्र भवन तथा शहरी विकासको लागि आवश्यक वजेट विनियोजन गरेकी छु ।

(६४) त्यसैगरी सञ्चार क्षेत्रको विकासको लागि आवश्यक वजेट विनियोजन गरेकी छु ।

(६५) पूर्वाधार बिकासमा संघ र प्रदेश सरकारको तर्फवाट प्रशस्त कामहरु भइरहेका र सम्पन्नको चरणमा रहेका छन् । बिद्यालय पूर्वाधार, पुनःनिर्माण तर्फ, राष्ट्रपति शैक्षिक सुधार लगायत सडक निर्माणका कार्यहरु भइरहेको ब्यहोरा यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु । त्यस्तै प्रधानमन्त्री रोजगार कार्यक्रम र सडक बोर्डको कार्यक्रमलाइ पूर्वाधार बिकास कार्यक्रममा आबद्द गरिने ब्यहोरा प्रतिबद्दता ब्यक्त गर्दछु । सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत आगामी आ .व. मा पूर्ण खरका छाना मूक्त नगरपालिका घोषणा गरिने छ ।

(६६) बिद्युत आपूर्तिलाइ भरपर्दो बनाउन नगरपालिकाको मुकाम लगायत अन्य बस्तीहरुमा राष्ट्रिय प्रशारण लाईनको विस्तार गरिएको र बिस्तार हुन नसकेका अन्य वस्तीहरुमा पनि राष्ट्रिय प्रशारण लाईनको विस्तारलाइ थप निरन्तरता दिइने छ । सामूदायिक ग्रामिण बिद्युतिकरण तर्फ प्रणाली सुदृढिकरण र क्षमता अभिबृद्दि गर्ने कार्यलाइ प्राथमिकता दिइने छ । नगरपालिका भित्र रहेका सम्पूर्ण साना तथा लघु जलविद्युत आयोजनाहरुलाई एकीकृत गर्दै ग्रीडिङ, विद्युत प्राधिकरणसँग समन्वय गरी विक्रीको सुनिश्चित गर्ने काम अगाडी बढाउन बिशेष पहल गरिने छ ।

(६७) उज्यालो नगरपालिका अन्तर्गत बैकल्पीक उर्जाको माध्यमवाट सौर्य सडक बत्ति जोड्ने कामलाइ चालु आ.व.मा कतिपय वडाका महत्वपूर्ण स्थानहरुमा जडान गरिएको र यस लाइ अझ बिस्तार गर्न बैकल्पीक उर्जा प्रबर्धन केन्संग समन्वय गरिने छ ।

(६८) पूर्वाधार बिकास तर्फ आगामी आ.व. २०७८/०७९ को लागी जम्मा रु .६ करोड २५ लाख २ हजार ८ शय ४१ रुपैंया बजेटको व्यवस्था गरेको छु। जुन कुल नगर तर्फको बजेटको २५ प्रतिशत हुन आउंदछ।

**वन, वातावरण र विपद् व्यवस्थापन**

(६९) बिपदबाट बच्न र जनधनको क्षतिवाट बचाउन नगरपालिका स्तरिय बिपद् व्यवस्थापन समितिलाई चुस्त र दुरुस्त बनाउनुका साथै अन्य सहयोगी संस्थाहरुको साथ र सहयोग लिईने छ ।बिपद् प्रतिकार्य योजना बनाउने काम सम्पन्न भएको छ। बिकास निर्माणलाई वातावरणसंग सन्तुलन कायम गर्न जोड दिईने छ। वातावरण र जैविक विविधताको संर क्षण, सम्वर्धन, प्रवर्धन र सदुपयोगमा जोड दिइने कार्यलाई प्राथमिकता दिईनेछ।

(७०) मानबीय सीप, स्थानिय श्रोत, साधनको प्रयोगलाई प्रोत्साहन गर्न अत्यावश्यक वाहेक हेभी इक्विपमेन्टको प्रयोगलाई निरुत्साहित गरिनेछ। प्रचलित कानून बमोजिम डि.पि.आर.,आई.ई.ई. र माटो परिक्षण गरेर मात्र भवन बनाउने, सडक खन्ने, माटो, बालुवा, ढुङ्गा उत्खनन गर्ने कार्य गरिनेछ।

(७१) वातावरण तथा विपद व्यवस्थापन क्षेत्र अन्तर्गत वन तथा भूसंरक्षण क्षेत्र तर्फ आवश्यक बजेट विनियोजन गरेकी छु।

(७२)पाटी पौवा संरक्षण तर्फ रु. २लाख रुपैयाँ विनियोजन गरेकी छु।

(७३)फोहर व्यवस्थापन तथा संचालन गर्न रु ५ लाख विनियोजन गरेकी छु।

(७४)डम्पीङ साइट सम्भाव्यता अध्ययन गर्न रु २ लाख ५० हजार विनियोजन गरेकी छु।

(७५) त्यसैगरी नगरपालिका क्षेत्र भित्र आउने प्राकृतिक तथा मानव सिर्जित विपद् व्यवस्थापनका लागि गत बिगत आ.व. रुमा शुरु गरिएको विपद् व्यवस्थापन कोषमा अन्य वडा, संघ संस्थाका अतिरिक्त रु ५५ लाख बिनियोजन गरेकी छु।

(७६) वन, वातावरण र विपद् व्यवस्थापन तर्फ अन्य विभिन्न शिर्षकमा आगामी आ.व.२०७८/०७९ को लागि रु ३२ लाअ ९० हजार बिनियोजन गरेकी छु।

**न्यायिक समिति ब्यवस्थापन**

(७७) गत आ.व. २०७६/०७७ मा प्रत्येक वडावाट ३/३ जनाका दरले २७ जना मेलमिलाप कर्तालाई तालिम दिने काम सम्पन्न भएको छ। न्याय सम्पादन र मेलमिलापको काममा यसले ठूलो मद्दत पुर्यानउने कुरामा हामी बिश्वस्त छौं। आगामी आ.व.२०७८/०७९ को न्यायिक समिति ब्यवस्थापन अन्तर्गत न्यायिक ब्यवस्थापन, कानूनी परामर्श कार्यका लागि रु २ लाख ५० हजार बिनियोजन गरेको छु। मेलमिलाप कर्ता तालिम र पारीश्रमिकको लागि रु २ लाख ५० हजार बिनियोजन गरेकी छु।

(७८) नगरपालिकाद्वारा अधिकारका सूची अन्तर्गत निर्मित कानूनहरु स्थानिय राजपत्रमा प्रकाशन गरिसकेका छौं। कानून निर्माण प्रक्रियालाई अझ सरल र दक्षता पूर्वक सम्पादन गर्न आवश्यक पहल गरिने छ। यस अन्तर्गत न्यायिक ब्यवस्थापन तर्फ रु ५लाख विनियोजन गरेकी छु।

**संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

(७९) जनताको घरदैलोको सरकारको उपस्थिति वडा कार्यालयहरुले जनाएका छन् जहाँ दरबन्दी अनुरुपका अधिकांस पदहरु रि क्त रहेका छन्। पद पूर्ती हुन बाँकी दरबन्दीमा कतिपय कानूनी कुराले रोकिएको छ भने रिक्त बाँकी पदहरु यथाशिघ्र पद पूर्तिको लागि प्रकृया अगाडि बढाईनेछ।

(८०) जनताको नजिकको सरकारको पहिचान दिने सेवा प्रवाह इकाइहरु वडा कार्यालय हुन । यि कार्यालयको ब्यवस्थापकिय पक्षमा बिशेष ध्यान दिइने छ । ब्यवस्थापकिय खर्च बृद्दी गरिनुका साथै नीति तथा कार्यक्रमको ब्यवस्था बमोजिम समग्र नगरपालिकाको तर्फवाट उत्कृष्ट कर्मचारी पुरस्कृत गरिनुका साथै वडा कार्यालयमा कार्यरत उत्कृष्ट कर्मचारीलाइ आगामी वर्ष देखि पुरस्कृत गर्ने कामको थालनी गरिने छ ।

(८१) सेवा ग्राहीलाई सम्मान पूर्वक सेवा प्राप्त गर्ने हक स्थापित गरिने छ। कर्मचारीको क्षमता अभिबृद्धि गर्न र प्रोत्साहन मूलक गतिबिधिको लागि प्रशस्त बजेटको ब्यवस्था गरिएकी छ ।

(८२) कार्यालयको कामलाई सूचना प्रविधि मैत्री बनाई पछिल्लो प्रविधिको प्रयोगलाई विशेष प्राथमिकता दिईने छ । निर्णय प्रक्रियालाई छिटो छरितो बनाई सरकारी काममा ढिला सुस्ती हुन दिईने छैन् । कागजी कामलाई क्रमशः न्यून गर्दै लगी प्रविधिको प्रयोगलाई अत्यधिक महत्व दिईने छ ।

(८३) योजना शाखा र खरिद ईकाईलाई थप क्षमतावान बनाई परिणाम मुखि बनाईने छ ।

(८४) कार्यालयमा वार्षिक कार्यक्रम तथा बजेट, पुस्तिका प्रकाशन, जानकारी मूलक प्रकाशनहरु, स्थानीय पत्रपत्रिका, वेवसाईट अध्यावधिक, एफ.एम मार्फत गतिविधिहरु सार्वजनिकीकरण, कार्यालयका गतिविधिहरुलाई चौमासिक समिक्षा गोष्ठी, सार्वजनिक सुनुवाई, सार्वजनिक लेखापरिक्षण, कार्यालयमा सूचना पाटी, हेल्प डेस्को ब्यवस्थालगायतका सुशासनसंग सम्वन्धित कुराहरुलाई प्रभावकारी बनाउन प्रयाप्त बजेटको ब्यवस्था गरेकी छु ।

(८५) नागरिक वडापत्रको प्रभावकारी कार्यान्वयनको लागि सचेतना अभियान संचालन गरिनेछ । वडा कार्यालय 'स्वास्थ्य संस्था' विद्यालयहरुमा सूझाब पेटिका राख्ने कामलाई प्राथमिकता दिईनेछ ।

(८६) आगामि आ.व २०७८/०७९ मा सुशासन प्रबर्धन निमित्त नगर कार्यपालिकाको कार्यालयका गतिबिधिहरुलाई सेवाग्राहिले देख्नेगरी डिजिटल वडा पत्र र नोटीस बोर्डको व्यवस्था गरिनेछ र सुशासन प्रबर्धनमा बिशेष प्राथमिकता दिईने छ। मुसिकोट नगरपालिका भित्रका बाँकी रहेका विद्यालयहरुमा बिद्युतिय हाजिरी राख्ने कामलाई  चालु आ.व राख्न प्राथमिकता दिइने छ ।

(८७) नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा बिद्युतिय हाजिरी जडान गर्ने कार्य सम्पन्न भईसकेको छ । राष्ट्रिय परिचय पत्र र गरिव घर परिवार पहिचान परिचय पत्र बितरणको कामलाइ सम्पन्न गरिने छ ।

(८८) सार्वजनिक प्रशासन संचालनतर्फ  चालु कार्यक्रम अन्तर्गत रु  ६ करोड  १६ लाख १८ हजार ३ शय ४५ रुपैंया ६० पैसा बजेट बिनियोजन गरेको छु । सुरक्षा व्यवस्थापन क्षेत्र तर्फ रु.  ९ लाख २५ हजार रुपैयाँ विनियोजन गरेको छु । सूचना प्रविधि क्षेत्र तर्फ रु. ५ लाख रुपैयाँ विनियोजन गरेको छु । पञ्जीरकरण व्यवस्थापन, स्थानीय तहको स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन र सुशासन प्रवर्द्धनका लागि समेत आवश्यक वजेट विनियोजन गरेको छु । त्यसैगरी अन्य वर्गीकृत नभएको शीर्षक अन्तर्गत फर्निचर, मेशीनरी औजारको लागि रु.  १० लाख रुपैयाँ विनियोजन गरेकी  छु ।

(८९) आकस्मिक मर्मत संभारका लागि मर्मत संभार कोषबाट खर्च गर्नका लागि रु. १० लाखको मर्मत संभार कोष र स्थानीय तहमा रहेका साविक स्थानीय निकायबाट स्थायी भई कामकाज गरेका कर्मचारीहरुको सेवा सुविधाका लागि रु. ५ लाखको कर्मचारी कल्याण कोषको व्यवस्था गरेकी छु ।

(९०) यस नगरपालिका भित्र सामाजिक परिचालनको माध्ययमबाट जनतालाई प्रत्यक्ष रुपमा देख्न, छाम्न र अनुभूत गर्न पाउने स्थानीय सरकारको आभाष दिलाउनको लागि सामाजिक परिचालनको क्षेत्रमा आवश्यक वजेट विनियोजन गरेकी छु ।

(९१) यसै सम्मानित सभा समक्ष मिति २०७८ आषाढ ०७ गते पेश भएको नीति तथा कार्यक्रम नै हाम्रो आर्थिक वर्ष २०७८/०७९ को बजेट तथा कार्यक्रमको मूख्य आधार भएकोले नीति तथा कार्यक्रममा उल्लेख भई छुट हुन गएका कतिपय विषयहरु यसै बजेट तथा कार्यक्रममा समाबेश गरी कार्यान्वयन गरिने ब्यहोरा यस सम्मानित सभा समक्ष

जानकारी गराउन चाहन्छु ।

(९२) संस्थागत विकास, सेवा प्रवाह र सुशासन शिर्शक अन्तर्गत संघ, प्रदेश र अन्य बिषयगत क्षेत्रका अतिरिक्त आगामी आ.व. २०७८/०७९ को लागी रु ६करोड १६ लाख १हजार ३४६ बजेट व्यवस्था गरेको छु जुन नगर तर्फको कुल बजेटको २५ प्रतिशत हुन आंउदछ ।

**सभाध्यक्ष महोदय,**

**सभासदस्य ज्यूहरु,**

**उपस्थित महानुभावहरु,**

अन्त्यमा,

(९३) मुसिकोटको समष्टिगत विकासका लागि सहयोग पुर्याउने नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार, राष्ट्रिय योजना आयोग, प्रदेश योजना आयोग, नेपाल सरकारका विषयगत मन्त्रालयहरु, दातृ निकायहरु, नीजि क्षेत्र, बुद्धिजीवि, पत्रकार र सम्पुर्ण नागरिकहरु प्रति धन्यबाद दिंदै विकासका हरेक अभियानमा निरन्तर सहयोगको अपेक्षा गर्दै प्रस्तुत बजेट तथा कार्यक्रमहरुको सफल कार्यान्वयनको लागि सबै पक्षको सहयोग प्राप्त हुने अपेक्षा राखेको छु । सम्पूर्ण मुसिकोट बासी दिदी बहिनी तथा दाजुभाईलाई कोभिड-१९ को जोखिमवाट सुरक्षित रहंदै सामाजिक एकता र ऐक्यबद्दता कायम राख्दै सबल, सक्षम, सुदृढ र न्यायपूर्ण मुसिकोट निर्माणमा योगदान गर्न म आब्हान गर्दछु ।

धन्यबाद ।

सरस्वती घिमिरे
कार्यपालिका सदस्य

**मुसिकोट नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, गुल्मी**
**कार्यालयको कोड : ८०५५२४०१३००**

**अनुसूची १**

**आय व्ययको बिबरण**

आ.व. : २०७८/७९

| शीर्षक | आ.व. २०७६/७७ को यथार्थ | आ.व. २०७७/७८ को संशोधित अनुमान | आ.व. २०७८/७९ को अनुमान |
|---|---|---|---|
| आय | ४९,९१,४६,९९८.२८ | ६७,५३,३७,४१० | ६२,६२,१७,४७७ |
| राजस्व | ७,९१,१८,९९८.२८ | १०,८७,०६,३१० | ११,७२,२६,४७७ |
| आन्तरिक श्रोत | १,२२,०३,४५८.४७ | १,६०,६१,००० | १,५३,६८,००० |
| ११३१३ एकीकृत सम्पती कर | १५,२७,००३.५० | १५,००,००० | २५,००,००० |
| ११३१४ भुमिकर/मालपोत | १६,१२,२३८.५५ | १५,००,००० | १७,००,००० |
| ११३२१ घरवहाल कर | १,३०,६५४.२९ | ५,००,००० | ५,००,००० |
| ११६९१ अन्य कर | ४,१९,७१२.३३ | ५०,००० | १०,००,००० |
| १४१९१ पर्यटन शुल्क | | ११,००० | ० |
| १४२१२ सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | ४९,०१,३८५ | | |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | | ७५,००,००० | ४३,६८,००० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ३,३९,४५० | ७,००,००० | ८,००,००० |
| १४२४२ नक्सापास दस्तुर | १,१०,७५१ | ५,००,००० | ६,००,००० |
| १४२४३ सिफारिश दस्तुर | १२,४६,५३३.३० | २०,००,००० | २०,००,००० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ५,४२,८०० | ७,००,००० | ७,००,००० |
| १४६११ व्यवसाय कर | ३,९४,७५० | ६,००,००० | ७,००,००० |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | ६,६९,१५,५३९.८१ | ९,२६,४५,३१० | १०,१८,५८,४७७ |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ६,०४,३०,९१८.८८ | ८,५८,५८,३१० | ४,३२,३१,५०० |
| ११४२१ बाँडफाँड भइ प्राप्त हुने अन्तःशुल्क | | ० | ४,३२,३१,५०० |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ६४,८४,६२०.९३ | ६७,८७,००० | १,५३,९५,४७७ |
| अन्य आय | ९,७८,१८०.५० | ५,००,००० | ५,००,००० |
| १४५२९ अन्य राजस्व | ९,७८,१८०.५० | ५,००,००० | ५,००,००० |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | ४२,००,२८,००० | ५६,६६,३१,१०० | ५०,८९,९१,००० |
| संघीय सरकार | ३७,८६,४२,००० | ५१,६५,६२,१०० | ४७,१८,००,००० |
| १३३११ समानिकरण अनुदान | ११,४९,००,००० | ११,३६,००,००० | १२,००,००,००० |
| १३३१२ शसर्त अनुदान चालु | २५,४३,४२,००० | ३४,६२,६२,१०० | २८,३८,००,००० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | | ० | ३,०७,००,००० |
| १३३१४ विषेश अनुदान चालु | | ३,५०,००,००० | ० |
| १३३१५ विषेश अनुदान पुँजीगत | | ० | २,९८,००,००० |
| १३३१६ समपुरक अनुदान चालु | ९४,००,००० | १,१७,००,००० | ० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | | ० | ७५,००,००० |
| १३३१८ अन्य अनुदान चालु | | १,००,००,००० | ० |
| प्रदेश सरकार | ४,१३,८६,००० | ५,००,६९,००० | ३,७१,९१,००० |
| १३३११ समानिकरण अनुदान | ४३,३७,००० | ५२,१९,००० | ५६,४७,००० |
| १३३१२ शसर्त अनुदान चालु | १,१०,००,००० | १,७८,५०,००० | १,१५,४४,००० |

**मुसिकोट नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, गुल्मी**
**कार्यालयको कोड : ८०५५२४०१३००**

**अनुसूची १**

**आय व्ययको बिबरण**

आ.व. : २०७८/७९

| शीर्षक | आ.व. २०७६/७७ को यथार्थ | आ.व. २०७७/७८ को संशोधित अनुमान | आ.व. २०७८/७९ को अनुमान |
|---|---|---|---|
| १३३१४ विषेश अनुदान चालु | ७०,००,००० | ७०,००,००० | ० |
| १३३१६ समपुरक अनुदान चालु | १,९०,४९,००० | २,००,००,००० | २,००,००,००० |
| बैदेशिक | | | |
| जनसहभागिता | | | |
| वित्तीय व्यवस्था (प्राप्ति) | | | |
| | | | |
| व्यय | ४५,४७,११,२२७.३५ | ६८,६५,९४,७३० | ६२,६२,१७,४७७ |
| चालु | २७,६७,१५,०७०.३५ | ३९,३३,६६,३८९ | ४०,७३,८४,६३६ |
| २११११ पारिश्रमिक कर्मचारी | १६,३९,८१,०८२.१५ | ३,८७,४६,६०० | २३,९५,६३,३८३ |
| २११२१ पोशाक | ५३,७०,००० | ७,८०,००० | २९,८५,००० |
| २११२२ खाद्यान्न | ० | ० | १,५०,००० |
| २११२३ औषधीउपचार खर्च | ० | ० | १०,००,००० |
| २११३१ स्थानीय भत्ता | ४,२५,२२४ | ६,१६,००० | ५,३२,८०० |
| २११३२ महंगी भत्ता | ८३,९०,९३३ | २७,६१,५०० | ९,८४,००० |
| २११३३ फिल्ड भत्ता | ० | ० | ५०,००० |
| २११३४ कर्मचारीको बैठक भत्ता | ४,९३,२०० | ६,००,००० | ५,००,००० |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ० | ० | ५,००,००० |
| २११३९ अन्य भत्ता | २३,१९५.२० | ३५,८१,००० | ३८,८४,००० |
| २११४१ पदाधिकारी बैठक भत्ता | २०,००,००० | १५,००,००० | १५,४२,००० |
| २११४२ पदाधिकारीअन्य सुबिधा | २१,६८,००० | १,६३,१८,००० | १,१७,००,००० |
| २१२१२ कर्मचारीको योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | ० | ० | ६,७५,००० |
| २१२१४ कर्मचारी कल्याण कोष | ० | ० | ५,००,००० |
| २१२१९ अन्य सामाजिक सुरक्षा खर्च | ० | ४,००,००० | ७,००० |
| २२१११ पानी तथा बिजुली | ८,६२२ | १,८०,५७० | १,६५,००० |
| २२११२ संचार महसुल | १,६०,२६६ | २,७७,००० | ७,०८,००० |
| २२२११ इन्धन (पदाधिकारी) | १,००,००० | ५,००,००० | २,००,००० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | १०,२१,३०३ | ५,००,००० | ८,००,००० |
| २२२१३ सवारी साधन मर्मत खर्च | ८,८२,६०० | १०,००,००० | १२,००,००० |
| २२२१४ बिमा तथा नवीकरण खर्च | १,००,००० | ३,००,००० | ३,००,००० |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | १६,९५० | २,४२,००० | ५,९६,००० |
| २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ० | ० | २,००,००० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ११,३४,८९२ | १५,००,००० | १७,००,००० |
| २२३१४ इन्धन - अन्य प्रयोजन | ० | १,००,००० | २,००,००० |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १३,२३,२८८ | १५,००,००० | १०,००,००० |

**मुसिकोट नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, गुल्मी**
**कार्यालयको कोड : ८०५५२४०१३००**

**अनुसूची १**

**आय व्ययको बिबरण**

आ.व. : २०७८/७९

| शीर्षक | आ.व. २०७६/७७ को यथार्थ | आ.व. २०७७/७८ को संशोधित अनुमान | आ.व. २०७८/७९ को अनुमान |
|---|---|---|---|
| २२३१९ अन्य कार्यालय संचालन खर्च | ० | ० | १,५७,००० |
| २२४११ सेवा र परामर्श खर्च | १०,०८,७९७ | १२,६५,००० | २,५०,००० |
| २२४१३ करार सेवा शुल्क | १,६०,९८,६०० | २,५४,५०,०८८ | २,१४,८९,२२० |
| २२४१४ सरसफाईसेवा शुल्क | ० | ० | ५,००,००० |
| २२४१९ अन्य सेवा शुल्क | १,६४,६४४ | ५,५०,००० | ३,००,००० |
| २२५११ कर्मचारी तालिम खर्च | ० | ३,७७,१५९ | ३,००,००० |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | १७,७८,९६८ | ६,३५,००० | ३,००,००० |
| २२५२१ उत्पादन सामग्री / सेवा खर्च | ० | ० | ० |
| २२५२२ कार्यक्रम खर्च | ५,४२,७४,८९२ | ७,९९,१२,४७२ | ३,१३,९२,००० |
| २२५२९ विविध कार्यक्रम खर्च | ० | ६,६०,००० | ४,६०,१८,००० |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | ३,०२,००० | १,६२,००० | ८,४९,००० |
| २२६१२ भ्रमण खर्च | १७,५६,१२० | १८,३०,००० | १०,३२,००० |
| २२६१९ अन्य भ्रमण खर्च | ० | ० | ७,००,००० |
| २२७११ विविध खर्च | ९,५४,०९५ | १२,५०,००० | १७,५९,२३३ |
| २२७२१ सभा सञ्चालन खर्च | ६,३१,८०० | ७,००,००० | ६,००,००० |
| २५३११ शैक्षिक संस्थाहरूलाई सहायता | ७१,९०,७०७ | १७,७४,५२,००० | ६५,४७,००० |
| २५३१२ स्वास्थ संस्थाहरूलाई सहायता | ० | ४१,५०,००० | ० |
| २५३१३ उपभोक्ता समिति तथा गैर सरकारी संस्था सहायता | ४५,३०० | ३,००,००० | २,००,००० |
| २७१११ सामाजिक सुरक्षा | १८,६१,९६० | ७२,४३,००० | १,९९,००० |
| २७११२ अन्य सामाजिक सुरक्षा | ० | ० | २,००,००० |
| २७२११ छात्रवृत्ति | ० | २,९६,००० | ० |
| २७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च | ० | १७,७५,००० | ५७,००,००० |
| २७२१३ औषधीखरिद खर्च | १५,४८,७६२ | ३२,३५,००० | ० |
| २७२१९ अन्य सामाजिक सहायता | १,८५,००० | १,२५,७१,००० | ३,००,००० |
| २८१४१ जग्गाको भाडा | ४५,६०० | १,००,००० | २,००,००० |
| २८१४२ घरभाडा | ११,२२,६६० | १७,५०,००० | १५,००,००० |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | १,४५,६१० | २,००,००० | २,५०,००० |
| २८१४९ अन्य भाडा | ० | १,००,००० | ० |
| २८९११ भैपरी आउने चालु खर्च | ० | ० | १,५०,००,००० |
| पूंजीगत | १७,७९,९६,१५७ | २९,३२,२८,३४१ | २१,८८,३२,८४१ |
| ३११११ आवासीय भवन निर्माण/खरिद | ० | ३६,७३,००० | ० |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | २,४३,२१,४०० | ७,८५,१०,८४१ | ४,९९,५०,००० |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ० | ३५,२५,०२९ | ० |

# मुसिकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, गुल्मी
**कार्यालयको कोड : ८०५५२४०१३००**

**अनुसूची १**

**आय व्ययको बिबरण**

आ.व. : २०७८/७९

| शीर्षक | आ.व. २०७६/७७ को यथार्थ | आ.व. २०७७/७८ को संशोधित अनुमान | आ.व. २०७८/७९ को अनुमान |
|---|---|---|---|
| ३११२२ मेशिनरी तथा औजार | १७,२४,७०० | २२,५५,००० | ११,६०,००० |
| ३११२३ फर्निचर तथा फिक्चर्स | ४,६२,८२२ | ५,००,००० | ५,५०,००० |
| ३११३१ पशुधन तथा बागवानी विकास खर्च | ८४,११,२९१ | ९८,४०,५११ | १,३३,००,००० |
| ३११३२ अनुसन्धान तथा विकास सम्बन्धी खर्च | १९,८८,१३१ | ० | ९,००,००० |
| ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | १,८५,५०० | ५,००,००० | ७,००,००० |
| ३११३५ पूँजीगत परामर्श खर्च | ० | ६०,००,००० | २२,००,००० |
| ३११५१ सडक तथा पूल निर्माण | ३,६७,५०,६१३ | २,६३,२९,२७५ | ४,८०,७२,८४१ |
| ३११५३ विद्युत संरचना निर्माण | ० | १०,००,००० | ३,००,००० |
| ३११५४ तटबन्ध तथा बाँधनिर्माण | ३,००,००० | १,२६,००० | ३,२५,००० |
| ३११५५ सिंचाई संरचना निर्माण | २८,८९,५७४ | ४६,५०,००० | २८,८५,००० |
| ३११५६ खानेपानी संरचना निर्माण | ३,६८,५०,४०४ | २,८७,९६,५०० | १,८९,२५,००० |
| ३११५७ वन तथा वातावरण संरक्षण | १,४५,००० | ४२,५०,००० | १६,४०,००० |
| ३११५८ सरसफाई संरचना निर्माण | १०,७५,००० | ३,००,००० | ० |
| ३११५९ अन्य सार्वजनिक निर्माण | ३,३४,२१,४९० | ८,३४,७२,१८५ | ६,४२,२५,००० |
| ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | १,८०,१८,०३२ | ० | ३,००,००० |
| ३११७१ पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | ० | २,२०,००,००० | ३,००,००० |
| ३११७२ पूँजीगत अनुसन्धान तथा परामर्श | ८९,६०,००० | ५,००,००० | ० |
| ३१४११ जग्गाप्राप्ति खर्च | २४,९२,२०० | ७०,००,००० | २६,००,००० |
| ३१५११ भैपरी आउने पूँजीगत | ० | १,००,००,००० | १,०५,००,००० |
| बजेट बचत (+)/न्यून | ४,४४,३५,७७०.९३ | (१,१२,५७,३२०) | |
| गत वर्षको नगद मौज्दात | ३५,१०,१५५ | १,१२,५७,३२० | ० |

**मुसिकोट नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, गुल्मी**
**कार्यालयको कोड : ८०५५२४०१३००**

**अनुसूची २**

**राजस्व तथा अनुदान प्राप्तिको अनुमान**

आ.व. : २०७८/७९

| शीर्षक | आ.व. २०७६/७७ को यथार्थ | आ.व. २०७७/७८ को संशोधित अनुमान | आ.व. २०७८/७९ को अनुमान |
|---|---|---|---|
| आय | ५०,२६,५७,१५३.२८ | ६८,६५,९४,७३० | ६२,६२,१७,४७७ |
| राजस्व | ८,२६,२९,१५३.२८ | ११,९९,६३,६३० | ११,७२,२६,४७७ |
| आन्तरिक श्रोत | १,५७,१३,६१३.४७ | २,७३,१८,३२० | १,५३,६८,००० |
| ११३१३ एकीकृत सम्पती कर | १५,२७,००३.५० | १५,००,००० | २५,००,००० |
| ११३१४ भुमिकर/मालपोत | १६,१२,२३८.५५ | १५,००,००० | १७,००,००० |
| ११३२१ घरवहाल कर | १,३०,६५४.२९ | ५,००,००० | ५,००,००० |
| ११६९१ अन्य कर | ४,१९,७१२.३३ | ५०,००० | १०,००,००० |
| १४१९१ पर्यटन शुल्क | | ११,००० | ० |
| १४२१२ सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | ४९,०१,३८५ | | |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | | ७५,००,००० | ४३,६८,००० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ३,३९,४५० | ७,००,००० | ८,००,००० |
| १४२४२ नक्सापास दस्तुर | १,१०,७५१ | ५,००,००० | ६,००,००० |
| १४२४३ सिफारिश दस्तुर | १२,४६,५३३.३० | २०,००,००० | २०,००,००० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ५,४२,८०० | ७,००,००० | ७,००,००० |
| १४६११ व्यवसाय कर | ३,९४,७५० | ६,००,००० | ७,००,००० |
| ३२१२१ नगद | ३५,१०,१५५ | | |
| ३२१२२ बैंक मौज्दात | | १,१२,५७,३२० | ० |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | ६,६९,१५,५३९.८१ | ९,२६,४५,३१० | १०,१८,५८,४७७ |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ६,०४,३०,९१८.८८ | ८,५८,५८,३१० | ४,३२,३१,५०० |
| ११४२१ बाँडफाँड भ्ाइ प्राप्त हुने अन्त:शुल्क | | ० | ४,३२,३१,५०० |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ६४,८४,६२०.९३ | ६७,८७,००० | १,५३,९५,४७७ |
| अन्य आय | ९,७८,१८०.५० | ५,००,००० | ५,००,००० |
| १४५२९ अन्य राजस्व | ९,७८,१८०.५० | ५,००,००० | ५,००,००० |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | ४२,००,२८,००० | ५६,६६,३१,१०० | ५०,८९,९१,००० |
| संघीय सरकार | ३७,८६,४२,००० | ५१,६५,६२,१०० | ४७,१८,००,००० |
| १३३११ समानिकरण अनुदान | ११,४९,००,००० | ११,३६,००,००० | १२,००,००,००० |
| १३३१२ शसर्त अनुदान चालु | २५,४३,४२,००० | ३४,६२,६२,१०० | २८,३८,००,००० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | | ० | ३,०७,००,००० |
| १३३१४ विषेश अनुदान चालु | | ३,५०,००,००० | ० |
| १३३१५ विषेश अनुदान पुँजीगत | | ० | २,९८,००,००० |
| १३३१६ समपुरक अनुदान चालु | ९४,००,००० | १,१७,००,००० | ० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | | ० | ७५,००,००० |

**अनुसूची २**

## मुसिकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, गुल्मी
**कार्यालयको कोड : ८०५५२४०१३००**

**राजस्व तथा अनुदान प्राप्तिको अनुमान**

आ.व. : २०७८/७९

| शीर्षक | आ.व. २०७६/७७ को यथार्थ | आ.व. २०७७/७८ को संशोधित अनुमान | आ.व. २०७८/७९ को अनुमान |
|---|---|---|---|
| १३३१८ अन्य अनुदान चालु | | १,००,००,००० | ० |
| प्रदेश सरकार | ४,१३,८६,००० | ५,००,६९,००० | ३,७१,९१,००० |
| १३३११ समानिकरण अनुदान | ४३,३७,००० | ५२,१९,००० | ५६,४७,००० |
| १३३१२ शसर्त अनुदान चालु | १,१०,००,००० | १,७८,५०,००० | १,१५,४४,००० |
| १३३१४ विषेश अनुदान चालु | ७०,००,००० | ७०,००,००० | ० |
| १३३१६ समपुरक अनुदान चालु | १,९०,४९,००० | २,००,००,००० | २,००,००,००० |
| बैदेशिक | | | |
| जनसहभागिता | | | |

# मुसिकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, गुल्मी
**कार्यालयको कोड : ८०५५२४०१३००**

अनुसूची ३

### व्यय अनुमान

आ.व. : २०७८/७९

| शीर्षक | आ.व. २०७६/७७ को यथार्थ | आ.व. २०७७/७८ को संशोधित अनुमान | आ.व. २०७८/७९ को अनुमान | स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जनसहभागिता | बैदेशिक |
| | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | | |
| व्यय | ४५,४७,११,२२७.३५ | ६८,६५,९४,७३० | ६२,६२,१७,४७७ | ११,७२,२६,४७७ | ४७,१८,००,००० | ३,७१,९१,००० | ० | ० | ० | ० |
| चालु | २७,६७,१५,०७०.३५ | ३९,३३,६६,३८९ | ४०,७३,८४,६३६ | ७,०६,६८,६३६ | ३३,५७,७२,००० | ९,४४,००० | ० | ० | ० | ० |
| २११११ पारिश्रमिक कर्मचारी | १६,३९,८१,०८२.१५ | ३,८७,४६,६०० | २३,९५,६३,३८३ | २,१८,७९,४७७ | २१,७१,८९,९०६ | ४,९४,००० | ० | ० | ० | ० |
| २११२१ पोशाक | ५३,७०,००० | ७,८०,००० | २९,८५,००० | ४,३५,००० | २५,५०,००० | ० | ० | ० | ० | ० |
| २११२२ खाद्यान्न | ० | ० | १,५०,००० | ० | १,५०,००० | ० | ० | ० | ० | ० |
| २११२३ औषधीउपचार खर्च | ० | ० | १०,००,००० | ० | १०,००,००० | ० | ० | ० | ० | ० |
| २११३१ स्थानीय भत्ता | ४,२५,२२४ | ६,१६,००० | ५,३२,८०० | ० | ५,३२,८०० | ० | ० | ० | ० | ० |
| २११३२ महंगी भत्ता | ८३,९०,९३३ | २७,६१,५०० | ९,८४,००० | ० | ९,८४,००० | ० | ० | ० | ० | ० |
| २११३३ फिल्ड भत्ता | ० | ० | ५०,००० | ० | ५०,००० | ० | ० | ० | ० | ० |
| २११३४ कर्मचारीको बैठक भत्ता | ४,९३,२०० | ६,००,००० | ५,००,००० | ० | ५,००,००० | ० | ० | ० | ० | ० |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ० | ० | ५,००,००० | ० | ५,००,००० | ० | ० | ० | ० | ० |
| २११३९ अन्य भत्ता | २३,१९५.२० | ३५,८१,००० | ३८,८४,००० | १,००,००० | ३७,८४,००० | ० | ० | ० | ० | ० |
| २११४१ पदाधिकारी बैठक भत्ता | २०,००,००० | १५,००,००० | १५,४२,००० | १५,००,००० | ४२,००० | ० | ० | ० | ० | ० |
| २११४२ पदाधिकारीअन्य सुबिधा | २१,६८,००० | १,६३,१८,००० | १,१७,००,००० | ८६,०९,७७० | ३०,९०,२३० | ० | ० | ० | ० | ० |
| २१२१२ कर्मचारीको योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | ० | ० | ६,७५,००० | ० | ६,७५,००० | ० | ० | ० | ० | ० |
| २१२१४ कर्मचारी कल्याण कोष | ० | ० | ५,००,००० | ० | ५,००,००० | ० | ० | ० | ० | ० |

# मुसिकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, गुल्मी
**कार्यालयको कोड : ८०५५२४०१३००**

अनुसूची ३

### व्यय अनुमान

आ.व. : २०७८/७९

| शीर्षक | आ.व. २०७६/७७ को यथार्थ | आ.व. २०७७/७८ को संशोधित अनुमान | आ.व. २०७८/७९ को अनुमान | स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जनसहभागिता | बैदेशिक |
| | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | | |
| २१२१९ अन्य सामाजिक सुरक्षा खर्च | ० | ४,००,००० | ७,००० | ० | ७,००० | ० | ० | ० | ० | ० |
| २२१११ पानी तथा बिजुली | ८,६२२ | १,८०,५७० | १,६५,००० | ० | १,६५,००० | ० | ० | ० | ० | ० |
| २२११२ संचार महसुल | १,६०,२६६ | २,७७,००० | ७,०८,००० | ० | ७,०८,००० | ० | ० | ० | ० | ० |
| २२२११ इन्धन (पदाधिकारी) | १,००,००० | ५,००,००० | २,००,००० | २,००,००० | ० | ० | ० | ० | ० | ० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | १०,२१,३०३ | ५,००,००० | ८,००,००० | ८,००,००० | ० | ० | ० | ० | ० | ० |
| २२२१३ सवारी साधन मर्मत खर्च | ८,८२,६०० | १०,००,००० | १२,००,००० | १२,००,००० | ० | ० | ० | ० | ० | ० |
| २२२१४ बिमा तथा नवीकरण खर्च | १,००,००० | ३,००,००० | ३,००,००० | ० | ३,००,००० | ० | ० | ० | ० | ० |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | १६,९५० | २,४२,००० | ५,९६,००० | ५,००,००० | ९६,००० | ० | ० | ० | ० | ० |
| २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ० | ० | २,००,००० | २,००,००० | ० | ० | ० | ० | ० | ० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ११,३४,८९२ | १५,००,००० | १७,००,००० | ११,२०,००० | ३,८०,००० | २,००,००० | ० | ० | ० | ० |
| २२३१४ इन्धन - अन्य प्रयोजन | ० | १,००,००० | २,००,००० | २,००,००० | ० | ० | ० | ० | ० | ० |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १३,२३,२८८ | १५,००,००० | १०,००,००० | १०,००,००० | ० | ० | ० | ० | ० | ० |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | ० | ० | १,५७,००० | ३५,००० | १,२२,००० | ० | ० | ० | ० | ० |
| २२४११ सेवा र परामर्श खर्च | १०,०८,७९७ | १२,६५,००० | २,५०,००० | ० | २,५०,००० | ० | ० | ० | ० | ० |

**मुसिकोट नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, गुल्मी**
**कार्यालयको कोड : ८०५५२४०१३००**

**अनुसूची ३**

**व्यय अनुमान**

आ.व. : २०७८/७९

| शीर्षक | आ.व. २०७६/७७ को यथार्थ | आ.व. २०७७/७८ को संशोधित अनुमान | आ.व. २०७८/७९ को अनुमान | स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जनसहभागिता | बैदेशिक |
| | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | | |
| २२४१३ करार सेवा शुल्क | १,६०,९८,६०० | २,५४,५०,०८८ | २,१४,८९,२२० | २,१४,८९,२२० | ० | ० | ० | ० | ० | ० |
| २२४१४ सरसफाईसेवा शुल्क | ० | ० | ५,००,००० | ५,००,००० | ० | ० | ० | ० | ० | ० |
| २२४१९ अन्य सेवा शुल्क | १,६४,६४४ | ५,५०,००० | ३,००,००० | ० | ३,००,००० | ० | ० | ० | ० | ० |
| २२५११ कर्मचारी तालिम खर्च | ० | ३,७७,१५९ | ३,००,००० | ३,००,००० | ० | ० | ० | ० | ० | ० |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | १७,७८,९६८ | ६,३५,००० | ३,००,००० | ३,००,००० | ० | ० | ० | ० | ० | ० |
| २२५२१ उत्पादन सामग्री / सेवा खर्च | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २२५२२ कार्यक्रम खर्च | ५,४२,७४,८९२ | ७,९९,१२,४७२ | ३,१३,९२,००० | ३०,१५,९३६ | २,८३,२६,०६४ | ५०,००० | ० | ० | ० | ० |
| २२५२९ विविध कार्यक्रम खर्च | ० | ६,६०,००० | ४,६०,१८,००० | १०,५०,००० | ४,४७,६८,००० | २,००,००० | ० | ० | ० | ० |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | ३,०२,००० | १,६२,००० | ८,४९,००० | ५,५०,००० | २,९९,००० | ० | ० | ० | ० | ० |
| २२६१२ भ्रमण खर्च | १७,५६,१२० | १८,३०,००० | १०,३२,००० | ८,००,००० | २,३२,००० | ० | ० | ० | ० | ० |
| २२६१९ अन्य भ्रमण खर्च | ० | ० | ७,००,००० | ७,००,००० | ० | ० | ० | ० | ० | ० |
| २२७११ विविध खर्च | ९,५४,०९५ | १२,५०,००० | १७,५९,२३३ | १२,८४,२३३ | ४,७५,००० | ० | ० | ० | ० | ० |
| २२७२१ सभा सञ्चालन खर्च | ६,३१,८०० | ७,००,००० | ६,००,००० | ६,००,००० | ० | ० | ० | ० | ० | ० |
| २५३११ शैक्षिक संस्थाहरूलाई सहायता | ७१,९०,७०७ | १७,७४,५२,००० | ६५,४७,००० | ० | ६५,४७,००० | ० | ० | ० | ० | ० |
| २५३१२ स्वास्थ संस्थाहरूलाई सहायता | ० | ४१,५०,००० | ० | ० | ० | ० | ० | ० | ० | ० |

अनुसूची ३

**मुसिकोट नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, गुल्मी**
**कार्यालयको कोड : ८०५५२४०१३००**

**व्यय अनुमान**

आ.व. : २०७८/७९

| शीर्षक | आ.व. २०७६/७७ को यथार्थ | आ.व. २०७७/७८ को संशोधित अनुमान | आ.व. २०७८/७९ को अनुमान | स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जनसहभागिता | बैदेशिक |
| | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | | |
| २५३१३ उपभोक्ता समिति तथा गैर सरकारी संस्था सहायता | ४५,३०० | ३,००,००० | २,००,००० | ० | २,००,००० | ० | ० | ० | ० | ० |
| २७१११ सामाजिक सुरक्षा | १८,६१,९६० | ७२,४३,००० | १,९९,००० | ० | १,९९,००० | ० | ० | ० | ० | ० |
| २७११२ अन्य सामाजिक सुरक्षा | ० | ० | २,००,००० | ५०,००० | १,५०,००० | ० | ० | ० | ० | ० |
| २७२११ छात्रवृत्ति | ० | २,९६,००० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च | ० | १७,७५,००० | ५७,००,००० | ० | ५७,००,००० | ० | ० | ० | ० | ० |
| २७२१३ औषधीखरिद खर्च | १५,४८,७६२ | ३२,३५,००० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २७२१९ अन्य सामाजिक सहायता | १,८५,००० | १,२५,७१,००० | ३,००,००० | ३,००,००० | ० | ० | ० | ० | ० | ० |
| २८१४१ जग्गाको भाडा | ४५,६०० | १,००,००० | २,००,००० | २,००,००० | ० | ० | ० | ० | ० | ० |
| २८१४२ घरभाडा | ११,२२,६६० | १७,५०,००० | १५,००,००० | १५,००,००० | ० | ० | ० | ० | ० | ० |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | १,४५,६१० | २,००,००० | २,५०,००० | २,५०,००० | ० | ० | ० | ० | ० | ० |
| २८१४९ अन्य भाडा | ० | १,००,००० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २८९११ भैपरी आउने चालु खर्च | ० | ० | १,५०,००,००० | ० | १,५०,००,००० | ० | ० | ० | ० | ० |
| पूंजीगत | १७,७९,९६,१५७ | २९,३२,२८,३४१ | २१,८८,३२,८४१ | ४,६५,५७,८४१ | १३,६०,२८,००० | ३,६२,४७,००० | ० | ० | ० | ० |
| ३११११ आवासीय भवन निर्माण/खरिद | ० | ३६,७३,००० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | २,४३,२१,४०० | ७,८५,१०,८४१ | ४,९९,५०,००० | १,४०,००,००० | ३,०९,५०,००० | ५०,००,००० | ० | ० | ० | ० |

**मुसिकोट नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, गुल्मी**
**कार्यालयको कोड : ८०५५२४०१३००**

**अनुसूची ३**

**व्यय अनुमान**

आ.व. : २०७८/७९

| शीर्षक | आ.व. २०७६/७७ को यथार्थ | आ.व. २०७७/७८ को संशोधित अनुमान | आ.व. २०७८/७९ को अनुमान | स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जनसहभागिता | बैदेशिक |
| | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | | |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ० | ३५,२५,०२९ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३१११२२ मेशिनरी तथा औजार | १७,२४,७०० | २२,५५,००० | ११,६०,००० | १०,००,००० | १,६०,००० | ० | ० | ० | ० | ० |
| ३११२३ फर्निचर तथा फिक्चर्स | ४,६२,८२२ | ५,००,००० | ५,५०,००० | ५,००,००० | ५०,००० | ० | ० | ० | ० | ० |
| ३११३१ पशुधन तथा बागवानी विकास खर्च | ८४,११,२९१ | ९८,४०,५११ | १,३३,००,००० | १,०१,५०,००० | ३१,५०,००० | ० | ० | ० | ० | ० |
| ३११३२ अनुसन्धान तथा विकास सम्बन्धी खर्च | १९,८८,१३१ | ० | ९,००,००० | ० | ९,००,००० | ० | ० | ० | ० | ० |
| ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | १,८५,५०० | ५,००,००० | ७,००,००० | ५,००,००० | २,००,००० | ० | ० | ० | ० | ० |
| ३११३५ पूँजीगत परामर्श खर्च | ० | ६०,००,००० | २२,००,००० | २२,००,००० | ० | ० | ० | ० | ० | ० |
| ३११५१ सडक तथा पूल निर्माण | ३,६७,५०,६१३ | २,६३,२९,२७५ | ४,८०,७२,८४१ | १,२१,९७,८४१ | २,४८,५८,००० | १,१०,१७,००० | ० | ० | ० | ० |
| ३११५३ विद्युत संरचना निर्माण | ० | १०,००,००० | ३,००,००० | १,००,००० | २,००,००० | ० | ० | ० | ० | ० |
(३) प्रदेश सरकारले अयोगसँग परामर्श गरी चालु आर्थिक वर्षको चैत्र मसान्तभित्र संविधानको धारा ६० को उपधारा (५) बमोजिम स्थानीय तहलाई उपलब्ध गराउने वित्तीय अनुदानको अनुमानित विवरण स्थानीय तहलाई उपलब्ध गराउनु पर्नेछ ।

१९. **<u>राजस्व प्रस्ताव तयार गर्ने:</u>** (१) नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले कर वा गैर कर राजस्वको प्रस्ताव गर्दा वा भैरहेको कर वा गैर कर राजस्वमा परिवर्तन गर्नु पर्दा त्यसको

आवश्यकता, औचित्य तथा त्यसबाट पर्ने प्रभाव समेत उल्लेख गरी प्रस्ताव तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम राजस्व प्रस्ताव तयार गर्दा प्रदेश वा स्थानीय तहले त्यस्तै विषयमा नेपाल सरकार, अन्य प्रदेश वा स्थानीय तहले लगाएका कर वा गैर कर र त्यसका दरसँग यथासम्भव तादात्म्य हुने गरी गर्नु पर्नेछ ।

## परिच्छेद-७

## राजस्व र व्ययको अनुमान

२०. **आर्थिक सर्वेक्षण पेश गर्नु पर्ने:** नेपाल सरकारले राजस्व र व्ययको अनुमान पेश गर्नु अगावै सङ्घीय संसदमा आर्थिक सर्वेक्षण पेश गर्नु पर्नेछ ।

२१. **राजस्व र व्ययको अनुमान पेश गर्नु पर्ने:** (१) नेपाल सरकारको अर्थ मन्त्रीले प्रत्येक वर्ष संविधान बमोजिम आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सङ्घीय संसदको दुवै सदनको संयुक्त बैठकमा पेश गर्नु पर्नेछ ।

(२) प्रदेशको अर्थ मन्त्रीले प्रत्येक वर्ष असार महिनाको एक गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान प्रदेश सभामा पेश गर्नु पर्नेछ ।

(३) गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक वर्ष असार महिनाको दश गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँ वा नगर सभामा पेश गर्नु पर्नेछ ।

(४) प्रदेश तथा स्थानीय तहले आफूले उठाएको राजस्व र यस ऐन बमोजिम राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व र व्ययको अनुमान पेश गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिम पेश गरिने राजस्व र व्ययको अनुमान दफा ३८ बमोजिमको मापदण्ड अनुरुप हुनु पर्नेछ ।

२२. **राजस्व र व्ययको अनुमान साथ संलग्न गर्नु पर्ने विवरण:** (१) नेपाल सरकार तथा प्रदेशले राजस्व र व्ययको अनुमान पेश गर्दा देहायका विवरण संलग्न गर्नु पर्नेछः-

(क) अघिल्लो आर्थिक वर्षमा गरिएको राजस्वको अनुमान अनुसार राजस्व सङ्कलन भए नभएको तथा प्रत्येक मन्त्रालयलाई छुट्याइएको खर्चको रकम र खर्च अनुसारको लक्ष्य हासिल भए नभएको विवरण,

(ख) दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना,

(ग) आगामी तीन आर्थिक वर्षको राजस्व, व्यय र अनुमानको प्रक्षेपण,

(घ) ऋण, लगानी तथा दायित्व सम्बन्धी विवरण,

(ङ) वित्तीय सन्तुलन कायम गर्न अपनाइने रणनीति उल्लेख भएको वित्तीय नीति,

(च) आगामी तीन आर्थिक वर्षको कूल ग्राहस्थ उत्पादनमा हुने वृद्धिदर, मुद्रास्फिति, चालु खाता सन्तुलन र भुक्तानी सन्तुलनको स्थिति उल्लेख भएको समष्टिगत आर्थिक स्थिति,

(छ) कर वा गैर करमा छुट दिइएको विवरण,

(ज) अघिल्लो आर्थिक वर्षको वैदेशिक सहायता प्राप्तिको विवरण ।

(२) नेपाल सरकार तथा प्रदेशले अघिल्लो वर्ष अनुमान गरे अनुसारको राजस्व सङ्कलन हुन नसकेको वा मन्त्रालयलाई छुट्याएको रकम लक्ष्य अनुसार खर्च हुन नसकेकोमा त्यसको कारण र त्यसका लागि गरिने सुधारका उपाय समेत उपदफा (१) को खण्ड (क) बमोजिमको विवरणमा उल्लेख गर्नु पर्नेछ ।

(३) उपदफा (१) को खण्ड (च) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेशले सो खण्ड बमोजिमको विवरण पेश गर्नु पर्ने छैन ।

(४) स्थानीय तहले राजस्व र व्ययको अनुमान पेश गर्दा अघिल्लो आर्थिक वर्षमा गरिएको राजस्वको अनुमान अनुसार राजस्व सङ्कलन हुन नसकेको वा खर्चको लागि छुट्याएको रकम लक्ष अनुसार खर्च हुन नसकेकोमा त्यसको कारण र त्यसका लागि गरिने सुधारका उपायको विवरण संलग्न गर्नु पर्नेछ ।

२३. **घाटा बजेट पेश गर्न सक्नेः** (१) नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले सम्बन्धित व्यवस्थापिकामा आवश्यकता अनुसार घाटा बजेट पेश गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम घाटा बजेट पेश गर्दा बजेट घाटा पूर्ति गर्ने स्रोतको स्पष्ट आधार समेत खुलाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रदेश तथा स्थानीय तहले घाटा बजेट पेश गर्दा नेपाल सरकारले संविधान र प्रचलित कानून बमोजिम कुनै सुझाव वा निर्देशन दिएको भए सोको पालना गर्नु पर्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रशासनिक खर्च व्यहोर्न घाटा बजेट पेश गर्न सकिने छैन ।

२४. **पेश्की खर्चः** (१) नेपाल सरकार तथा प्रदेशले विनियोजन विधेयक विचाराधीन रहेको अवस्थामा चालु आर्थिक वर्षको व्यय अनुमानको एक तिहाईभन्दा बढी नहुने गरी ऐन बमोजिम खर्च गर्न सक्नेछन् ।

(२) स्थानीय तहले विनियोजन विधेयक विचाराधीन रहेको अवस्थामा चालु आर्थिक वर्षको व्ययको एक तिहाईभन्दा बढी नहुने गरी कानून बमोजिम खर्च गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम खर्च भएको रकम विनियोजन विधेयकमा समावेश गर्नु पर्नेछ ।

## परिच्छेद-८
## वित्तीय अनुशासन

२५. **आर्थिक तथा वित्तीय नीति अनुशरण गर्नु पर्ने:** प्रदेश तथा स्थानीय तहले आर्थिक र वित्तीय नीति तर्जुमा गर्दा नेपाल सरकारको आर्थिक र वित्तीय नीति अनुशरण गर्नु पर्नेछ ।

२६. **सञ्चित कोषमा दाखिला गर्नु पर्ने:** यस ऐनमा अन्यथा व्यवस्था भएकोमा बाहेक नेपाल सरकार, प्रदेश तथा स्थानीय तहलाई प्राप्त हुने सबै आय आफ्नो सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ ।

२७. **बजेटमा व्यवस्था गरेर मात्र खर्च गर्नु पर्ने:** नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेकका अन्य रकम आफ्नो बजेटमा व्यवस्था गरी सम्बन्धित व्यवस्थापिकाबाट त्यस्तो बजेट स्वीकृत भएपछि मात्र खर्च गर्नु पर्नेछ ।

२८. **अनुदानको प्रयोग:** यस ऐन वा प्रचलित कानून बमोजिम प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्नु पर्नेछ ।

२९. **रकमान्तर गर्न नपाइने:** बजेटमा पूँजीगत खर्चको रूपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर गर्न पाइने छैन ।

३०. **पारदर्शीता कायम गर्नुपर्ने:** (१) नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले वित्तीय व्यवस्थापन सम्बन्धी काम कारबाही यस ऐन र प्रचलित कानून बमोजिम पारदर्शी रूपमा गर्नु पर्नेछ ।

(२) नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले आय व्यय विवरणको लेखा प्रचलित कानून बमोजिम लेखापरीक्षण गरी पन्ध्र दिनभित्र तत्सम्बन्धी विवरण सार्वजनिक गर्नु पर्नेछ ।

(३) नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले बजेट कार्यान्वयनको वार्षिक समीक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक वर्षको कार्तिक मसान्तभित्र सार्वजनिक गर्नु पर्नेछ ।

(४) नेपाल सरकारले प्रदेश तथा स्थानीय तह समेतको आर्थिक विवरणको आधारमा एकीकृत आर्थिक विवरण तयार गरी प्रत्येक वर्षको पुस मसान्तभित्र सार्वजनिक गर्नु पर्नेछ ।

३१. **आय व्ययको वर्गीकरण तथा लेखाङ्कन:** नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले आय व्ययको वर्गीकरण तथा लेखाङ्कन ®महालेखा नियन्त्रकको कार्यालयको सिफारिसमा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत भए बमोजिम गर्नु पर्नेछ ।

३२. **आवधिक विवरण पेश गर्नु पर्ने:** (१) नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले आय र व्ययको आवधिक विवरण ®महालेखा नियन्त्रकको कार्यालयको सिफारिसमा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत भएको ढाँचामा तयार गर्नु पर्नेछ ।

(२) उपदफा (३) बमोजिम स्थानीय तहबाट प्राप्त विवरण समेत समावेश गरी प्रदेशले आफ्नो आय र व्ययको चौमासिक विवरण त्यस्तो अवधि समाप्त भएको मितिले तीस दिनभित्र मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(३) स्थानीय तहले आफूले गरेको आय र व्ययको चौमासिक विवरण त्यस्तो अवधि समाप्त भएको मितिले पन्ध्र दिनभित्र मन्त्रालय तथा प्रदेश समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिम प्रदेश र स्थानीय तहले दोस्रो चौमासिक आय व्ययको विवरण पेश गर्दा तेस्रो चौमासिकमा हुन सक्ने आय र व्ययको अनुमान समेत पेश गर्नु पर्नेछ ।

(५) उपदफा (२) र (३) बमोजिम तोकिएको अवधिभित्र विवरण पेश हुन नआएमा नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई उपलब्ध गराउने अनुदान रोक्का गर्न सक्नेछ ।

## परिच्छेद-९
## विविध

३३. <u>**अन्तर-सरकारी वित्त परिषद्:**</u> (१) नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच अन्तर-सरकारी वित्त व्यवस्थापनका विषयमा आवश्यक परामर्श तथा समन्वय गर्न देहायको अन्तर-सरकारी वित्त परिषद् रहनेछः-

| | | |
|---|---|---|
| (क) | नेपाल सरकारको अर्थ मन्त्री | -संयोजक |
| (ख) | प्रदेशको अर्थ मन्त्री | -सदस्य |
| (ग) | गाउँपालिका र नगरपालिकाका प्रमुख र उपप्रमुखहरू मध्येबाट प्रत्येक प्रदेशबाट एक जना महिला सहित दुई जना प्रतिनिधित्व हुने गरी प्रदेशले सिफारिस गरेका चौध जना | -सदस्य |
| (घ) | वित्त सम्बन्धी विज्ञहरु मध्येबाट मन्त्रालयले मनोनयन गरेको कम्तीमा एकजना महिला सहित तीन जना | -सदस्य |
| (ङ) | सचिव, मन्त्रालय | -सदस्य सचिव |

(२) उपदफा (१) को खण्ड (घ) बमोजिम मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत सदस्यले पदीय जिम्मेवारी पूरा नगरेमा मन्त्रालयले निजलाई जुनसुकै बखत सदस्यबाट हटाउन सक्नेछ ।

तर त्यसरी निजलाई सदस्यबाट हटाउनु अघि आफ्नो सफाइ पेश गर्ने मौका दिनु पर्नेछ ।

(४) अन्तर-सरकारी वित्त परिषद्को बैठक प्रत्येक वर्षको चैत्र महिनामा एक पटक र अन्य बैठक संयोजकले तोकेको मिति र समयमा बस्नेछ ।

(५) अन्तर-सरकारी वित्त परिषद् बैठकमा आयोगको अध्यक्ष वा निजले तोकेको सदस्य र अन्य निकायको प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ ।

(६) अन्तर सरकारी वित्त परिषद् बैठक सम्बन्धी अन्य कार्यविधि सो परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

३४. **नेपाल सरकारले निर्देशन दिन सक्नेः** (१) नेपाल सरकारले संविधानको धारा २३२ को उपधारा (२) बमोजिम प्रदेशहरु बीच समन्वय गर्नु पर्ने वित्त सम्बन्धी विषयमा प्रदेश मन्त्रिपरिषद्लाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु प्रदेश मन्त्रिपरिषद्को कर्तव्य हुनेछ ।

(२) नेपाल सरकारले संविधानको धारा २३२ को उपधारा (८) बमोजिम वित्त सम्बन्धी विषयमा आफै वा प्रदेश मार्फत् स्थानीय तहलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु स्थानीय तहको कर्तव्य हुनेछ ।

३५. **प्रदेशको जिम्मेवारीः** (१) एक प्रदेशले अर्को प्रदेशको वित्त विषयसँग सम्बन्धित कानून, निर्णय वा आदेश कार्यान्वयनमा सहयोग गर्नु पर्नेछ ।

(२) एक प्रदेशले अर्को प्रदेशका बासिन्दालाई वित्त सम्बन्धी विषयमा समान सुरक्षा, व्यवहार र सुविधा उपलब्ध गराउनु पर्नेछ ।

३६. **समन्वय र सहयोग गर्नु पर्नेः** (१) एक प्रदेशले अर्को प्रदेशसँग वित्त सम्बन्धी साझा चासो, सरोकार र हितका विषयमा सूचना आदान प्रदान गर्न, परामर्श गर्न तथा आफ्ना कार्य र विधायनबारे आपसमा समन्वय र आपसी सहयोग विस्तार गर्न सक्नेछन् ।

(२) नेपाल सरकार, प्रदेश वा स्थानीय तहले आपसमा समन्वय गरी आफ्नो जिम्मेवारीभित्रको राजस्व एक अर्का मार्फत् उठाउन वा कुनै खास प्रकारका राजस्व एकद्वार प्रणालीबाट उठाउने व्यवस्था गर्न सक्नेछन् ।

(३) नेपाल सरकार, प्रदेश वा स्थानीय तहले राजस्वका दर यथासम्भव समान रूपमा कायम गर्ने वा तत्सम्बन्धी अन्य विषयमा आवश्यक समन्वय गर्न सक्नेछन् ।

३७. **राजस्व उठाउने सम्बन्धी अन्तरिम व्यवस्थाः** (१) प्रदेश सञ्चित कोषको व्यवस्था र सञ्चालन नभएसम्मको लागि यस ऐन बमोजिम प्रदेशले उठाउन पाउने कर, गैर कर तथा दण्ड जरिबाना नेपाल सरकारले उठाई सङ्घीय सञ्चित कोषमा दाखिला गर्नेछ ।

(२) स्थानीय तहले यस ऐन बमोजिम उठाउन पाउने कर, गैर कर तथा दण्ड जरिबाना सम्बन्धित गाउँ सभा वा नगर सभाबाट कानून नबनेसम्म प्रचलित कानून बमोजिम उठाउन सक्नेछन् ।

३८. **मापदण्ड बनाई लागू गर्न सक्ने:** नेपाल सरकारले यो ऐन कार्यान्वयन गर्न आवश्यक मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

३९. **नेपाल राजपत्रमा प्रकाशन गर्ने:** मन्त्रालयले यस ऐन बमोजिम तोकेको आय व्ययको वर्गीकरण, ढाँचा र दफा ३८ बमोजिमको मापदण्ड नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

अनुसूची - १

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

## नेपाल सरकारले लगाउन सक्ने कर तथा गैर कर

**(क) कर**

(१) भन्सार महसुल,

(२) अन्तःशुल्क,

(३) मूल्य अभिवृद्धि कर,

(४) संस्थागत आय कर,

(५) व्यक्तिगत आय कर,

(६) पारिश्रमिक कर।

**(ख) गैर कर**

(१) राहदानी शुल्क,

(२) भिसा शुल्क,

(३) पर्यटन दस्तुर,

(४) सेवा शुल्क दस्तुर,

(५) जुवा/चिठ्ठा, क्यासिनो,

(६) दण्ड जरिबाना।

**(ग)** सङ्घीय कानून र अन्य प्रचलित कानून अनुसार लगाइने अन्य कर तथा गैर कर ।

नेपाल कानून आयोग

अनुसूची - २

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

**<u>प्रदेशले लगाउन सक्ने कर तथा गैर कर</u>**

**(क) कर**

(१) घरजग्गा रजिष्ट्रेशन शुल्क,

(२) सवारी साधन कर,

(३) मनोरञ्जन कर,

(४) विज्ञापन कर,

(५) कृषि आयमा कर ।

**(ख) गैर कर**

(१) सेवा शुल्क दस्तुर,

(२) पर्यटन शुल्क,

(३) दण्ड जरिबाना ।

**(ग)** प्रदेशको अधिकारक्षेत्रको विषयमा प्रदेश कानून र अन्य प्रचलित कानून अनुसार लगाइने अन्य कर तथा गैर कर ।

नेपाल कानून आयोग

अनुसूची-३

(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

## स्थानीय तहले लगाउन सक्ने कर तथा गैर कर

**(क) कर**

(१) सम्पत्ति कर,

(२) घर वहाल कर,

(३) घर-जग्गा रजिष्ट्रेसन शुल्क,

(४) सवारी साधन कर,

(५) भूमि कर (मालपोत),

(६) मनोरञ्जन कर,

(७) विज्ञापन कर,

(८) व्यवसाय कर ।

**(ख) गैर कर**

(१) सेवा शुल्क दस्तुर,

(२) पर्यटन शुल्क,

(३) दण्ड जरिबाना।

**(ग)** स्थानीय तहको अधिकारक्षेत्रको विषयमा स्थानीय कानून र अन्य प्रचलित कानून अनुसार लगाइने अन्य कर तथा गैर कर ।

नेपाल कानून आयोग

अनुसूची ४

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

## प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँट (प्रतिशतमा)

| क्र.सं. | रोयल्टीको शीर्षक | नेपाल सरकार | सम्बन्धित प्रदेश | सम्बन्धित स्थानीय तह |
|---|---|---|---|---|
| १ | पर्वतारोहण | ५० | २५ | २५ |
| २ | विद्युत | ५० | २५ | २५ |
| ३ | वन | ५० | २५ | २५ |
| ४ | खानी तथा खनिज | ५० | २५ | २५ |
| ५ | पानी तथा अन्य प्राकृतिक स्रोत | ५० | २५ | २५ |

**द्रष्टब्यः-**

(१) नेपाल सरकारले आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने प्रदेश तथा स्थानीय तह (सम्बन्धित स्थानीय तह, जिल्ला समन्वय समिति) लाई त्यसरी प्रभावित भएको अनुपातमा समन्यायिक रूपमा प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँट तथा वितरण गर्नेछ ।

(२) यस अनुसूची बमोजिम नेपाल सरकार, प्रदेश र स्थानीय तहलाई गरिने प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँट आयोगको सिफारिसमा नेपाल सरकारले प्रत्येक पाँच वर्षमा पुनरावलोकन गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गरी हेरफेर गर्न सक्नेछ ।

नेपाल कानून आयोग

# मुसिकोट नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०७८

**प्रस्तावनाः**

मुसिकोट नगरपालिकाको आर्थिक वर्ष २०७८।७९ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम मुसिकोट नगर सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** यस ऐनको नाम "आर्थिक ऐन, २०७८ रहेको छ। यो ऐन २०७८ साल साउन १ गतेदेखी लागु हुनेछ।

२. **सम्पति कर** नगरपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ।

३. **भूमि कर (मालपोत)** : नगरपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

४. **घर वहाल कर** : नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

५. **व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर** : नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

७. **सवारी साधन कर** : नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६)बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ।

८. **विज्ञापन करः** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसुचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ।

९. **मनोरन्जन करः** नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ।

१०. **बहाल बिटौरी शुल्कः** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. **सेवा शुल्क, दस्तुरः** नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचिमा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट अनुसूचि (१०) मा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१२. प्रमाणित तथा सिफारिस दस्तुर** नगरपालिकाले उपलब्ध गराउने प्रमाणित तथा सिफारिस दस्तुरका लागि सेवाग्राहीबाट अनुसूचि (११) मा व्यवस्था भए अनुसारको दस्तुर लिइने छ ।

१३. **पर्यटन शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूचीमा (१२) मा भएको व्यवस्था बमोजिम शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१४. **दहत्तर बहत्तर बिक्री शुल्क :** यस नगरपालिका भित्र रहेका नदीजन्य पदार्थहरु ढुगा गिट्टी बालुवा अनुसूची (१३) मा उल्लेखित भएको व्यवस्था बमोजिम ठेक्का प्रक्रिया मार्फत वा तोकिएको व्यवस्था बमोजिम बिक्री गरी राजश्व जम्मा गरिनेछ ।

१५. **घर जग्गा नक्सा पास शुल्क :** घर जग्गा नक्सा पास अनुसूची (१४) मा भएको व्यवस्था बमोजिम शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१६. **कर, दस्तुर तथा शुल्क सम्वन्धि विशेष व्यवस्था : (१)** यस अघि मुसिकोट नगरपालिकाबाट बनेका कानूनमा उल्लेख भएका कर,दस्तुर तथा शुल्क सोही बमोजिम हुनेछ । यस ऐनको कार्यान्वयनमा बाधा अडकाउ फुकाउन परेमा राजस्व परामर्श समितिको सिफारीसमा कार्यपालिकाले बाधा अडकाउ फुकाउन सक्ने छ तर उक्त निर्णय अगामी सभाबाट अनुमोदन गर्नु पर्नेछ ।

(२) व्यवसाय नविकरण र अन्य व्यवस्था अनुसुची १५ बमोजिम हुनेछ ।

१७. **कर छुटः** यस विधेयक बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

**१८. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुने छ ।

**अनुसूची १**

**दफा २ संग सम्वन्धित**

एकिकृत सम्पत्ति कर/घरजग्गा कर

| **क्र.स** | **शिर्षक** | **दर रु** |
|---|---|---|
| १ | जस्तापाता, स्लेट ढुङ्गा, टायल छाना भएको कच्चि घर प्रति वर्ष | ३०० |
| २ | छाप्रो, खरको छाना आदी भएको कच्ची घर प्रति वर्ष | ५० |
| ३ | पक्की घर प्रति कोठा (बहालमा गएकोमा बाहेक) | १०० |

**अनुसूची २**

**दफा ३ संग सम्वन्धित**

भूमी कर

| **क्र.स** | **शिर्षक** | **दर रु** |
|---|---|---|
| **१** | **क वर्गका प्रमुख बजार क्षेत्रको लागि** | |
| | १ रोपनी सम्म न्युनतम प्रति वर्ष | ७० |

| | | |
|---|---|---|
| | ३ रोपनी सम्म प्रतिरोपनी प्रति वर्ष | ७० |
| | ५ रोपनी सम्म प्रतिरोपनी प्रति वर्ष | ८० |
| | १० रोपनी सम्म प्रतिरोपनी प्रति वर्ष | ९० |
| | १० रोपनी भन्दा माथी प्रतिरोपनी प्रति वर्ष | १०० |
| २ | **ख वर्गका प्रमुख बस्ती क्षेत्रको लागि** | |
| | १ रोपनी सम्म न्युनतम प्रति वर्ष | ३० |
| | ५ रोपनी सम्म प्रतिरोपनी प्रति वर्ष | ३० |
| | १० रोपनी सम्म प्रतिरोपनी प्रति वर्ष | ४० |
| | १० रोपनी भन्दा माथी प्रतिरोपनी प्रति वर्ष | ५० |
| ३ | **ग वर्गका प्रमुख बस्ती क्षेत्रको लागि** | |
| | १ रोपनी सम्म न्युनतम प्रति वर्ष | १० |
| | १० रोपनी सम्म प्रतिरोपनी प्रति वर्ष | १० |
| | ३० रोपनी सम्म प्रतिरोपनी प्रति वर्ष | १५ |
| | ५० रोपनी सम्म प्रतिरोपनी प्रति वर्ष | २० |
| | ५० रोपनी भन्दा माथी प्रतिरोपनी प्रति वर्ष | २५ |

**अनुसूची ३**
**दफा ४ संग सम्वन्धित**
घर जग्गा बहाल कर

| क्र.स | शिर्षक | दर रु |
|---|---|---|
| १ | घर, जग्गा, टहरो, ,छाप्रो,पसल,ग्यारेज,गाडी,मेसिनरी जुनसुकै घरायसी व्यवसायिक प्रयोगका लागि भाडामा लिएकोमा भाडा रकमको | १० प्रतिशत |

**अनुसूची ४**
**दफा ५ संग सम्वन्धित**
ब्यवसाय कर

| क्र.स | शिर्षक | दर रु. (५ लाख स्थीर पूजी भएका) |
|---|---|---|
| १ | सामान्य चिया नास्ता पसल | ५०० |
| २ | मुख्य वजार क्षेत्र वाहेकका रेष्टुरेन्ट व्यवसाय | १५०० |
| ३ | मुख्य वजार क्षेत्रका रेष्टुरेन्ट व्यवसाय | ५००० |
| ४ | मुख्य वजार क्षेत्र वाहेकका होटल मदिरासहित | २००० |
| ५ | मुख्य वजार क्षेत्रका होटल मदिरासहित | ५००० |
| ६ | मुख्य वजार क्षेत्रका किराना पसल | २५०० |

| | | |
|---|---|---|
| ७ | मुख्य वजार क्षेत्र वाहेकका किराना पसल | २००० |
| ८ | मुख्य वजार क्षेत्र वाहेकका सामान्य किराना पसल, | १००० |
| ९ | रिसोर्ट, मुख्य वजार क्षेत्रका होटल बास र मदिरा सहित | ५००० |
| १० | रिसोर्ट, मुख्य वजार क्षेत्र वाहेकका होटल बास मदिरा सहित | २५०० |
| ११ | मुख्य वजार क्षेत्र का खाद्यान्न पसल | ३००० |
| १२ | मुख्य वजार क्षेत्र बाहेकका खाद्यान्न पसल | २००० |
| १३ | मुख्य बजार क्षेत्रका काचो कपडा, तयारी पोशाक, फेन्सी कपडा पसल | ४००० |
| १४ | मुख्य बजार क्षेत्रका बाहेकका काचो कपडा, तयारी पोशाक, फेन्सी कपडा पसल | ३००० |
| १५ | मुख्य बजार क्षेत्रका स्टेशनरी तथा खेलकूद सामाग्री पसल | २५०० |
| १६ | मुख्य बजार क्षेत्र बाहेकका स्टेशनरी तथा खेलकूद सामाग्री पसल | १५०० |
| १७ | मुख्य बजार क्षेत्रका मासु पसल (कुखुरामात्र) | १५०० |
| १८ | मुख्य बजार क्षेत्र बाहेकका मासु पसल (कुखुरामात्र) | १००० |
| १९ | मुख्य बजार क्षेत्रका मासु पसल खसी,बोका, रागाँ, भैसी, सुँगुर, बुँगुर, कुखुरा | ३००० |
| २० | मुख्य बजार क्षेत्र बाहेकका मासु पसल खसी,बोका, रागाँ, भैसी, सुँगुर, बुँगुर, कुखुरा | २००० |
| २१ | मुख्य बजार क्षेत्रका बाल काट्ने शैलुन | १५०० |
| २२ | मुख्य बजार क्षेत्र बाहेकका बाल काट्ने शैलुन | १००० |
| २३ | मुख्य वजार क्षेत्रका ब्यूटि पार्लर, कस्मेटिक पसल | २००० |
| २४ | मुख्य वजार क्षेत्र बाहेकका ब्यूटि पार्लर, कस्मेटिक पसल | १००० |
| २५ | मुख्य वजार क्षेत्रका निमार्ण सामाग्री, हार्डवयर पसल | ५००० |
| २६ | मुख्य वजार क्षेत्र बाहेकका निमार्ण सामाग्री, हार्डवयर पसल | ४००० |
| २७ | प्रेस। छापखाना | ४००० |
| २८ | मुख्य बजार क्षेत्रका भाडाँ पसल | ३००० |
| २९ | मुख्य बजार क्षेत्र बाहेकका भाडाँ पसल | २५०० |
| ३० | मुख्य बजार क्षेत्रका मोटर साईकल वर्कसप | ५००० |
| ३१ | मुख्य बजार क्षेत्र बाहेकका मोटर साईकल वर्कसप | ३००० |
| ३२ | मुख्य बजार क्षेत्रका मोटर साईकल सोरुम | ५००० |
| ३३ | मोटर साईकल सोरुम | ६००० |

| | | |
|---|---|---|
| ३४ | जिप, बस, ट्रक, टेक्टर, कार वर्कसप (ग्यारेज) | ७००० |
| ३५ | जिप, बस, ट्रक, टेक्टर, कार सोरुम | २५००० |
| ३६ | सामान्य औषधि पसल | ५००० |
| ३७ | ल्याव, एक्सरे, सहितको औषधि पसल (पोलिक्लिनिक) | ७००० |
| ३८ | हस्पिटल, रिसर्च सेन्टर | ४०००० |
| ३९ | सुन चाँदी पसल | ७५०० |
| ४० | घडि, रेडियो,मोवाईल,टि.भि.कम्प्युटर, ल्यापटप,मर्मत पसल | ३००० |
| ४१ | फ्रिज, घडि, रेडियो, टि.भि. कम्प्यूटर, ईलेक्ट्रीकल पसल | ५००० |
| ४२ | जल विद्युत आयोजना प्रति किलोवाट | १५० |
| ४३ | क्रसर उद्योग /बालुवा प्रशोधन उद्योग | ५०००० |
| ४४ | ईट्टा, ब्लक, उद्योग | १०००० |
| ४५ | प्लास्टिक पसल | २५०० |
| ४६ | कम्यूनिकेसन सेन्टर, कम्प्यूटर सिकाई सेन्टर | २५०० |
| ४७ | ट्यूसन कोचिङ्ग सेन्टर | ५००० |
| ४८ | निजी विद्यालय आधारभुत तह(१-८) बार्षिक कर | ३५०० |
| ४९ | निजी विद्यालय माद्यामिक तह(९-१२) बार्षिक कर | ७५०० |
| ५० | आधारभुत विद्यालय (१–८) नयाँ दर्ता | २०००० |
| ५१ | माध्यामिक विद्यालय (९–१२) नयाँ दर्ता | ३०००० |
| ५२ | तरकारी फलफूल फुटकर पसल | १५०० |
| ५३ | तरकारी फलफूल पसल थोक बिके्रता | ३००० |
| ५४ | मदिरा पसल (फुटकर ) | ५००० |
| ५५ | मदिरा पसल (थोक /डिलर ) | १०००० |
| ५६ | किराना, गल्ला ,फेन्सी थोक बिक्रेता | ७५०० |
| ५७ | टेलर्स पसल | २५०० |
| ५८ | ग्रील उद्योग नयाँ दर्ता | ५००० |
| ५९ | फर्निचर उद्योग नयाँ दर्ता | ५००० |
| ६० | फर्निचर सोरुम नयाँ दर्ता | १०००० |
| ६१ | कुटानी पिसानी ५ एच पि भन्दा ठुला | ३५०० |
| ६२ | तेलानी सहितको कुटानी पिसानी | ५००० |
| ६३ | पान पसल | १००० |
| ६४ | एग्रो पसल दर्ता | २००० |

| | | |
|---|---|---|
| ६५ | सुर्तिजन्य पदार्थ विक्री पसल | ३००० |
| ६६ | घुम्ती पसल(औद्योगिक प्रवर्द्धन बोर्डले रोकेको बाहेक) | ४००० |
| ६७ | मिष्ठान्न भण्डार | ३००० |
| ६८ | क्याटरिङ्ग | ७००० |
| ६९ | टेन्ट, साउन्ड सिस्टम व्यावसाय | ७००० |

**अनुसूची ५**

**दफा ६ संग सम्वन्धित**

जडिबुटी,बन्यजन्तु,कवाडी कर

| क्र.स | शिर्षक | दर रु |
|---|---|---|
| १ | जडिबुटी | १० प्रतिशत |
| २ | बन्यजन्तु | १० प्रतिशत |
| ३ | कवाडी बार्षिक एकमुष्ठ | १,१०,००० |

**अनुसूची ६**

**दफा ७ संग सम्वन्धित**

सवारी साधन कर

| क्र.स | शिर्षक | दर रु |
|---|---|---|
| १ | ई रेक्सा सुचिकृत | २००० |
| २ | तिनपाँग्रे भाडाका सवारी साधन सुचिकृत | २५०० |

**अनुसूची ७**

**दफा ८ संग सम्वन्धित**

विज्ञापन कर

| क्र.स | शिर्षक | दर रु |
|---|---|---|
| १ | प्रति स्क्वार फुट होडिङ्ग वोर्ड विज्ञापन प्रति वर्ष | ४० |

**अनुसूची ८**

**दफा ९ संग सम्वन्धित**

मनोरञ्जन कर

| क्र.स | शिर्षक | दर रु |
|---|---|---|
| १ | मेला आयोजना गर्दा अनुमती शुल्क प्रति दिन वडास्तर | २०० |
| २ | मेला आयोजना गर्दा अनुमती शुल्क प्रति दिन नगरस्तर | ५०० |
| ३. | मेलामा कुल आम्दानी भएको नाफाको | १० प्रतिशत |

**अनुसूची ९**
**दफा १० संग सम्वन्धित**
बहाल बिरौटी शुल्क

| क्र.स | शिर्षक | दर रु |
|---|---|---|
| १ | नगर क्षेत्रमा आफुले निर्माण, रेखदेख र सञ्चालन गरेको हाटबजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा सार्वजनिक बाटोको छेउमा अस्थायी पसल थाप्न दिए वापत प्रति वर्गफिट | १० |
| २ | ऐलानी जग्गा वा सार्वजनिक जग्गा प्रयोग वापत प्रति वर्गफिट | ५ |

**अनुसूची १०**
**दफा ११ संग सम्वन्धित**
**सेवा शुल्क**

| सि.न. | शिर्षक | दर |
|---|---|---|
| १ | स्थलगत सर्जमिन वापत | १००० |
| २ | अचल सम्पत्ति मूल्यांकन (०.१ प्रतिशत) | ०.००१ |
| ३ | अचल सम्पत्ति मूल्यांकन अंग्रजीमा (०.१५ प्रतिशत) | ०.००१५ |
| ४ | निजी बाल विकास केन्द्र दर्ता शुल्क | १००० |
| ५ | परीक्षा शुल्क अधिकृतस्तर छैठौ वा सो सरह पद | १००० |
| ६ | परीक्षा शुल्क पाँचौस्तर वा सो सरह पद | ७०० |
| ७ | परीक्षा शुल्क चौथो स्तर | ५०० |
| ८ | मिलापत्र शुल्क | १०० |
| ९ | टोल विकास संस्था दर्ता शुल्क÷नविकरण | २०० |
| १० | नगरपालिका क्षेत्र भित्र रहेका क वर्गका बैँक तथा वित्तिय संस्था सञ्चालन दस्तुर | ५००० |
| ११ | नगरपालिका क्षेत्र भित्र रहेका ख वर्गका बैँक तथा वित्तिय संस्था सञ्चालन दस्तुर | ४००० |
| १२ | नगरपालिका क्षेत्र भित्र रहेका ग वर्गका बैँक तथा वित्तिय संस्था सञ्चालन दस्तुर | ३००० |
| १३ | नगरपालिका क्षेत्र भित्र रहेका घ वर्गका बैँक तथा वित्तिय संस्था सञ्चालन दस्तुर | २००० |
| १४ | व्यवसायिक इजाजत सिफारिस (ठेक्का बाहेक) | ५०० |
| १५ | घ बर्गका निर्माण ब्यवसायी अनुमति पत्र शुल्क | १५००० |
| १६ | घ बर्गका निर्माण ब्यवसायी अनुमति पत्र नवीकरण शुल्क | १०००० |
| १७ | घ वर्गका निर्माण व्यावसायी अनुमति पत्र विलम्ब शुल्क १ बर्ष भित्र | २००० |

| | | |
|---|---|---|
| १८ | घ वर्गका निर्माण व्यावसायी अनुमति पत्र विलम्ब शुल्क १ बर्ष नाघेपछी प्रतिबर्षका दरले हुन आउने शुल्क | ३००० |
| १९ | स्थलगत प्राबिधिक सेवा शुल्क | १५०० |
| २० | डोजर सुचीकृत प्रति वर्ष | १५००० |
| २१ | कन्सल्टेन्सी सुचीकृत प्रति वर्ष | १५००० |
| २२. | सामुदायिक वन दर्ता तथा नविकरण शुल्क | ५००० |
| २३. | सामुदायिक वनको बार्षिक नाफाको | १० प्रतिशत |
| २४ | माछा मार्ने इजाजत (बडीघाट नदी) | ५००० |
| २५ | माछा मार्ने इजाजत (छल्दी नदी) | २००० |
| २६ | माछा मार्ने इजाजत (निस्ती नदी) | १००० |

**अनुसूची ११**
**दफा १२ संग सम्वन्धित**
**प्रमाणित तथा सिफारिस दस्तुर**

| सि.न. | शिर्षक | दर |
|---|---|---|
| **१** | **घरवाटो सिफारिस** | |
| १.१ | मूख्य सडक | ५०० |
| १.२ | शाखा सडक | ३०० |
| १.3 | गोरेटो बाटो | १०० |
| **२** | **जग्गा नामसारी सिफारिस** | |
| २.१ | न.पा.को केन्द्रको वडाको प्रमुख बजार क्षेत्र | ५०० |
| २.२ | नगरपालिकाको केन्द्र वाहेकका वडाका बजार क्षेत्र | ३०० |
| २.३ | न.पा. को केन्द्रको वडा वाहेक अन्य वडाको बजार बाहेकका क्षेत्र | १५० |
| **३** | **चौकिल्ला प्रमाणित** | |
| ३.१ | चौकिल्ला प्रमाणित १० रोपनी सम्म | १५० |
| ३.२ | चौकिल्ला प्रमाणित १० रोपनी भन्दा माथि | ३०० |
| ४ | नाम, थर संशोधन सिफारिस | २०० |
| **५** | **घर कायम सिफारिस** | |
| ५.१ | घर कायम सिफारिस (ढलान घर) | ५०० |
| ५.२ | घर कायम सिफारिस (ढलान बाहेक अन्य घर) | २०० |
| ६ | छुट जग्गा दर्ताको सिफारिस दस्तुर | १००० |

| | | |
|---|---|---|
| **७** | **विद्युत जडानको सिफारिस** | |
| ७.१ | विद्युत जडानको सिफारिस दस्तुर(घरायासी प्रयोजन) | ३०० |
| ७.२ | विद्युत जडानको सिफारिस दस्तुर(थ्री फेज लाइन) | १००० |
| ८ | ब्यवसाय, खानेपानी धारा, विद्युत मिटर आदिको ठाउँसारी तथा नाम संशोधन सिफारिस | ३०० |
| ९ | निजीधारा वा टेलिफोन जडान सिफारिस दस्तुर | ५०० |
| **१०** | **बैदेशिक रोजगारको लागि सिफारिस** | |
| बैदेशिक रोजगारको लागि सिफारिस(सार्कका सदस्य राष्ट्रहरु बाहेक) | | |
| १०.१ | खाडी मुलुकको लागि | ५०० |
| १०.२ | माथि उल्लेखित बाहेक अन्य मुलुकको लागि | १००० |
| ११ | परिवार ल्याएको/लगेको सिफारिस | ५०० |
| **१२** | **नाता प्रमाणित दस्तुर** | |
| १२.१ | नाता प्रमाणित दस्तुर नेपाली | २०० |
| १२.२ | नाता प्रमाणित अंग्रेजीमा दस्तुर | ५०० |
| **१३** | **वसोवास प्रमाणित** | |
| १३.१ | वसोवास प्रमाणित (बैदेशिक प्रयोजन) | १००० |
| १३.२ | बसोवास प्रमाणित (स्वदेशी प्रयोजन) | २०० |
| १४ | नाफामूलक संस्था दर्ता÷नविकरण | ३००० |
| १५ | सेवामूलक संस्था दर्ता÷सिफारिस | १००० |
| १६ | संस्था बन्द भएको अथवा ठाउँ सारेको | १५०० |
| १७ | मोही नामसारी सिफारिस | ५०० |
| १८ | गैसस दर्ता /सिफारिस (एनजिओ) | ३००० |
| १९ | गैसस दर्ता /सिफारिस (आइएनजिओ) | ७००० |
| २० | क्लव आमा समुह, बाल समुह दर्ता / सिफारिस | १००० |
| २१ | सम्बन्ध विच्छेदको सिफारिस | १००० |
| **२२** | **उद्योग स्थापनाको सिफारिस** | |
| २२.१ | ठुला उद्योग स्थापनाको सिफारिस | २०००० |
| २२.२ | मझौला उद्योग स्थापनाको सिफारिस | ५००० |
| २२.३ | साना तथा घरेलु उद्योगको सिफारिस | १००० |
| २३ | रुख काट्ने सिफारिस प्रति गोटा (प्रतिबन्धित बाहेक स्वीकृत आवश्यक पर्नेमा) | ५०० |
| **२४** | **पेन्सनपट्टा सम्बन्धी सिफारिस** | |
| २४.१ | नेपाली पेन्सनपट्टा सम्बन्धी सिफारिस | ३०० |
| २४.२ | भारतीय पेन्सनपट्टा सम्बन्धी सिफारिस | ५०० |
| २४.३ | अन्य मुलुकको पेन्सनपट्टा सिफारिस | १००० |

| | | |
|---|---|---|
| **२५** | **अपुताली सिफारिस** | |
| २५.१ | अपुताली सिफारिस (नेपालको लागि) | १००० |
| २५.२ | अपुताली सिफारिस (विदेशको लागि) | ५०० |
| २६ | जन्म मृत्यू विवाह प्रमाणित तथा सिफारिस (३५ दिन कटेपछि) | २०० |
| २७ | बसाईसराई (३५ दिन कटेपछि दर्ता हुन आउने र बसाई सरेर जादाँको बखत) | २००० |
| २८ | उल्लेखित बाहेकका अन्य विविध प्रमाणित तथा सिफारिस | २०० |
| २९ | अंग्रेजीमा सिफारीस | ५०० |
| ३० | निजी विद्यालयको दर्ता सिफारीस | ३००० |
| ३१ | निजी विद्यालय कक्षा थपको सिफारिस | २००० |
| **३२** | **नागरिकता सिफारिस** | |
| ३२.१ | नागरिकता अनुसूची, निवेदन तथा सिफारिस | १०० |
| ३२.२ | अंगिकृत नागरिकता सिफारिस | १००० |
| ३२.३ | प्रतिलिपि नागरिकताको सिफारिस | २०० |
| **३३** | **एफ.एम. सञ्चालन, इजाजत** | |
| ३३.१ | एफ.एम. सञ्चालन सिफारिस | १०००० |
| ३३.२ | एम.एम.सञ्चालन इजाजत दस्तुर १०० वाट सम्म | १५००० |
| ३३.३ | एम.एम.सञ्चालन इजाजत नविकरण | २००० |

**अनुसूची १२**
**दफा १३ संग सम्वन्धित**
**पर्यटन शुल्क**

| सि.न. | शिर्षक | दर |
|---|---|---|
| १ | तोकिएको पर्यटन क्षेत्रमा प्रवेश शुल्क नेपाली | ५० |
| २ | तोकिएको पर्यटन क्षेत्रमा प्रवेश शुल्क विदेशी | १०० |

**अनुसूची १३**
**दफा १४ संग सम्वन्धित**
**दहत्तर बहत्तर शुल्क**

| सि.न. | शिर्षक | दर |
|---|---|---|
| | खानी जन्य निर्माण सामाग्री (ढुङ्गा) | |
| १ | प्रति ट्रिप घर बनाउने खालको चट्टानी ढुङ्गा नगरपालिका भित्र ट्याक्टर | २५० |
| २ | प्रति ट्रिप घर बनाउने खालको चट्टानी ढुङ्गा नगरपालिका भित्र ट्रक | ७५० |
| ३ | प्रति ट्रिप घर बनाउने खालको चट्टानी ढुङ्गा नगरपालिका भित्र टिप्पर | १००० |
| ४ | प्रति ट्रिप घर बनाउने खालको चट्टानी ढुङ्गा नगरपालिका बाहिर जाने ट्याक्टर | ५०० |

| | | |
|---|---|---|
| ५ | प्रति ट्रिप घर बनाउने खालको चट्टानी ढुङ्गा नगरपालिका बाहिर जाने ट्रक | १५०० |
| ६ | प्रति ट्रिप घर बनाउने खालको चट्टानी ढुङ्गा नगरपालिका बाहिर जाने टिप्पर | २००० |
| ७ | प्रति ट्रिप नगरपालिका भित्र ट्याक्टर | २५० |
| ८ | प्रति ट्रिप नगरपालिका बाहिर ट्याक्टर | ५०० |
| ९ | प्रति ट्रिप नगरपालिका भित्र ट्रक | ७५०० |
| १० | प्रति ट्रिप नगरपालिका बाहिर ट्रक | १५०० |
| ११ | प्रति ट्रिप नगरपालिका भित्र टिप्पर | १००० |
| १२ | प्रति ट्रिप नगरपालिका बाहिर टिप्पर | २००० |
| १३ | नदिजन्य निर्माण सामग्री(ढुङ्गा गिट्टी बालुवा) प्रति घनमिटर | २०० |
| १४ | प्रति ट्रिप नगरपालिका बाहिर ट्याक्टर | २५० |
| १५ | प्रति ट्रिप नगरपालिका बाहिर ट्रक | ७५० |
| १६ | प्रति ट्रिप नगरपालिका बाहिर टिप्पर | १००० |

**अनुसूची १४**
**दफा १५ संग सम्वन्धित**
**घर जग्गा नक्सा पास शुल्क**

| | | |
|---|---|---|
| १ | घर जग्गा नक्सा पास मोटरबाटो (राजमार्ग) आसपास प्रति वर्ग फिट | ४ |
| २ | घर जग्गा नक्सा पास मोटरबाटो (मुख्य) आसपास प्रति वर्ग फिट | २ |
| ३ | घर जग्गा नक्सा पास मोटरबाटो (अन्य) आसपास प्रति वर्ग फिट | १ |
| ४ | घर जग्गा नक्सा अभिलेखीकरण (पुरानो सम्पुर्ण प्रति वर्ग फिट | २ |

# अनुसूची १५
## दफा १६(२) संग सम्वन्धित
## व्यवसाय नविकरण र अन्य व्यवस्था

क. कुनै पनि व्यावसाय निर्धारित समयभित्र नविकरण नगरेमा तथा कर नतिरेमा प्रत्येक वर्ष १५ प्रतिशतका दरले थप जरिवाना सहित लाग्नेछ ।

ख. प्रत्येक व्यावसायको नवीकरण दस्तुर सोही व्यावसाय दर्ताका लागी कायम भएको शुल्कको २५ प्रतिशत हुनेछ ।

ग. कुनै एक प्रकृतिको व्यावसाय दर्ता गरी सञ्चालन भईरहेको अवस्थामा अर्को प्रकृतिको व्यावसाय थप गरी सञ्चालन गर्न चाहेमा उक्त व्यावसाय सुरु दर्ता गर्न लाग्ने शुल्कको ५० प्रतिशत मात्र शुल्क लाग्नेछ ।(कानुन बमोजिम व्यवसायको नाम र उद्देश्य मिल्नेको हकमा)

घ. कानुन बमोजिम तिर्नुपर्ने राजश्व नतिरी सुराकी मार्फत असुल उपर भएकोमा असुल उपर भएको रकमको २५ प्रतिशत रकम सुराकी गर्नेलाई पुरस्कार स्वरुप दिईनेछ ।

# मुसिकोट नगरपालिकाको विनियोजन ऐन, २०७८

## प्रस्तावनाः

मुसिकोट नगरपालिकाको आर्थिक बर्ष २०७८।०७९ को सेवा र कार्यहरुको लागि संञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम मुसिकोट नगर सभाले यो ऐन बनाएको छ ।

१.संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम “मुसिकोट नगरपालिकाको विनियोजन ऐन, २०७८” रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२.आर्थिक वर्ष २०७८।०७९ को निमित्त सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकारः

(१) आर्थिक वर्ष २०७८।०७९ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ८४,०४,९९,४७६।६०।– (अक्षेरुपी रु ८४ करोड ४ लाख ९९ हजार ४ सय ७६ रुपैयाँ ६० पैसा मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ।

३. विनियोजनः (१) यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८।०७९ को निमित्त मुसिकोट नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा

बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ।

अनुसूची १

## आय तथा व्ययको प्रक्षेपण

आ व २०७८।७९

| आय तर्फ | | व्यय तर्फ | |
|---|---|---|---|
| शीर्षक | रकम | शीर्षक | रकम |
| राजस्व | १२,१२,०८,४७६.६० | चालु तर्फ | ६,१६,१८,३४६ |
| आन्तरिक श्रोत | १,९३,५०,००० | | |
| एकीकृत सम्पती कर | २५,००,००० | नगर पुजिगत | ८,११,३७,१३१ |
| भुमिकर/मालपोत | १७,००,००० | विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरु संगको लागत साझेदारी तर्फ | १२,१९,००,००० |
| घरवहाल कर | ५,००,००० | प्रशासकीय भवन | ४,००,००,००० |
| अन्य कर | १०,००,००० | पर्यटकीय पूर्वाधार साझेदारी | १,६०,००,००० |
| पर्यटन शुल्क | ० | बाख्रा विकास परियोजना | १,३४,००,००० |
| सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | ० | १५ शैया अस्पताल | ४,००,००,००० |
| अन्य बिक्रीबाट प्राप्त रकम | ८३,५०,००० | सडक वोर्ड | ४५,००,००० |
| अन्य प्रशासनिक सेवा शुल्क | ८,००,००० | खाद्य गोदाम | ८०,००,००० |
| नक्सापास दस्तुर | ६,००,००० | सामाजिक सुरक्षा | १२,००,००,००० |
| सिफारिश दस्तुर | २०,००,००० | संघीय सशर्त | ३१,४५,००,००० |
| व्यक्तिगत घटना दर्ता दस्तुर | ७,००,००० | संघीय विशेष | २,९८,००,००० |
| व्यवसाय कर | ७,००,००० | संघीय समपुरक | १,५०,००,००० |
| नगद | ० | प्रदेश सशर्त | १,१५,४४,००० |
| बैंक मौज्दात | ० | प्रदेश विशेष | ७०,००,००० |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | १०,१८,५८,४७६.६० | प्रदेश समपुरक | ४,००,००,००० |
| बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ४,३२,३१,५०० | वडागत योजना पुजिगत तर्फ | ३,६२,००,००० |

| | | | |
|---|---|---|---|
| बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क | ४,३२,३१,५०० | वडा संचालन खर्च चालु तर्फ | १८,००,००० |
| बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | १,५३,९५,४७६.६० | | |
| अन्य आय | ५,००,००० | | |
| अन्य राजस्व | ५,००,००० | | |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | ७१,९२,९१,००० | | |
| संघीय सरकार | ६७,५१,००,००० | | |
| प्रशासकीय भवन | २,००,००,००० | | |
| पर्यटकीय पूर्वाधार विकास | १,०४,००,००० | | |
| हेफर | ३४,००,००० | | |
| १५ शैया अस्पताल | ४,००,००,००० | | |
| सडक वोर्ड | ४५,००,००० | | |
| सामाजिक सुरक्षा | १२,००,००,००० | | |
| खाद्य गोदाम | ५०,००,००० | | |
| समानिकरण अनुदान | १२,००,००,००० | | |
| शसर्त अनुदान चालु | २८,३८,००,००० | | |
| शसर्त अनुदान पुँजीगत | ३,०७,००,००० | | |
| विषेश अनुदान | २,९८,००,००० | | |
| समपुरक अनुदान | ७५,००,००० | | |
| प्रदेश सरकार | ४,४१,९१,००० | | |
| समानिकरण अनुदान | ५६,४७,००० | | |
| शसर्त अनुदान चालु | १,१५,४४,००० | | |
| विषेश अनुदान चालु | ७०,००,००० | | |
| समपुरक अनुदान चालु | २,००,००,००० | | |
| **आय** | **८४,०४,९९,४७६.६०** | **व्यय** | **८४,०४,९९,४७७** |

**मुसिकोट नगरपालिका द्वारा प्रकाशित**

**खण्ड १) मुसिकोट,गुल्मी, साउन ३० गते,२०७४ साल (संख्याः ५**

# भाग-२

## मुसिकोट नगरपालिका,गुल्मी

## नगरपालिका पदाधिकारीहरुको आचारसंहिता, २०७४

मुसिकोट नगरपालिकाको कार्यसम्पादन नियमावली २०७४ को नियम १० को उपनियम ७ ले दिएको अधिकार प्रयोग गरी मुसिकोट नगर कार्यपालिकाले बनाएको देहाय वमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा ३ वमोजिम सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ।

# नगरपालिका पदाधिकारीहरुको आचारसंहिता, २०७४

**प्रस्तावना**

नेपालको संविधान बमोजिम सहकारिता, सहअस्तित्व र समन्वयका आधारमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको अभ्यास गर्दै सङ्घ, प्रदेश र स्थानीय तहबीच सुमधुर अन्तरसरकार सम्वन्ध कायम गर्न, स्थानीय शासन व्यवस्थामा जनताको अर्थपूर्ण सहभागिता प्रबद्र्धन गर्दै वढी जनमुखी, सेवामुखी, जनउत्तरदायी, पारदर्शी तथा सुशासनयुक्त स्थानीय शासनको प्रत्याभूति गर्न, स्थानीय तहलाई जनताको विश्वासिलो शासन इकाईका रुपमा स्थापित गर्न, स्थानीय तहबाट समाजका विभिन्न वर्ग धर्म, लिङ्ग, जातजातिका मौलिक संस्कृतिप्रति सम्मान र सहिष्णु भावनाको विकास गर्न तथा कानुनी राज्य, संघीय लोकतान्त्रिक गणतन्त्रका लाभहरूको न्यायोचित वितरण र दीगो विकासको अवधारणालाई मूर्त रुप दिन हामी जनताबाट निर्वाचित पदाधिकारीको आचरण र क्रियाकलापहरुलाई सोही अनुरुप मर्यादित र नमूनायोग्य तुल्याउनका लागि मुसिकोट नगरपालिकाका जनप्रतिनिधिहरुले नगरसभाको २०७४।०४।२४ को बैठकबाट पारित गरी यो "मुसिकोट नगरपालिकाका पदाधिकारीको आचारसंहिता, २०७४" बनाई लागु गरेका छौ।

# नगरपालिका पदाधिकारीहरुको आचारसंहिता, २०७४

**भाग — १**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो आचारसंहिताको नाम "मुसिकोट नगरपालिकाका पदाधिकारीहरुको आचारसंहिता, २०७४" रहेको छ।

(२) यो आचारसंहिता नगरसभाबाट पारित भएको मितिदेखि लागु हुनेछ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आचारसंहितामा,

(क) "प्रमुख" भन्नाले मुसिकोट नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ।

(ख) "आचारसंहिता" भन्नाले नगरपालिकाका पदाधिकारीहरुको आचारसंहिता, २०७४ लाई जनाउनेछ।

(ग) "अनुगमन समिति" भन्नाले यस आचारसंहिता अनुसार गठित आचारसंहिता अनुगमन समितिलाई सम्झनुपर्छ।

(घ) "कार्यपालिका" भन्नाले मुसिकोट नगर कार्यपालिका सम्झनु पर्छ।

(ङ) "पदाधिकारी" भन्नाले मुसिकोट नगरपालिकाका प्रमुख, उपप्रमुख, वडाध्यक्ष, कार्यपाकिलकाका सदस्य तथा सभाका अन्य सदस्य समेतलाई सम्झनुपर्छ। यस शब्दले नगरपालिकाले आफ्नो कार्य सम्पादनका सिलसिलामा गठन गरेका जुनसुकै समिति वा उपसमिति वा कार्यदलका सदस्यहरु समेतलाई सम्झनुपर्दछ।

च) "सभा" भन्नाले मुसिकोट नगरसभालाई बुझाउनेछ।

(छ) "स्थानीय तह" भन्नाले नेपालको संविधान बमोजिमको गाउँपालिका, नगरपालिका र जिल्लासभा सम्झनुपर्छ।

(ज) "नगरपालिका" भन्नाले मुसिकोट नगरपालिका समेतलाई जनाउनेछ।

**भाग — २**

**पदाधिकारीका आचारहरु**

**३. सामान्य आचारहरुको पालना गर्ने** :

पदाधिकारीहरुले पालन तथा अवलम्वन गर्नुपर्ने सामान्य आचारहरु देहायमा उल्लेख भए बमोजिम हुनेछन। जसको अवलम्वन गर्न हामी प्रतिबद्धता व्यक्त गर्दछौं।

**३.१ नेपालको स्वतन्त्रता, स्वाधीनता, स्वाभिमान, राष्ट्रिय एकता, भौगोलिक अखण्डता र जनतामा निहित सार्वभौमसत्ताप्रति प्रतिबद्ध रहंदै,**

(क) पदाधिकारीहरुले नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानको अक्षुण्णतामा प्रतिकुल हुने कार्य गर्ने छैनौ।

(ख) कुनै पनि पदाधिकारीले राष्ट्र विरुद्ध हुने कार्यमा सघाउ पु-याउने, राष्ट्रिय गोपनीयता भङ्ग गर्ने, राष्ट्रिय सुरक्षामा आँच पु-याउने कार्यहरु गर्न वा त्यस्तो कार्यमा सहयोग पु-याउने कार्य गर्ने वा गराइने छैन।

(ग) कुनै पदाधिकारीले पदीय जिम्मेवारी पालना गर्दा सदैव राष्ट्र र जनताको बृहत्तर हितलाई ध्यानमा राखी गर्नेछौ।

(घ) कुनै पनि व्यक्ति वा निकायले जनतामा निहित सार्वभौमसत्ता, राष्ट्रिय एकता, स्वाधीनता, सामाजिक, धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सौहार्दतामा आँच पुयाउने गरी कार्य गरेमा त्यस्तो कार्य निरुत्साहित गर्नेछौ।

**३.२ संघ, प्रदेश र स्थानीय तहबीचको सु—सम्वन्धमा जोड दिंदै**

(क) पदाधिकारीहरुले संघ, प्रदेश र स्थानीय तहबीचको सुसम्वन्ध, कार्यअधिकारक्षेत्र, कार्य प्रणाली वा संस्थागत प्रबन्धमा कुनै आँच पु-याउने वा दखल दिन वा अन्तरसरकार सम्वन्धमा खलल पार्ने कुनै क्रियाकलाप गर्न वा वक्तव्य वा प्रकाशन वा प्रचार प्रसार गरिनेछैन ।

(ख) कुनै पनि आधारमा स्थानीय तहका वासिन्दाहरुलाई भेदभाव गर्ने वा समान सुरक्षा, सेवा, सुविधा र संरक्षणबाट बञ्चित गरिनेछैन । तर महिला, वालवालिका, अपांगता भएका व्यक्ति, दलित, जेष्ठ नागरिक लगायगत पछि परेका वर्ग, क्षेत्र तथा समुदायको हकहितका लागि विशेष व्यवस्था गर्न प्रतिबद्ध रहनेछौं ।

(ग) अन्तर स्थानीय तह तथा अन्तर सरकार वस्तु वा सेवाको निर्वाध आवागमनलाई कुनै बाधा गरिने वा भेदभाव गरिनेछैन ।

**३.३ संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली, स्वशासन र स्वायत्त शासन, संघ, प्रदेश र स्थानीय तहबाट राज्यशक्तिको प्रयोग तथा विश्वव्यापी मानव अधिकार र मौलिक अधिकारका मान्य सिद्धान्तको प्रबर्द्धन गर्न,**

(क) जनतामा निहित सार्वभौमसत्ता, स्वशासन तथा स्वायत्त शासन, संघ, प्रदेश र स्थानीय तहबाट राज्यशक्तिको प्रयोग, संघीय लोकतान्त्रिक गणतन्त्रका मान्य सिद्धान्तहरुलाई उच्च सम्मान र आत्मसात गरिनेछ ।

(ख) संघीय लोकतान्त्रिक प्रणाली, स्थानीय स्वायत्तता र तल्लो तहमा अधिकारको विकेन्द्रीकरणका सिद्धान्त तथा नीतिलाई अनादर गर्ने, जनताप्रतिको उत्तरदायित्वलाई अस्वीकार गर्ने ,अबहेलना गर्ने, अन्तरसरकार सम्वन्ध एवं स्थानीय तहहरु र साझेदार संघ संस्थासंगको कानुन बमोजिमको सम्बन्धमा खलल पर्ने जस्ता कुनै लेख, समाचार, भाषण, वक्तव्य प्रकाशन वा प्रशारण गर्नु वा गराउनु हुँदैन । तर यस कुराले उल्लेखित बिषयमा अनुसन्धानमूलक कुनै लेख रचना प्रकाशित गर्न र सो अनुरुप धारणा राख्न रोक लगाएको मानिने छैन ।

**३.४ साधन श्रोतको पूर्ण सदुपयोग गर्न :**

(क) कानुन बमोजिम आफूले पाउने सेवा सुविधाबाहेक स्थानीय तहको साधन, श्रोत, नगद वा जिन्सी कुनै पनि प्रकारले मास्न, उपभोग गर्न र दुरुपयोग गर्नु गराउनु हुँदैन ।

(ख) कुनै पनि पदाधिकारीले सार्वजनिक स्रोतको प्रयोग गर्दा अधिकतम सदुपयोग र उत्पादनशील कार्यमा प्रयोग गर्नु पर्नेछ ।

**३.५ आपनो जिम्मेवारीको प्रभावकारी कार्यान्वयन गर्न गराउन,**

(क) कुनै पनि पदाधिकारीले कानुनले तोकिए बमोजिमका पदाधिकारीहरुलाई पूर्व जानकारी नदिई आफ्नो सेवा दिने स्थान छोडी अन्यत्र जानु हुँदैन ।

(ख) पदाधिकारीले प्रचलित कानुनमा तोकिए भन्दा बढी समयका लागि आफ्नो कार्यक्षेत्र छोड्नुपर्दा वा कार्यक्षेत्र भन्दा वाहिर जानुपर्ने भएमा कानुनले तोके बमोजिमका जनप्रतिनिधि वा पदाधिकारीलाई आफ्नो पदको अख्तियारी नदिई जानु हुदैन ।

**३.६ गैर कानुनी आश्वासनलाई निरुत्साहित गर्न,**

(क) संविधान तथा प्रचलित कानुनले दिएको अधिकारक्षेत्रभन्दा बाहिरका काम गरिदिन्छु भनी कसैलाई आश्वासन दिनु हुदैन ।

(ख) कानुन बमोजिम गर्नुपर्ने काम गर्न वा सेवा दिनका लागि आनाकानी वा ढिलाई गर्ने, जानीजानी अनावश्यक झंझट थप्ने वा आफ्नो अधिकारक्षेत्र बाहिरको काम गरिदिन वा गराई दिनेछु भनी आश्वासन वा भरोसा पर्ने कुनै काम गर्नु वा गराउनु हुँदैन ।

(ग) स्थानीय तहका पदाधिकारीहरुले ऐनले तोकिएको योजना तर्जुमा प्रकृयाको जानकारी नदिई कुनै व्यक्ति, संस्था वा समुदायलाई स्थानीय तहको योजना बाहेकका कुनै कार्यक्रम वा योजना स्वीकृत गरिदिन वा गराईदिने आश्वासन दिनु हुँदैन ।

(घ) आफ्नो लागि वा अरू कसैको लागि अनुचित लाभ पुग्ने गरी पदको दुरूपयोग गर्ने कार्य गर्नु गराउनु हुदैन ।

**३.७ राजनीतिक आस्थाका आधारमा भेदभावपूर्ण कार्य नगर्न दृढ रहँदै,**

(क) राजनीतिक आस्था वा विचारका आधारमा कार्यपालिका वा सभाका सदस्यहरु वा कर्मचारीहरु वा सेवाग्राही तथा आम नागरिकहरुसंग तेरो मेरोको भावना राखी कुनै कार्य गर्नुगराउनु हुदैन ।

(ख) आफू सम्वद्ध राजनीतिक दल वा सम्वद्ध कुनै निकाय वा संघसंस्थालाई मात्र लाभ पुग्ने वा सुविधा हुने गरी कुनै निर्णय वा योजना वा कार्यक्रम कार्यान्वियन गरिनेछैन ।

**३.८ सामाजिक सौहार्दता र समावेशीकरणप्रति दृढ संकल्पित रहँदै,**

(क) सामाजिक सदभाव तथा सौहार्दता (प्रेम) खल्बल्याउन नहुने : विभिन्न जात जाति, धर्म, वर्ग, क्षेत्र, सम्प्रदायबीच सामाजिक सदभाव र सौहार्दता खल्बल्याउने कुनै काम वा अन्य कुनै व्यवहार गर्नु वा गराउनु हुँदैन । कुनै सम्प्रदायबीचको सु—सम्वन्धमा खलल पर्ने गरी क्रियाकलाप गर्नु गराउनु र प्रचार प्रसार गर्नु गराउनु हुदैन ।

(ख) छुवाछुतलाई प्रश्रय दिने व्यवहार गर्नु हुँदैन । कुनै बिचार ब्यक्त गर्दा जातीय, धामिक, सांस्कृतिक वा समाजिक विद्वेष वा धार्मिक भेदभाव जनाउने खालका काम कुरा गर्ने वा उखान टुक्का प्रयोग गर्ने वा कुनै जाती, धर्म, संस्कृति वा समुदायको स्वाभिमानमा धक्का लाग्ने वा आघात पुग्ने खालका शब्द÷वाणीहरुको प्रयोग गर्नु हुदैन ।

(ग) कुनैपनि जातजाति, धर्म, वर्ण, लिङ्ग आदिका आधारमा भेदभाव गर्नु हुँदैन तथा सबै समुदायका कानुनी हकहित र मौलिक संस्कृतिप्रति बोली र व्यवहार दुबै तवरबाट प्रतिकुल असर पर्ने गरी कार्य गर्नु गराउनु हुँदैन ।

(घ) कुनै पनि समुदायको परम्परा देखिको धर्म अवलम्वन गर्ने धार्मिक स्वतन्त्रताको सम्मान गर्नु पर्नेछ । तर, आफ्नो क्षेत्रभित्र कसैको धर्म परिवर्तन गर्ने गराउने कुनै पनि क्रियाकलाप हुन दिनुहुँदैन ।

(ङ) कुनै विदेशी नागरिक वा संस्थाले नेपालको सभ्यता, नेपाली जनताबीचको सदभाव बिगार्ने वा भडकाउने काम गरेको वा गर्न लागेको जानकारी भएमा तत्काल सम्बन्धित निकायमा सूचित गर्नु पर्नेछ ।

**३.९ पदाधिकारीबीच कार्यजिम्मेवारीको न्यायोचित बाँडफाँड गर्न :**

(क) पदाधिकारीहरुबीच जिम्मेवारी, अधिकार वा सुबिधा वा दायित्वको बाँडफाँड गर्दा राजनीतिक दलसँगको सम्वद्धता वा राजनीतिक आस्था वा महिला वा पुरुष वा सामाजिक समावेशीकरणका आधारमा भेदभाव गर्नु हुँदैन । तर कानुन बमोजिम बिशेष जिम्मेवारी र अवसर दिनका लागि उल्लेखित प्रावधानले रोक लगाएको मानिने छैन ।

**३.१० कसैको स्वाभिमान र अस्तित्वमा कुनै आँच आउन नदिन,**

(क) पदाधिकारीले सबैसंग शिष्ट र मर्यादित बाणी तथा शव्दको प्रयोग गर्नुपर्नेछ । शालिन र स्वभाविक सामाजिक आचारहरु गर्नुपर्नेछ । जनतासंग हार्दिक, नम्र र आदरपूर्वक व्यवहार गर्नुपर्नेछ ।

(ख) पदाधिकारीबाट कार्यपालिका र सभाका सदस्यहरु, स्थानीय तहमा कार्यरत कर्मचारीहरुमा एक अर्काप्रति झुठा लाञ्छना लगाउने, रिस राग द्वेष राख्ने तथा एक अर्काको बिषयमा अप्रासांगिक टिकाटिप्पणी गर्नु वा अतिसयोक्तिपूर्ण अभिव्यक्ति दिइनेछैन ।

(ग) पदाधिकारीले निर्वाचित जनप्रतिनिधि, कर्मचारी, सेवाग्राहीप्रति राम्रो व्यवहार र शीष्ठ भाषाको गर्नेछन ।

(घ) पदाधिकारीले संस्थागतरुपमा कुनै धारणा व्यक्त गर्दा स्थानीय तह, यसका निर्णयहरु वा कुनै पदाधिकारी वा कर्मचारीलाई होच्याउने वा अनादर गर्ने भाषा वा अभिव्यक्ति दिनु वा दिन लगाउनु हुदैन ।

(ङ) पदाधिकारी तथा कर्मचारीबीच एक अर्काको काम, पेशागत मर्यादा र कार्यगत स्वायत्तताको सम्मान गर्ने वातावरण सिर्जना गर्नु पर्नेछ ।

(च) पदाधिकारीहरुले एकअर्काको व्यक्तिगतरुपमा टिका टिप्पणी गर्नु हुँदैन तर पदाधिकारीको कामसँग सम्बन्धित बिषयमा स्वस्थरुपमा एक अर्काका कमी कमजोरी तथा सबल पक्षहरुलाई आं͡ल्याउन कुनै वाधा पुग्ने छैन ।

(छ) पदाधिकारीहरुले एक अर्काका बिषयमा सकारात्मक तवरले छलफल गर्ने, सुझाव दिने, आलोचना तथा टिप्पणीहरु राख्नुपर्नेछ र एक अर्कालाई पदीय काम गर्नमा सहयोग, उत्साह र प्रेरणा प्रदान गर्नुपर्नेछ ।

**३.११ सामाजिक मान्यता विरुद्धका आचारहरु निरुत्साहित गर्दै,**

(क) कार्यालय समयमा वा पदीय कामका सिलसिलामा मादक वा लागु पदार्थको सेवन गर्नु हुँदैन । कार्यालय हाताभित्र तथा सार्वजनिक सभा, समारोह, बैठक, आदि स्थलहरुमा मद्यपान, धुम्रपान, खैनी, सूर्ती, गुट्का वा पान सेवन गर्नु हुँदैन ।

(ख) अन्धविश्वास, अपसंस्कृति, रुढीवादजस्ता पुरातन एवम् अबैज्ञानिक मान्यता तथा चालचलन विरुद्धको सामाजिक रुपान्तरण प्रकृयामा सक्रिय सहभागिता जनाउनु पर्दछ ।

(ग) पदाधिकारीहरुले सार्वजनिक स्थल तथा खुला ठाउँमा जुवा, तास खेल्ने, बाजि लगाउने आदि जस्ता व्यवहारहरु गर्नु हुँदैन ।

(घ) पदाधिकारीले कानुनतः मानव अधिकारको हनन ठहरिने, कानुनले वन्देज लगाएका तथा सभा वा कार्यपालिकाले आफ्नो क्षेत्रभित्र सामाजिक मर्यादा विपरितका भनी तोकेका समुदायमा प्रचलित कुरीतिहरुले बढावा पाउने व्यवहार गर्नु हुदैन ।

(ङ) विभिन्न जातजाति वा धर्म सम्प्रदायका प्रचलित सामाजिक संस्कारहरु जस्तै, विवाह, ब्रतबन्ध, पास्नी, जन्मोत्सव, भोज, आदिमा समुदायमा गलत प्रतिस्पर्धाको भावना ल्याउने खालका तडक भडक गर्नु हुँदैन र तडकभडक गर्न अरुलाई प्रोत्साहन गर्नु हुँदैन ।

(च) पदाधिकारीको हैसियतले कुनै निर्णय गर्दा राजनीतिक, सामाजिक, आर्थिक वा कुनै पनि आधारमा तेरोमेरो भन्ने पक्ष नलिई तटस्थ भूमिका निर्वाह गर्नुपर्दछ ।

(छ) लिङ्ग, उमेर, भाषा, धर्म, आर्थिक अवस्था आदिका आधारमा भेदभाव जनाउने गरी अरुको सामाजिक संस्कार वा वर्गीय हकहितका बिषयहरुमा नकारात्मक टिप्पणी गर्नु हुँदैन ।

(ज) पदाधिकारीले आफ्नो क्षेत्रभित्र विद्यमान सामाजिक कुरिति तथा कुसंस्कारका रुपमा रहेका वालविवाह, वहुविवाह, लैंगिक हिंसा, छाउपडी, बोक्सा बोक्सी, दहेज दाइजो छुवाछुत, जातिगत उचनीचता, व्यक्तिगत घटना दर्ता नगर्ने प्रबृति, खोप नलगाउने अवस्था, खुला दिशा आदिजस्ता प्रथा प्रचलनलाई निर्मूल गर्न लागि पर्नु पर्नेछ ।

**३.१२ स्थानीय तहबाट प्रदान गर्ने सेवा, सुविधा, निर्णय प्रक्रिया र सूचनामा जनताको पहुँच बढाउन,**

(क) प्रत्येक नागरिकलाई सरोकार हुने सेवा सुविधा र निर्णयबारे सूचना माग भएमा उपलब्ध गराउनु पर्ने छ । तर प्रचलित कानुन तथा आचारसंहितामा उल्लेख भएको तरिकाले बाहेक कुनै पदाधिकारी, व्यक्ति वा समूहलाई आर्थिक कारोवारमा लाभ वा हानी पुग्ने वा कसैको सम्पति वा जीउ—ज्यानमा हानी नोक्सानी पुग्ने सूचनाहरु र गोप्य राख्नु पर्ने कुरा प्रसारण वा सार्वजनिक गर्नु वा गराउनु वा उपलब्ध गराउनु हुदैन् ।

(ख) शान्ति सुरक्षा, राष्ट्रिय अखण्डता, समुदायहरुको सौहार्द सम्बन्धमा खलल पर्ने खाले सूचनाहरु सार्वजनिक गर्नु वा गराउनु हुदैन् ।

**३.१३ वदनियत तथा अनधिकृत काम गर्न गराउनबाट रोक्न,**

(क) प्रचलित कानुन बमोजिम आफूलाई प्राप्त अधिकारको प्रयोग गर्दा वदनियत वा स्वेच्छाचारीरुपमा गर्नु वा गराउनु हुँदैन । यस्तो अधिकारको प्रयोग खुला एवं सहभागितामूलक रुपमा छलफल गरी गर्नु पर्नेछ ।

(ख) आफू वा अन्य कुनै व्यक्ति वा संस्थाबाट अन्य पदाधिकारी वा कार्यालय/संघसंस्था वा कर्मचारी वा व्यक्तिलाई अनधिकृत काम गराउनु हुँदैन ।

३.१४ लैङ्गिक समानताको प्रबद्र्धन गर्दैः

(क) कसैलाई लिङ्गको आधारमा भेदभाव झल्कने कुनै कार्य गर्नु हुँदैन । लिङ्गको आधारमा कसैको क्षमतामाथि आँच आउने गरी कुनै कामकाज गर्न, नीति, कानुन वा संरचना बनाइनेछैन ।

(ख) फरक लिङ्गका पदाधिकारी, कर्मचारी, सेवाग्राही तथा आम नागरिकप्रति अस्वस्थ आलोचना गर्ने, जिस्क्याउने तथा उनीहरुको मनोवल घटाउने खालका अभिव्यक्ति दिने, दिन लगाउने वा कुनै पनि माध्यमवाट कुनै यौनजन्य दुराशय हुने खालका कुनै कामकारवाही गर्न गराउन वा यौनजन्य अस्लिल तस्विरहरु प्रकाशित गर्ने, प्रदर्शन गर्ने, आशय देखाउने, अनुचित लाभका दृष्टिले काममा अल्झाउने जस्ता हैरानी पार्ने व्यवहार गर्नु वा गराउनु हुदैन ।

(ग) लेखेर, बोलेर, भाषण गरेर वा जुनसुकै माध्यमबाट पनि महिला तथा पुरुषबीचमा भेदभाव जनाउने खालका काम वा व्यवहार गर्न वा उखान टुक्का, थेगो वा शब्दहरुको प्रयोग गर्नु गराउनु हुँदैन ।

(घ) लैङ्गिक आधारमा भएका घरेलु हिंसा र भेदभावका घटनाहरुलाई लुकाउने र गोप्य राख्ने कार्य गर्ने वा सहयोग पु-याउने कार्य गर्नु गराउनु हुदैन ।

**३.१५ बालवालिकाको सर्वाङ्गिण विकास र हकहितप्रति सचेत रहंदै :**

(क) वालवालिकाको सार्थक सरोकारका बिषय तथा स्थानीय विकास र शासन प्रक्रियामा वालवालिकाको सार्थक सहभागितालाई होच्याउने वा अवमूल्यन गर्ने विचार, अभिव्यक्ति दिन वा त्यस्तो व्यवहार गर्न गराउन हुँदैन ।

(ख) आफ्नो परिवारमा बालश्रमिक राख्नु हुँदैन । समुदायमा बालश्रम वा बालशोषणलाई संरक्षण वा प्रोत्साहन हुने कुनै किसिमका क्रियाकलाप गर्न गराउन पाइनेछैन ।

**४. सार्वजनिक सम्पतिको प्रयोग तथा सुविधा सम्वन्धी आचारहरुः** सार्वजनिक सम्पतिको प्रयोग तथा सुविधा सम्वन्धमा देहायका आचारहरु पालन गर्न प्रतिबद्धता व्यक्त गर्दछौ,

४.१ पदाधिकारी तथा कर्मचारीको सुविधाका लागि छुट्याईएको सेवा वा सुविधा वा भत्ता आफ्नो आन्तरिक श्रोतको कति अंश हुन आउंछ भन्ने एकीन गरी सभामा छलफल गरी आम नागरिकलाई जानकारी दिई किफायति रुपमा न्यूनतम सुविधाको व्यवस्था गरिनेछ ।

४.२ पदाधिकारीले कानुन बमोजिम तथा कार्यालयको काममा वाहेक स्थानीय तहको मानवीय, आर्थिक वा भौतिक साधन श्रोतको आफू वा अन्य कुनै व्यक्तिबाट प्रयोग वा उपयोग गर्नु वा गराइनेछैन ।

४.३ आफ्नो पदीय ओहदाको आधारमा कुनै समिति, संस्था वा व्यक्तिहरुबाट निजी सेवा तथा सुविधाहरु लिन वा लिन लगाइने छैन ।

४.४ स्थानीय तहको सेवा प्राप्त गरे वा सार्वजनिक सम्पतिको प्रयोग गरेवापत पदाधिकारी, कर्मचारी वा अन्य कुनै व्यक्ति वा संस्थाले कानुन बमोजिम तिर्नु बुझाउनु पर्ने कर, शुल्क, सेवा शुल्क दस्तुर, भाडा बुझाउनबाट छुट लिनेदिने गरी निर्णय गर्नु वा गराउनु हुँदैन् ।

४.५ स्थानीय तहका पदाधिकारीहरुले आफूले प्राप्त गर्ने सुविधाहरुको विवरण आम जानकारीका लागि स्थानीय तहमार्फत सार्वजनिक गर्नुपर्नेछ ।

**५. नीति निर्माण, योजना तर्जुमा र निर्णय गर्दा पालन गर्नुपर्ने आचारहरु** : नीति, निर्माण, योजना तर्जुमा र निर्णय गर्दा गर्दा देहायका आचारहरुको पालन गर्न गराउन देहाय बमोजिम गरिनेछ,

**५.१ निर्णय प्रकृयामा भाग लिनुपूर्व बैठकमा जानकारी दिनुपर्ने :** पदाधिकारीले आफू समेत संलग्न भई कुनै निर्णय गर्नुपर्ने बैठकमा छलफलमा भाग लिनुपूर्व देहाय बमोजिमका सूचनाहरु सम्वन्धित भए सो दिनुपर्नेछ :

(क) स्थानीय तहको भर्ना प्रकृया, खरीद, बिक्री वा ठेक्कापट्टाको निर्णय प्रकृया, कुनै किसिमको दण्ड जरिवाना वा मिनाहा गर्ने निर्णय प्रकृया, कुनै पक्षसंगको सम्झौताको म्याद थप वा खारेजीका बिषयमा वा त्यस्तै कुनै निर्णय गर्नुपर्ने विषयसँग सम्बन्धित व्यक्तिसँग आफ्नो कुनै स्वार्थ वा रिसइवी वा लेनदेन वा अन्य कुनै प्रकारको नाता, सम्वन्ध रहेको भए सो कुरा,

(ख) स्थानीय तहको नीति निर्णयबाट प्रत्यक्ष वा अप्रत्यक्षरुपमा लाभ वा हानी हुने व्यक्ति, संस्था, पक्ष वा कम्पनीसँग लिनुदिनु भए सोको बिवरणहरु,

(१) कुनै पेशा वा व्यवशायिक संघसंस्थामा पदाधिकारीको प्रतिनिधित्व, लगानी, शेयर, हित वा स्वार्थ भए सोको बिवरण र त्यस्तो काममा लगाउने संस्था सम्बन्धी विवरण,

(२) यदि कुनै पदाधिकारीको निर्णय गर्नुपर्ने पक्ष वा बिषयसंग सम्बन्ध रहेछ भने बैठकको अध्यक्षले त्यस्तो पदाधिकारीलाई बैठकको निर्णय प्रकृयामा तटस्थ रहन वा भाग नलिनका लागि निर्देश गर्नु पर्नेछ ।

(३) पदाधिकारीले कुनै विकास निर्माण कार्यको लागि गठन हुने उपभोक्ता समितिमा रही कार्य गर्नु हुदैन ।

**५.२ सहभागितामूलक तथा पारदर्शीरुपमा नीति निर्माण र निर्णय गर्ने** :

(क) पदाधिकारीहरुले योजनाको छनौट, प्राथमिकीकरण, कार्यान्वियन, अनुगमन, मूल्यांकनका विषयहरुमा लाभग्राही, उपभोक्ता तथा सरोकारवाला समूहको व्यापक सहभागिता र प्रतिनिधित्व गराएर निर्णय गर्नुपर्नेछ ।

(ख) स्थानीय तहबाट निर्णय दिनुपर्ने विषयहरु, नियुक्ति वा सेवा सुविधा दिने वा लिने विषयका कुराहरु पारदर्शीरुपमा गर्नु पर्नेछ ।

(ग) स्थानीय तहका बैठकहरु आम जनताका लागि खुला गर्न उचित प्रकृयाहरु निर्धारण गर्नु पर्नेछ ।

(घ) निर्णय गर्दा कानुनले तोकेको अवधिभित्र निर्णय गर्नुपर्छ । कानुनले समय नतोकेको अवस्थामा विषयको प्रकृति हेरी यथासम्भव छिटो र उपयुक्त समयावधिभित्र निर्णय गर्नु पर्नेछ । तर कुनै कारणले निर्णय गर्न लाग्ने समयावधि लम्बिने भएमा वा निर्णय गर्न नसकिने भएमा सोको तथ्यपूर्ण जानकारी संवन्धित पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

(ङ) पदाधिकारीले नागरिक वा सेवाग्राहीलाई नअल्याउने गरी स्पष्ट राय तथा सल्लाह दिनु पर्नेछ ।

**६. पुरस्कार, उपहार, दान, चन्दा वा निजी सेवा, सुविधा र लाभ ग्रहण सम्बन्धी आचरणः पुरस्कार, उपहार, दान, चन्दा वा निजी सेवा, सुविधा र लाभ ग्रहण सम्बन्धमा देहायका आचारहरुको पालन गर्न गराउन प्रतिबद्ध रहंदै,**

(क) कानुन बमोजिम आफ्नो कर्तव्य निर्वाह गर्ने सिलसिलामा कसैबाट कुनै प्रकारको नगद वा सेवा सुविधाको रुपमा उपहार, पुरस्कार, चन्दा लिनु हुदैन । त्यस्तो सेवा सुविधा दिनका लागि वाध्य पार्ने कुनै व्यवहार गर्नु वा गराउनु हुँदैन् ।

(ख) स्थानीय तहसंग कुनै खास विषयमा स्वार्थ निहित भएको वा सम्भाव्य स्वार्थ भएको कुनै पनि व्यक्तिबाट कुनै प्रकारको मैत्री व्यवहार र आमन्त्रण, भोज भतेर, खानपिन, मनोरञ्जन, वसोवास सुविधा, भाडा सुविधा, आदि लिनु वा दिनु हुँदैन ।

(ग) पदाधिकारीहरुले आफ्नो स्थानीय तहलाई जानकारी नदिई कुनै व्यक्ति, संस्था वा निकायबाट दान, बक्सिस, चन्दा, उपहार स्वीकार गर्नु हुँदैन् ।

**७. सामुदायिक संघसंस्था, निजी क्षेत्र, विकास साझेदार, गैर सरकारी संस्थासंगको साझेदारी : विकास साझेदार, गैर सरकारी संस्था, सामुदायिक संघसंस्था, निजी क्षेत्रसंगको साझेदारी गर्दा देहायका आचारहरुको पालन गर्न प्रतिबद्ध रहंदै,**

(क) विकास साझेदार निकाय, गैर सरकारी संस्था, सामुदायिक संघसंस्था, निजी क्षेत्रसँग संस्थागत सम्वन्ध र समन्वय प्रवद्र्धन गरिनेछ । व्यक्तिगत लाभहानीका आधारमा व्यवहार गरिनेछैन ।

(ख) विकास साझेदार निकाय, गैर सरकारी संस्था, सामुदायिक संघसंस्था, निजी क्षेत्रसँगको आफ्नो क्षेत्रभित्रको योजना, कार्यक्रम, बजेट तथा प्रतिवेदन कार्यलाई एकीकृत रुपमा अगाडी बढाइनेछ ।

**८. निष्पक्षता, सम्मान र कदरपूर्ण व्यवहार सम्बन्धी आचरणहरु : पदाधिकारीले आफ्नो कार्यसम्पादन गर्दा निष्पक्षता, सम्मान र कदरपूर्ण रुपमा गर्न देहायका आचारहरुको पालन गरिनेछ,**

(क) स्थानीय तहको संस्थागत एवं कार्यगत स्वतन्त्रता र निष्पक्षता अभिवृद्धि गर्न प्रयत्नशील रहने ।

(ख) पदाधिकारीले पदीय कर्तव्य निर्वाह गर्दा वाह्य वा आन्तरिक क्षेत्रबाट प्रत्यक्ष वा अप्रत्यक्षरुपले आउने प्रभाव, प्रलोभन, दवाव, भनसुन, धम्की, आग्रह आदिबाट प्रेरित वा प्रभावित नभई कार्य सम्पादन गर्ने ।

(ग) आफ्नो पदीय कर्तव्य पुरा गर्दा मोलाहिजा नराखी निर्भिक र स्वतन्त्रतापूर्वक कार्य सम्पादन गर्ने गराउने ।

(घ) कुनै कर्मचारीलाई कार्य सम्पादनको सिलसिलामा अनुचित प्रभाव पार्न वा दबाब नदिने ।

(ङ) प्रचलित कानुनले निषेध गरेको कुनै कार्य गर्न वा गराउन नहुने ।

(च) कर्तब्य पालना गर्दा जानकारीमा आएको कानुन बमोजिम गोप्य राख्नुपर्ने विषय वा कागजात वा व्यहोरा प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट प्रकाशन गर्न वा गराउन नहुने ।

(६) पदाधिकारीले आफुले गर्ने काम निर्धारित समयभित्र सम्पादन गरिनेछ । कानुन बमोजिम सम्पादन गर्नुपर्ने काम समयभित्रै सम्पन्न नगरी आफूले गर्ने काम पन्छाइने छैन ।

**९. अन्य आचरणहरु** : पदाधिकारीका अन्य आचरणहरु देहाय बमोजिम गर्न प्रतिबद्ध रहन्छौं,

(क) आफ्नो सम्पत्तिको विवरण तोकिएको समयभित्र सम्वन्धित निकायमा बुझाई सार्वजनिक गर्नु पर्नेछ ।

(ख) स्थानीय तहको काममा कुनै प्रकारको असर पर्न सक्ने गरी वा संविधान र प्रचलित कानुन विपरित हुने गरी स्थानीय तहको स्वीकृती विना कसैबाट कुनै प्रकारको दान, दातव्य, कोसेली, उपहार आफुले स्वीकार गर्नु र आफ्नो परिवारको कुनै सदस्यलाई त्यस्तो बिषय स्वीकार गर्न लगाउनु हुदैन । विदेशी सरकार वा प्रतिनिधिबाट कुनै उपहार प्राप्त हुन आएमा स्थानीय तहमा सो कुराको सूचना दिई निर्णय भए वमोजिम गर्नु पर्नेछ ।

(ग) स्थानीय तहको पूर्व स्वीकृति बिना कुनै कामको निमित्त कुनै किसिमको चन्दा माग्न वा त्यस्तो चन्दा स्वीकार गर्न वा कुनै किसिमको आर्थिक सहायता लिनु हुदैन ।

(घ) नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको काम कारवाहीमा प्रतिकुल प्रभाव पर्ने गरी कुनै पत्रपत्रिकामा आफनो वास्तविक वा काल्पनिक नामबाट वा वेनामी कुनै लेख प्रकाशन गर्न, अनलाइन समाचार माध्यम वा सामाजिक सञ्जाल वा रेडियो वा टेलिभीजनद्वारा प्रसारण गर्न गराउन हुदैन ।

(ङ) नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको नीतिको विरोधमा सार्वजनिक भाषण दिन वा कुनै वक्तव्य प्रकाशन गर्न हुदैन ।

(च) मुलुकी ऐन विहावारीको महलको विपरित हुने गरी विवाह गर्न गराउन हुदैन ।

(छ) विदेशी मुलुकको स्थायी बसोवास तथा डि.भी.को लागि आवेदन गर्नु हुदैन ।

(ज) पदाधिकारीले पदीय मर्यादामा आंच आउने गरी कुनै समूह वा व्यक्तिसंग कानुन विपरित वार्ता गर्ने, संझौता गर्ने कार्य गर्नु गराउनु हुँदैन ।

## भाग — ३
## प्रचलित कानुन बमोजिम पालन गर्नुपर्ने आचारहरु

**१०. प्रचलित कानुनको प्रभावकारी कार्यान्वयन :** (१) नेपालको संविधान, प्रचलित संघीय तथा प्रदेश कानुन, अदालतको निर्णय वा आदेश तथा कानुन बमोजिम संघ वा प्रदेशले दिएको निर्देशनको सम्मान र पालना गर्न र सोको तत्परतापूर्वक प्रभावकारी कार्यान्यिवन गरिनेछ ।

(२) प्रचलित कानुन बमोजिम पदाधिकारीहरुको सम्पत्ति बिबरण बुझाउने तथा सार्वजनिक गरिनेछ ।

(३) पदाधिकारीले प्रचलित कानुन बमोजिम स्थानीय तहको बेरुजु तथा पेश्कि फर्च्छ्यौटको कार्यमा जिम्मेबारी बहन गर्नु पर्नेछ ।

**११. अख्तियार दुरुपयोग तथा भ्रष्टाचार निवारण सम्वन्धी कानुनको कार्यान्वयनमा सहयोग :** (१) स्थानीय तहका पदाधिकारीहरुले प्रचलित कानुन बमोजिम भ्रष्टाचार वा अख्तियारको दुरुपयोग हुने किसिमका आचारहरु गर्नु वा गराउनु हुदैन् ।

(२) स्थानीय तहका पदाधिकारीले स्थानीय तहमा प्रचलित कानुन बमोजिम अख्तियारको दुरुपयोग ठहरिने कुनै काम वा व्यवहार भएमा सम्बन्धित निकायमा जानकारी दिनुपर्नेछ र सम्बन्धित निकायबाट हुने छानविन, अनुसन्धान तथा जाँचवुझमा सहयोग गर्नु पर्नेछ ।

(३) पदाधिकारीले आपूmले थाहा पाएको भ्रष्टाचार मानिने कार्यहरूको सूचना दिने र लिने गर्नु पर्दछ, त्यस्तो सूचना लुकाउन र लुकाउन सहयोग गर्नु हुदैन ।

(४) पदाधिकारीले आफ्नो कार्यसम्पादन गर्दा स्वार्थको द्वन्द्व देखिन सक्ने बाह्य क्रियाकलाप, रोजगारी, लगानी, सम्पत्ति, उपहार वा लाभ लगायतका कुराहरू बारे स्पष्ट गरी कार्य सम्पादन गर्नु पर्दछ ।

(५) भ्रष्टाचारबाट आर्जित सम्पत्ति राख्ने, लुकाउने तथा प्रयोग गर्ने जस्ता कार्यलाई दुरुत्साहन गर्नु पर्दछ ।

(६) भ्रष्टाचारबाट आर्जित सम्पत्तिको खोज तलास, रोक्का, स्थानान्तरण, नियन्त्रण, जफत एवं फिर्तासम्बन्धी कार्यमा सहयोग पु¥याउनु पर्दछ ।

(७) पदाधिकारीले आपूmले र आफ्नो परिवारको नाममा कुनै जायजेथा खरीद गर्दा सार्वजनिक गरेर गर्नु पर्नेछ ।

**१२. निर्वाचन आचारसंहिताको पालन गर्नुपर्ने** : (१) स्थानीय तहका जनप्रतिनिधिहरुले निर्वाचनका बखत पालन गर्नुपर्ने आचारहरु निर्वाचन आयोगले तोके बमोजिम पालना गर्नु पर्नेछ ।

(२) स्थानीय निकायका पदाधिकारीहरुले निर्वाचन आचारसंहिताको प्रभावकारी कार्यान्वियन तथा पालन गर्न गराउन सहयोग गर्नुपर्नेछ ।

(३) स्थानीय तहका पदाधिकारीहरुले आफ्नो ओहदाको आधारमा प्राप्त सुविधाहरु निर्वाचन प्रचार प्रसार वा सोसँग सम्बन्धित प्रयोजनका लागि आफू वा अरु कसैबाट प्रयोग गर्न वा प्रयोग गराउनको लागि दिनु हुँदैन ।

(४) निर्वाचन प्रयोजनका लागि यस्तो सुविधा दिन वा लिनका लागि स्थानीय तहहरुबाट संस्थागत रुपमा कुनै निर्णय गर्नु वा गराउनु समेत हुदैन ।

**१३. आचारसंहिताको कार्यान्वयन लागि आवश्यक सहयोग गर्नुपर्नेः** (१) आचारसंहिताको कार्यान्वयन तथा सार्वजनिकीकरणका लागि देहायमा उल्लेखित व्यवस्थाहरु गरिनेछ,

(क) आचारसंहिताको कार्यान्वयन समितिको व्यवस्था गरिनेः कार्यपालिकाले प्रमुख वा कार्यपालिकाले तोकेको सदस्यको संयोजकत्वमा आचारसंहिता कार्यान्वयन समिति गठन गरिनेछ । सो समितिले नियमित रुपमा आचारसंहिता कार्यान्वयनको पक्षलाई सहयोग पु¥याई कार्यपालिकाको बैठकमा नियमित प्रतिवेदन दिनु पर्नेछ ।

(ख) अनुगमन समितिलाई सहयोग पुयाउनु पर्ने : यस आचारसंहिताको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन समितिलाई आवश्यक पर्ने सहयोग उपलब्ध गराइनेछ ।

(२) पदाधिकारीले आफ्नो कार्यविभाजन तथा कार्यसम्पादन नियमावलीको व्यवस्था बमोजिम जवाफदेही, पारदर्शी सेवा प्रवाहको प्रबन्ध गर्न देहाय बमोजिम गर्न गराउन आवश्यक व्यवस्था गरिनेछ,

(क) नागरिक वडापत्र बमोजिम काय सम्पादन गर्नुपर्ने, नागरिक बडापत्र सम्वन्धित सबैको जानकारीका लागि सबैले देख्ने ठाउँमा टाँस गर्नु गराउनु पर्नेछ ।

(ख) स्थानीय तहले नागरिक बडापत्रमा उल्लेख भए अनुसार छिटो छरितो सेवा प्राप्त नभएमा सो उपर गुनासो सुनुवाई हुने र छानबिनबाट सेवाग्राही पक्षलाई कुनै क्षति वा हैरानी व्यहोर्नुपरेको देखिएमा पिडित पक्षलाई उचित उपचार र क्षतिपूर्ति उपलव्ध हुने व्यवस्था गर्नु गराउनु पर्नेछ ।

(३) कुनै पनि पदाधिकारीले आफुकहाँ आएको गुनासो तत्कालै सुन्ने व्यवस्था मिलाई फछ्र्योट गर्नु पर्नेछ ।

## भाग — ४

## आचारसंहिताको पालन गर्ने गराउने व्यवस्था

**१४. आचारसंहिता अनुगमन समितिको गठन :** (१) कुनै पदाधिकारीले यस आचारसंहिता तथा अन्य प्रचलित संघीय, प्रदेश र स्थानीय कानुन बमोजिम पालन गर्नुपर्ने आचारहरु उल्लंघन गरे, नगरेको सम्वन्धमा जाँचबुझ तथा अनुगमन गर्नका लागि सभाले सभाका सदस्यहरुमध्येबाट देहाय बमोजिमका पदाधिकारी रहेको एक आचारसंहिता अनुगमन समितिको गठन गरिनेछ ।

क. सभाका सदस्यहरुले आफूमध्येबाट छनौट गरेको एक जना —संयोजक

ख. सभाका सदस्यहरुले आफूमध्येबाट छनौट गरेको कम्तिमा एक जना महिला सहित दुई जना —सदस्य

ग. कार्यकारी अधिकृतले तोकेको स्थानीय तहको एक जना अधिकृत कर्मचारी —सदस्य सचिव

(२) अनुगमन समितिका संयोजक, सदस्य तथा सचिवमाथि नै यस आचारसंहिताको उल्लंघनमा उजुरी परी निर्णय गर्नुपर्ने अवस्था भएमा सो बिषयको छलफल, जाँचवुझ तथा निर्णय प्रकृयामा नीज सहभागी हुन पाउने छैनन् ।

(३) यस आचारसंहिताको संयुक्त रुपमा उल्लंघन गरेको भनी अनुगमन समितिका संयोजक, सदस्यहरु तथा चिवमाथि कुनै उजुरी परेकोमा त्यस उपर सम्बन्धित कार्यसमितिले छानविन गरी त्यसपछि बस्ने सभाको बैठकमा पेश गर्नु पर्नेछ ।

(४) अनुगमन समितिका सदस्यहरुको पदावधि दुई बर्षको हुनेछ । यस समितिका सदस्यहरु लगातार दुई कार्यकालभन्दा बढीका लागि निर्वाचित हुन सक्ने छैनन् । तर स्थानीय तहको कार्यकाल समाप्त भएको अवस्थामा यस समितिको पदावधि स्वत : समाप्त भएको मानिनेछ ।

**१५. अनुगमन समितिको काम, कर्तव्य तथा अधिकार** : (१) अनुगमन समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ,

(क) कुनै पदाधिकारीले आचारसंहिता उलंघन गरे, नगरेको सम्वन्धमा उजुरी परेमा वा जानकारी हुन आएमा सो उपर जाँचबुझ तथा छानविन गर्न सक्ने ।

(ख) जाँचवुझ तथा छानविनका सिलसिलामा समाव्हान जारी गर्ने र साक्षी प्रमाण बुझ्ने अधिकार हुने ।

(ग) अनुगमन समितिका सदस्यहरुले स्थानीय तहको सिफारिश तथा आमन्त्रणमा स्थानीय तहको जुनसुकै बैठकमा उपस्थित भई आफ्नो कामका बिषयमा जानकारी दिन सक्नेछन् ।

(२) अनुगमन समितिको कामको लागि आवश्यक जनशक्ति, काम गर्ने ठाउँ, सामग्री तथा उचित वातावरण बनाईदिने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ ।

**१६. अनुगमन समितिको बैठक तथा कार्यविधि :**

(१) अनुगमन समितिको कार्य संचालन विधि देहायमा उल्लेख भए अनुसार हुनेछ,

(क) अनुगमन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(ख) अनुगमन समितिको बैठकको निर्णय बहुमतको आधारमा हुनेछ ।

(ग) अनुगमन समितिले कारवाही गर्दा सम्बन्धित पदाधिकारीलाई सफाई पेश गर्ने उचित मौका दिनु पर्नेछ ।

(घ) अनुगमन समितिले जाँचबुझबाट देखिएको बिबरण सहितको राय प्रतिवेदन सम्वन्धित कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(२) अनुगमन समितिको बैठक तथा जाँचबुझ सम्बन्धी अन्य कार्यविधि समिति आफैंले तोक्न सक्नेछ ।

**१७. अनुगमन समितिका सदस्यहरुको सेवा तथा सुविधा** : अनुगमन समितिका सदस्यहरुको बैठक भत्ता तथा अन्य सुविधाहरु स्थानीय तहले तोके वमोजिम हुनेछ ।

**१८. उजुरी** : (१) स्थानीय तहको कुनै पदाधिकारीले पेशागत आचार उल्लंघन गरेकोमा त्यस विषयमा आचारसंहिता अनुगमन समिति समक्ष उजुरी दिन सकिनेछ ।

(२) माथि (१) वमोजिम दिइने उजुरीमा कुन पदाधिकारीले कुन आचार उल्लंघन गरेको हो सोको आधार प्रमाण खुलाउनु पर्नेछ । स्थानीय तहले उजुरी फारामको नमूना वनाई सवैले सजिलै प्राप्त गर्नसक्ने स्थानमा राख्नुपर्नेछ ।

(३) उजुरीको सम्वन्धमा कारवाही माग गर्दा अनुगमन समितिले उजुरवालासंग थप विवरण वा कागजात माग गर्न सक्नेछ ।

**१९. गोप्य राख्नुपर्ने** :(१) अनुगमन समितिले उजुरवालाको नाम गोप्य राख्नु पर्नेछ ।

(२) प्राप्त उजुरीका आधारमा कुनै पदाधिकारीमाथि लागेको आरोपमाथि छानविन जारी रहेको अवस्थामा आरोपित पदाधिकारीको नाम समेत गोप्य राख्नु पर्नेछ।

**२०. जांचवुझ :** (१) यस आचारसंहितामा उल्लिखित आचारहरुको उल्लंघन गरेको बिषयमा अनुगमन समितिको राय सुझाव वा प्रतिवेदन आवश्यक कार्वाहिका लागि कार्यपालिकामा पेश गर्नुपर्नेछ । प्रतिवेदन पेश गर्नुपूर्व सो समितिले देहायका प्रकृयाहरु पूरा गर्नु पर्नेछ।

(क) कुनै पदाधिकारीका विरुद्ध आचारसंहिता उल्लंघन गरेको कुनै उजुरी परेकोमा वा कुनै जानकारी प्राप्त भएकोमा त्यसको आधारमा अनुगमन समितिले कार्वाही गर्न आवश्यक छ वा छैन भनी जाँचवुझ गर्न वा गराउन सक्नेछ।

(२) जाँचवुझ गर्दा कुनै पदाधिकारी उपर कारवाही गर्नुपर्ने देखिएमा अनुगमन समितिले त्यस्तो पदाधिकारीलाई सफाई पेश गर्न उचित मौका दिनु पर्नेछ।

(३) सफाई पेश गर्ने मौका दिंदा सम्बन्धित पदाधिकारी विरुद्ध लागेको आरोप र त्यसको आधारहरु प्रष्ट गरी आवश्यक कार्वाहीका लागि कार्यपालिकाको बैठकमा पेश गर्नुपर्नेछ।

**२१. अनुगमन समितिको सिफारिश कार्यान्वयन गर्ने** : (१) अनुगमन समितिले यस आचारसंहितामा उल्लेखित कुराहरुको पालन भए नभएको सम्वन्धमा आवश्यक राय, सुझाव तथा सिफारिश सहित कार्यान्वियनका लागि कार्यपालिकामा पेश गर्नुपर्नेछ।

(२) अनुगमन समितिबाट प्राप्त प्रतिवेदन तथा राय, सुझाव र सिफारिश उपर कार्यपालिकामा छलफल गरी आवश्यक निर्णय सहित कार्यान्वियन गर्नुपर्नेछ।

(३) आचारसंहिताको पालनका बिषयमा स्थानीय तहमा छलफल हुँदाका बखत सम्बन्धित पक्षका प्रतिनिधीहरुलाई सहभागी गराउन सकिनेछ।

**२२. आचारसंहिताको उल्लंघनमा सजाय** : (१) यस आचारसंहिताको कार्यान्वियन गर्दा स्थानीय तहबाट सजायको रुपमा देहायमा उल्लेखित एक वा सोभन्दा बढी प्रकृयाहरु अपनाउन सकिनेछ।

(क) सम्बन्धित पदाधिकारीलाई सचेत गराउने।

(ख) आलोचना तथा आत्मालोचना गर्न लगाई सोको जानकारी सार्वजनिक गर्न लगाउने।

(ग) सार्वजनिक सुनुवाइका लागि सार्वजनिक गर्ने, गराउने

(घ) प्रचलित ऐन कानुनको उल्लंघन भएका अवस्थामा सम्बन्धित निकायमा सूचना दिने र आवश्यक कार्बाहीका लागि लेखी पठाउने।

(२) आरोपित पदाधिरीमाथि भएको कुनै पनि कार्बाहीका बिषयमा निज कुनै राजनीतिक दलसंग आवद्ध भएको हकमा सम्बन्धित राजनितिक दललाई जानकारी गराउनु पर्ने।

**२३. कार्वाहीको बिबरण सार्वजनिक गर्नुपर्ने** : आचारसंहिताको कार्यान्वियनका सम्वन्धमा पदाधिकारीमाथि भएको कार्वाहीको बिबरण आम जानकारिका लागि स्थानीय तहको सूचनापाटी र स्थानीय पत्रपत्रिकामा प्रकाशित गर्नु पर्नेछ। सोको जानकारी राजनीतिक दलहरु, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, निर्वाचन आयोग, प्रदेश रकारको सम्वन्धित विभाग÷निकाय, स्थानीय प्रशासनलाई गराउनु पर्नेछ।

## भाग — ५
## विविध

**२४. आचारसंहिताको पालन गर्नु सबैको कर्तव्य हुने** : यो आचार संहिताको पालना गर्नु पदाधिकारीको जिम्मेवारी तथा कर्तव्यको एक अभिन्न अंगको रुपमा रहनेछ ।

**२५. पदाधिकारीलाई आचारसंहिताको जानकारी दिनुपर्ने** : यो आचारसंहिता स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरुलाई अनिवार्य रुपमा जानकारी दिई हस्ताक्षर गराई लागू गरिनेछ ।

**२६. सरोकारवालाहरुलाई आचारसंहिताको जानकारी उपलव्ध गराउनुपर्ने** : स्थानीय तहका पदाधिकारीको आचारसंहिता, समय समयमा आचारसंहितामा भएको संशोधनको बिबरण तथा आचारसंहिताको कार्यान्वियनका बिबरणहरुको जानकारी बार्षिकरुपमा स्थानीय तहका राजनीतिक दलहरु, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय तथा प्रदेश सरकारका सम्वन्धित निकायलाई गराउनु पर्नेछ ।

**२७. आचारसंहिताको कार्यान्यिनमा राजनीतिक दलको सहयोग** : (१) कुनै पदाधिकारीबाट यस आचारसंहिताको उल्लंघन भएको ठहर भएमा निजमाथि लागेको आरोप तथा सो सम्बन्धमा सिफारिश भएको कार्वाहीको बिबरण समेत सम्बन्धित पदाधिकारी सम्बद्ध राजनीतिक दललाई जानकारी गराउनुका साथै सार्वजनिक समेत गर्नु पर्नेछ ।

(२) जाँचवुझका आधारमा पदाधिकारी उपर कार्वाहीका लागि भएको सिफारिशको कार्यान्वियन गर्ने वा सचेत गराउने काममा सरकारी निकाय एवं राजनीतिक दलहरुको सहयोग लिन सकिनेछ ।

**२८. आचारसंहितामा संशोधन** : (१) स्थानीय तहका सभाबाट आचारसंहितामा संशोधन गर्न सकिनेछ । (२) आचारसंहितामा भएको संशोधनको जानकारी सम्बन्धित सबै पदाधिकारी, कर्मचारी, तथा सरोकारवालाहरुलाई दिनुपर्नेछ ।

(३) निर्वाचन आचारसंहितामा संशोधन भएका खण्डमा आम जनताको जानकारीका लागि सार्वजनिक गर्नुपर्नेछ ।

(४) नगरपालिकाले आफ्नो स्थानीय विशिष्ठता, कार्य प्रकृति र आवश्यकता अनुसार यस आचार संहितामा समय समयमा थप व्यवस्था समावेश गरी लागू गर्न सकिनेछ ।

**प्रमाणिकरण मिति : २०७४।०४।३०**

**आज्ञाले,**
**घनश्याम न्यौपाने**
**प्रमुख प्रशासकीय अधिकृत**

# स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित)

## १. पृष्ठभूमी

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने तथा राज्य शक्तिको प्रयोग तीनै तहले संविधान र कानून बमोजिम गर्ने व्यवस्था गरेको छ । संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको आर्थिक अधिकार सम्बन्धी बिषयमा कानून बनाउने, वार्षिक वजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था समेत गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाऊँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा स्थानीयस्तर को विकासको लागि आवधिक, वार्षिक, रणनीतिक र बिषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन योजना बनाई लागू गर्नु पर्ने व्यवस्था रहेको छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्ने, मध्यमकालीन खर्च संरचना तयार गर्ने, आवश्यकताको प्रक्षेपण गर्ने, राजस्वको प्रक्षेपण तयार गर्ने र वित्तीय अनुशासन कायम गर्नुपर्ने व्यवस्था गरेको छ ।

आवधिक योजनाले लिएका लक्ष्यहरु, मध्यमकालीन खर्च संरचनाले गरेका व्यवस्थाहरुलाई स्रोत साधनसँग तालमेल गरी प्राथमिकताका साथ स्रोतको विनियोजन गर्ने काम वार्षिक विकास योजनाले गर्दछ । नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहको योजना प्रक्रिया सन्दर्भमा अगाडि सारेका विषय वस्तुहरुलाई मूर्त रुप दिन तथा एकरुपता कायम गर्न स्थानीय तह वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ तयार गरिएको छ ।

## २. वार्षिक योजना तथा वजेट तर्जुमाका आधारहरू

गाउँपालिका/नगरपालिकाले वार्षिक योजना तथा वजेट तर्जुमा र कार्यान्वयन गर्दा निम्न बिषयहरुलाई आधार लिनु पर्नेछ ।

(क) नेपालको संविधान

(ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

(ग) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४

(घ) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

(ङ) संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्डहरु

(च) स्थानीय तहमा वजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४

(छ) संघीय, प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना

(ज) स्थानीय तहको मध्यमकालीन खर्च संरचना

(झ) स्रोत साधन

(ञ) विकासका अन्तरसम्बन्धित बिषयहरु

(ट) नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताबाट सिर्जित दायित्वहरु, संघ र प्रदेश सरकारले अबलम्बन गरेका अन्य आर्थिक नीतिहरु आदि ।

## ३.वार्षिक योजना तथा वजेटका प्राथमिकताहरू

गाउँपालिका वा नगरपालिकाले बार्षिक योजना तथा वजेट तर्जुमा गर्दा निम्न बिषयलाई प्राथमिकता दिनु पर्नेछः-

(क) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,

(ख) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,

(ग) जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,

(घ) स्थानीय सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,

(ङ) स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने,

(च) महिला, बालवालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,

(छ) लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने,

(ज) दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्दन गर्न सघाउ पुर्याउने,

(झ) भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने,

(ञ) स्थानीय तहले आवश्यक देखेका अन्य बिषयहरु ।

## ४. वार्षिक विकास योजना तर्जुमा गर्दा ध्यान दिनुपर्ने बिषयहरू

गाऊँपालिका वा नगरपालिकाले वार्षिक  योजना तथा वजेट तर्जुमा गर्दा निम्न विषयहरुमा ध्यान दिनु पर्नेछः-

(क) संघ र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रकृयासँग अनुकूल हुने,

(ख) आवधिक विकास योजना र मध्यमकालीन खर्च संरचना अनुसार प्राथमिकताकाबिषयहरु,

(ग) वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन,

(घ) सुशासन, लैङ्गिक तथा सामाजिक समावेशीकरण र लक्षित वर्गको सशक्तिकरणगर्ने जस्ता विकासका अन्तरसम्बन्धित बिषयहरु,

(ङ) समाजका सबै वर्ग, क्षेत्र र समुदायको अधिकतम सहभागिता सुनिश्चित गर्ने बिषयहरु,

(च) अन्तर स्थानीय तहको योजना कार्यान्वयनमा सघाउ पुग्ने बिषयहरु,

(छ) विषय क्षेत्रगत तथा भौगोलिक सन्तुलन कायम गर्ने पक्षहरु ।

## ५.योजना तर्जुमाका चरणहरू

गाउँपालिका वा नगरपालिकाले आफ्नो वार्षिक विकास योजना तर्जुमा गर्दा तपशिल बमोजिमको प्रकृया पुरा गर्नु पर्नेछ ।

### ५.१ वजेटको पूर्व तयारी

#### ५.१.१ आय व्ययको प्रक्षेपण गरिएको तथ्यांक सहितको विवरण संघीय सरकारमा पेश गर्ने

गाऊँपालिका वा नगरपालिकाले आगामी आर्थिक वर्षको लागि आवश्यक पर्ने आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण राजस्व परामर्श समिति र वजेट तथा स्रोत अनुमान समितिको सिफारिसमा कार्यपालिकाबाट निर्णय गरी प्रत्येक वर्षको पुष मसान्त भित्र संघीय अर्थ मन्त्रालयमा अनुसूची १ बमोजिमको ढाँचामा पठाउनु पर्नेछ ।

#### ५.१.२ संघ र प्रदेशबाट वजेटको सीमा प्राप्त गर्ने

संघीय सरकारबाट राजश्व बाँडफाँड र वित्तीय समानीकरण अनुदान वापत स्थानीय तहलाई आगामी आर्थिक वर्षमा उपलव्ध हुने श्रोतको विवरण फागुन मसान्त भित्र तथा प्रदेश सरकारवाट स्थानीय तहको लागि आगामी आ.ब.मा प्राप्त हुने वित्तीय अनुदानको अनुमानित विवरण चैत्र मसान्त भित्र प्राप्त गर्ने ।

#### ५.१.३ विषयगत क्षेत्र छुट्याउनेः–

गाऊँ वा नगर कार्यपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालन गर्ने विकास क्रियाकलापहरुलाई निम्न अनुसार विषयगत क्षेत्र तोकी कार्यपालिकाका सदस्यहरुलाई विषय क्षेत्रगत जिम्मेवारी दिनु पर्नेछ ।

(क) आर्थिक विकासः यस क्षेत्र अन्तर्गत कृषि, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी, वित्तीय जस्ता क्षेत्र समावेश गर्ने ।

(ख) सामाजिक विकासः शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द्धन,लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (महिला, बालवालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति, मधेशी, मुश्लिम,थारु, अल्पसंख्यक आदि) जस्ता क्षेत्र समावेश गर्ने ।

(ग) पूर्वाधार विकासः सडक तथा पुल (झोलङ्गे पुल समेत), सिंचाई, भवन तथा  सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत, सञ्चार जस्ता क्षेत्र समावेश गर्ने ।

(घ) वन, वातावरण तथा विपद् व्यबस्थापनः वन तथा भू-संरक्षण, जलाधार संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण विपद् व्यवस्थापन, वारुणयन्त्र सञ्चालन जस्ता क्षेत्र समावेश गर्ने ।

(ङ) सुशासन तथा संस्थागत विकासः मानव संसाधन विकास, संस्थागत क्षमता विकास,  राजस्व परिचालन, वित्तीय व्यवस्थापन, वित्तीय जोखिम न्यूनीकरण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, आन्तरिक र अन्तिम लेखापरीक्षण, बेरुजु फछ्र्यौट, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा बिद्युतीय सूचना प्रविधिको प्रयोग, नागरिक सन्तुष्टी सर्वेक्षण र अन्तरनिकाय समन्वय जस्ता क्षेत्र समावेश गर्ने ।

## ५.२ स्रोत अनुमान तथा वजेट सीमा निर्धारण

### ५.२.१ स्थानीय राजस्व परामर्श समिति

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्य प्रचलित कानूनको अधिनमा रही स्थानीय तहले आफ्नो कार्य क्षेत्रभित्र परिचालन गर्न सक्ने राजस्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुनसक्ने र ाजस्वको अनुमान गर्ने प्रयोजनको लागि देहाय वमोजिमको एक स्थानीय राजस्व परामर्श समिति गठन गर्नु पर्नेछ ।

(क) उपाध्यक्ष वा उपप्रमुख - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) कार्यपालिकाले तोकेको कार्यपालिकाका सदस्य मध्येबाट-१ जना महिलासहित २ जना - सदस्य

(घ) निजी क्षेत्रको उद्योग बाणिज्य सम्बन्धी मान्यता प्राप्त संस्थाको गाऊँ वा नगर तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि - सदस्य

(ङ) घरेलु तथा साना उद्योग सम्बन्धी मान्यता प्राप्त संस्थाकोनगर वा गाऊँ तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि  - सदस्य

(च) कार्यपालिकाको राजस्व महाशाखा/विभाग वा शाखा प्रमुख -सदस्य- सचिव

**राजस्व परामर्श समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ**

(क) राजस्व सम्बन्धी नीति वा कानूनको तर्जुमा, संशोधन, परिमार्जन र सोकोपरिपालनाको सम्वन्धमा आवश्यक परामर्श प्रदान गर्ने । (परामर्श दिँदा, कर वा गैरकर राजस्वको प्रस्ताव गर्दा वा भै रहेको कर वा गैरकर राजस्वमा परिवर्तन गर्नु पर्दा त्यसको औचित्य तथा त्यसवाट पर्ने प्रभाव समेतउल्लेख गरी प्रस्ताव तयार गर्ने । साथै नेपाल सरकार, अन्य प्रदेश वा स्थानीय तहले लगाएका कर वा गैरकर र त्यसका दरसँग यथासम्भव तादत्म्य हुने गरी गर्नु पर्ने ।)

(ख) राजस्वका स्रोत दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक बर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने,

(ग) राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने,

(घ) स्थानीय उद्योग तथा व्यवसाय प्रर्वद्धन र रोजगारी सिर्जनामा योगदान दिने किसिमको कर नीतिको सम्बन्धमा परामर्श दिने,

(ङ) कर राजस्व, गैरकर राजस्व, सेवा शुल्क, दस्तुर सम्बन्धमा परामर्श दिने,

(च) राजस्व प्रशासन सुधारको लागि अन्य आवश्यक परामर्श दिने ।

स्थानीय राजस्व परामर्श समितिले राजस्व प्रक्षेपण गरी अनुसूची २ बमोजिमको ढाँचामा प्रत्येक वर्षको पौष १५ गते भित्र सम्बन्धित तहको कार्यपालिकामापेशगरी सक्नु पर्नेछ ।

५.२.२ **स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति**

५.२.२.१ गाऊँपालिका तथा नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण र सोको सन्तुलित वितरणको खाका तथा वजेट सीमा निर्धारण गर्न देहाय बमोजिमको स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति रहने छ ।

(क)अध्यक्ष वा प्रमुख — संयोजक

(ख)उपाध्यक्ष वा उपप्रमुख — सदस्य

(ग) कार्यपालिकाका सदस्यहरु मध्ये महिला, दलित वा अल्पसङ्ख्यक समेतको प्रतिनिधित्व हुने गरी अध्यक्ष वा प्रमुखले तोकेको चार जना — सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत — सदस्य-सचिव

समितिले आवश्यकता अनुसार सम्बन्धित कर्मचारी र विषय विज्ञलाई समितिको बैठकमा आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

५.२.२.२ खण्ड (ग) बमोजिम सदस्य तोक्दा अध्यक्ष वा प्रमुखले आफू सम्वद्ध राजनीतिक दलबहेकको राजनीतिक दलको सदस्य समेतलाई तोक्नु पर्नेछ । तर कार्यपालिकामा अन्य राजनीतिक दलको प्रतिनिधित्व नभएको हकमा यो व्यवस्था लागु हुने छैन ।

५.२.२.३ श्रोत अनुमान तथा वजेट निर्धारण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमहुनेछः-

(क) आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने आय, नेपाल सरकार तथा प्रदेशसरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण, आन्तरिक ऋण तथा अन्यआयको प्रक्षेपण गर्ने,

(ख) राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानीय आवश्यकतालाई मध्यनजर गरी प्रक्षेपित स्रोत र साधनको सन्तुलित वितरणको खाका तय गर्ने,

(ग) आगामी आर्थिक वर्षको लागि स्रोत अनुमानको आधारमा वजेटको कुल सीमा निर्धारण गर्ने,

(घ) विषय क्षेत्रगत वजेटको सीमा निर्धारण गर्ने,

(ङ) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, स्थानीय आर्थिक अवस्था, आन्तरिक आयको अवस्था समेतको आधारमा वजेट तथाकार्यक्रमकोप्राथमिकिकरणका आधार तय गर्ने,

(च) विषय क्षेत्रगत वजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तय गर्ने,

(छ) स्रोत अनुमान तथा वजेट सीमा निर्धारण सम्बन्धमा स्थानीय तहको आवश्यकता र निर्णय बमोजिमका अन्य कार्यहरु गर्ने ।

समितिले आफ्नो कार्य प्रत्येक वर्षको बैशाख १० गते भित्र सम्पन्न गरिसक्नुपर्नेछ । यसरी तयार भएको आगामी आर्थिक वर्षको वजेट सीमा प्रत्येक बर्षको बैशाख १५ गते भित्र प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिका वा नगरपालिकाकाबिषयगतमहाशाखा/शाखा तथा वडा समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

५.२.३ **वजेट सीमा निर्धारण गर्ने विधि**

गाऊँपालिका तथा नगरपालिकाले वजेट सीमाको निर्धारण गर्दा देहाय बमोजिमको प्राथमिकताको आधारमा गर्नु पर्नेछः-

(क) गाउँपालिका वा नगरपालिका स्तरका गौरवका आयोजनाहरुको लागि आवश्यक रकम,

(ख) समपुरक कोष आवश्यक पर्ने आयोजनाको लागि चाहिने रकम,

(ग) सशर्त अनुदानको कार्यक्रमको लागि तोकिएको रकम,

(घ) दगो विकासका लक्ष्य लगायत राष्ट्रिय/अन्तर्राष्ट्रिय प्रतिबद्धताको कार्यान्वयनका लागि आवश्यक पर्ने रकम,

(ङ) स्थानीय सरकार सञ्चालन ऐन बमोजिम गाऊँपालिका/नगरपालिका आफैंलेगर्नु पर्ने अन्य अत्यावश्यक कार्यहरु,

(च) माथि उल्लिखित क्षेत्रलाई आवश्यक रकम विनियोजन गरिसकेपछि मात्र बाँकी रकम जनसंख्या, क्षेत्रफल, मानव विकासको अवस्था, पूर्वाधार विकासको अवस्था, विकास लागत, राजस्व परिचालनको अवस्था र लागत सहभागिताकोअवस्था जस्ता बिषयलाईआधार मानी वडागत खर्चको आवश्यकता र औचित्यताको आधारमा वडागत वजेट सीमा निर्धारण गर्नुपर्नेछ । तर वडामा दामासाहीले वजेट विनियोजन गर्न पाइने छैन ।

(छ) वजेट सीमा निर्धारण गर्दा स्थानीय तहमा रहेको सामाजिक तथा साँस्कृतिक विविधतालाई आधार मानी यस्ता क्षेत्रको सशक्तिकरणको लागि आवश्यक पर्ने रकमको सीमा समेत निर्धारण गर्नु पर्नेछ ।

(ज) गाऊँ वा नगरपालिकाको कूल वजेट सीमाबाट तलब भत्ता तथा कार्यालयसञ्चालनको लागि आवश्यक पर्ने वजेट छुट्याई अन्य कार्यक्रमको लागिवजेट सीमा निर्धारण गर्नुपर्नेछ । यसरी प्रशासनिक खर्चको लागि वजेट सीमा निर्धारण गर्दा राजस्व बाँडफाँटबाट प्राप्त रकम र आन्तरिक आयको रकम भन्दा बढी नहुने गरी गर्नुपर्नेछ ।

**५.२.४ आयोजना प्राथमिकीकरणका आधार**

स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारण गर्नुका अतिरिक्त अनुसूची ३ मा उल्लिखित ढाँचा अनुरुप आयोजना प्राथमिकीकरणका आधारहरु तय गर्नुपर्नेछ । वडा एवं गाऊँपालिका तथा नगरपालिकास्तरमाआयोजनाप्राथमिकीकरण गर्दा यसैअनुसूची३ बमोजिम गर्नुपर्नेछ ।

**५.३ बस्ती तहका योजना छनौट**

**५.३.१ बस्ती तहका योजना छनौट गर्दा निम्नानुसार गर्नु पर्नेछः**

(क) वडा समितिले आफ्नो वडामा प्रतिनिधित्व गर्ने सदस्यहरुलाई विभिन्नबस्ती/टोलको योजना तर्जुमा गर्न सहजीकरण गर्ने गरी जिम्मेवारी प्रदान गर्नुपर्नेछ ।

(ख) प्रत्येक वडाले वडा भित्रका वस्तीहरुमा योजना तर्जुमाको लागि बैठक हुने दिन, मिति र समय कम्तिमा तीन दिन अगावै सार्वजनिक सूचना मार्फत जानकारी गराउनु पर्नेछ ।

(ग) वस्तीतहका योजना छनौट गर्दा सो बस्ती भित्रका सबै बर्ग र समुदाय (महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पीडित बर्ग, पिछडा बर्ग, अल्पसंख्यक, सिमान्तकृत, युवा, वालवालिका, जेष्ठनागरिक, लैङ्गिकतथा यौनिकअल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, पिछडिएको बर्ग आदि) को प्रतिनिधित्व सुनिश्चित गर्नु पर्नेछ ।

(घ) टोल/बस्तीमा हुने योजना तर्जुमा प्रकृयामा टोल/बस्ती भित्रका क्रियाशील सामुदायिक सस्थाहरु (टोल विकास सस्था, आमा समुह, वाल क्लव/सञ्जाल, युवा क्लव, नागरिक सचेतना केन्द्र, विभिन्न सरकारी कार्यालयबाट गठन भएका समूह जस्ता समूहहरु) लाई पनि सहभागी गराउनु पर्नेछ ।

माथि उल्लेख भए बमोजिमका सरोकारवालाहरुको अधिकाधिक सहभागिता हुने गरीवडा सदस्यको संयोजनमा निर्धारित समय, मिति र स्थानमा उपस्थित भै योजनाछनौटकोसम्बन्धमा अन्तरक्रिया, छलफल, विमर्श गरी योजनाहरुको छनौट गर्नुपर्नेछ । यसरीछनौटभएका योजनाहरुको सूची संयोजकले लिखित रुपमा वडा समितिमा पठाउनु पर्नेछ ।

**५.४ वडातहमा योजनाको छनौट तथा प्राथमिकीकरण**

स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिवाट प्राप्त वजेट सीमा र मार्गदर्शनको आधारमा सम्बन्धित वडाहरुले बस्ती टोलबाट प्राप्त योजनाहरुमध्येबाट वडाको लागि प्राप्तवजेट सीमाको अधीनमा रही योजनाहरुको छनौट र प्राथमिकता निर्धारण समेत गरी अनुसूची ४ बमोजिमको ढाँचामा वजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्नु पर्नेछ ।

वस्ती टोलबाट योजना माग गर्दा वडास्तरका महत्वपूर्ण योजनाहरु छुट भएको अवस्थामा वडा समितिले त्यस्ता योजनाहरु वडा समितिको वजेट सीमा भित्र रही औचित्यताको आधारमा समावेश गर्न सक्नेछ । वडाको वजेट सीमा भित्र कार्यान्वयन हुन नसक्ने गाऊँ नगर स्तरीय महत्वपूर्ण आयोजनाहरु भएमा वडा समितिले गाऊँ तथा नगरपालिकामा छुट्टै सूची पठाउन सक्नेछ ।

वडा समितिले आयोजनाहरुको प्राथमिकीकरण गर्दा स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले तोकेको आधारहरु बमो जिम गर्नुपर्नेछ ।

**५.५ वजेट तथा कार्यक्रम तर्जुमा**

**५.५.१ वजेट तथा कार्यक्रम तर्जुमा समितिको गठन**

श्रोत तथा वजेट सीमा निर्धारण समितिबाट निर्धारण भएको आयको प्रक्षेपण, वितरणको खाका र वजेट सिमामा आधारित भै स्थानीय तहको बार्षिक वजेट तथा कार्यक्रम तर्जुमा गर्न देहाय बमोजिमको वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नु पर्ने छः-

| | |
|---|---|
| (क) उपाध्यक्ष वा उपप्रमुख | संयोजक |
| (ख) बिषयगत क्षेत्र हेर्ने गाऊँ वा नगर कार्यपालिकाका सदस्यहरु | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) योजना महाशाखा/विभाग वा शाखा प्रमुख | सदस्य सचिव |

**५.५.२ यस समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्ने,

(ख) स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले दिएको वजेट सीमा भित्र रही वजेट तथा कार्यक्रमको प्राथमिकीकरण गर्ने,

(ग) वजेट तथा कार्यक्रमको प्रस्तावलाई बिषय क्षेत्रगत रुपमा छलफल गर्ने व्यवस्था मिलाई अन्तिम प्रस्ताव तयार गरी कार्यपालिकामा पेश गर्ने,

(घ) योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिने व्यवस्था मिलाउने तथा योजना कार्यक्रम बिच आपसी तादम्यता तथा परिपुरकता कायम गर्ने,

(ङ) वजेट तथा कार्यक्रम सम्बन्धी स्थानीय तहको आवश्यकता बमोजिम अन्य कार्यहरु गर्ने।

**५.५.३ बिषयगत योजना प्राथमिकिकरण**

वजेटतथा कार्यक्रम समितिले वडाबाट प्राप्त योजनाहरुलाई स्थानीय तहको आवधिकयोजना,क्षेत्रगत नीतिहरु तथा स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले तयार गरेको आयोजना प्राथमिकिकरण आधार तथा मार्गदर्शन बमोजिम योजनाहरुलाई बिषयगत समितिहरुमा छलफल गराई विषयगत रुपमा प्राथमिकिकरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

**५.१.३ मा व्यवस्था भए बमोजिमका देहाय बमोजिम प्रत्येक क्षेत्रहरुमा गठन हुने विषयगत समितिमा निम्न अनुसारको सदस्य रहने छन्ः–**

(क) बिषय क्षेत्र हेर्ने कार्यपालिकाको सदस्य - संयोजक

(ख) कार्यपालिकाले तोकेका कम्तिमा एक जना महिला सहित दुई जना कार्यपालिकाका सदस्य - सदस्य

(ग) सम्बन्धित विभाग/महाशाखा/शाखा प्रमुख - सदस्य- सचिव

सम्वन्धित क्षेत्रमा एक भन्दा बढी शाखाहरु रहेको अवस्थामा कार्यपालिकाले कुनै एक जना शाखा प्रमुखलाई सदस्य सचिव तोकी अन्य शाखा प्रमुखहरुलाई सदस्यको रुपमा सहभागी गराउनु पर्नेछ।

**५.५.४ वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा**

बिषयगत रुपमा प्राथमिकीकरण सहित पेश भएका योजनाहरुलाई वजेट तथाकार्यक्रम तर्जुमा समितिले कार्यक्रममा दोहोरो नपर्ने गरी देहाय बमोजिम योजनाको प्राथमिकीकरण र वजेट तर्जुमा गर्नु पर्नेछ।

(क) स्थानीय तहको आवधिक योजनाको सोंच, लक्ष्य, उद्देश्य, रणनीति

(ख) स्थानीय तहको मध्यमकालीन खर्च संरचना

(ग) वजेट तथा कार्यक्रम समितिबाट प्राप्त वजेट सीमा, मार्गदर्शन र योजनाप्राथमिकीकरणका आधारहरु

(घ) बिषयगत समितिबाट प्राथमिकीकरण भै नआएका तर गाउँपालिका/नगरपालिका स्तरका महत्वपूर्ण आयोजनाहरु (५.२.३. क, ख, ग, घ, ङ बमोजिमका योजनाहरु) छनौट गर्नु पर्ने भएमा स्पष्ट आधार र औचित्यसमेतको आधारमा वजेटको सुनिश्चितता हुने गरी त्यस्ता योजना समावेश गर्न सकिनेछ।

(ङ) स्थानीय तहको स्रोत साधनले मात्र योजना सम्पन्न गर्न संभव नभएका तर स्थानीय तहका अत्यावश्यक र तोकिएको मापदण्ड पूरा गरेका योजनाहरुलाई समपुरक अनुदानबाट संचालन गर्नको लागि प्रस्ताव गर्न सकिने छ।

वजेट तर्जुमा समितिले तयार गरेको वार्षिक वजेट तथा कार्यक्रमको मस्यौदा अनुसूची५ बमोजिमको ढाँचामा असार ५ गते भित्र अध्यक्षरप्रमुख मार्फत् कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ। वार्षिक वजेट तथा कार्यक्रमको मस्यौदा पेश गर्दा आर्थिक विधेयक अनुसूची६ बमोजिमको ढाँचामा र विनियोजन विधेयक अनुसूची ७ बमोजिमको ढाँचामा समेत पेश गर्नु पर्नेछ।

**५.६ गाऊँ वा नगर कार्यपालिकाबाट वजेट तथा कार्यक्रम स्वीकृति**

वजेट तथा कार्यक्रम तर्जुमा समितिले पेश गरेको आगामी आर्थिक बर्षको बार्षिक नीति तथा कार्यक्रम, राजस्व र व्ययको अनुमान (वार्षिक वजेट) गाउँ वा नगर कार्यपालिकाबाट स्वीकृत गरी सभामा प्रस्तुत गर्नु पर्नेछ।

**५.७ गाऊँ वा नगर सभाबाट वजेट तथा कार्यक्रम स्वीकृति**

**५.७.१ वजेट तथा कार्यक्रम प्रस्तुतिः**

गाउँ वा नगर कार्यपालिकाबाट स्वीकृत भएको वार्षिक वजेट तथा कार्यक्रम उपाध्यक्षवा उपप्रमुख वा निजको असमर्थतामा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्य मार्फत असार १० गतेभित्र गाउँ वा नगर सभामा प्रस्तुत गरी सक्नु पर्नेछ। वार्षिक वजेट पेश गर्दा गत आर्थिक वर्षको राजस्व र व्ययको यथार्थ विवरण, चालु आर्थिक वर्षको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम, आय व्ययको अनुमानित विवरण र मध्यमकालीन खर्च संरचना समेतको विवरण खुलाउनु पर्नेछ।

**५.७.२ वजेट तथा कार्यक्रम स्वीकृतिः**

(क) गाउँ वा नगरसभामा प्रस्तुत भएको आगामी आर्थिक वर्षको वार्षिक नीति तथा कार्यक्रम, राजस्व र व्ययको अनुमान (वार्षिक वजेट) सभामा पेश भएको १५ दिन भित्र छलफलको काम सम्पन्न गर्ने गरी कार्यतालिकाबनाउनु पर्नेछ।

(ख) सभामा छलफल सम्पन्न भएपछि सभाले वजेट पारित गर्ने वा सुझावसहित कार्यपालिकामा फिर्ता पठाउन सक्नेछ।

(ग) सुझाव सहित प्राप्त भएको वजेट उपर कार्यपालिकाले पुनर्विचार गरी आवश्यक परिमार्जन सहित वा परिमार्जन गर्नु पर्ने नदेखिएमा कारण सहित ५ दिनभित्र पुनः सभामा पेश गर्नु पर्नेछ।

(घ) कार्यपालिकाबाट पुनः पेश भएको वजेट तथा कार्यक्रम असार मसान्त भित्र सम्बन्धित सभाले पारित गरिसक्नु पर्नेछ।

(ङ) सभाले स्वीकृत गरेको वार्षिक वजेट तथा कार्यक्रम श्रावण १५ भित्र सर्वसाधारणको जानकारीको लागि प्रकाशित गर्नु पर्ने छ। साथै सम्बन्धित गाउँपालिका वा नगरपालिकाको वेवसाईटमा समेत प्रकाशन गर्नु पर्नेछ।

## ६. योजना कार्यान्वयन

(क) गाउँ वा नगरसभाले पारित गरेको वार्षिक वजेट तथा कार्यक्रम कार्यान्वयनको लागि सम्बन्धित गाऊँ वा नगर कार्यपालिकाका प्रमुख वा अध्यक्षले ७ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतलाई वजेटको खर्चगर्ने अख्तियारी प्रदान गर्नु पने र्छ।

(ख) अख्तियारी प्राप्त भएको १५ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले अनुसूची८बमोजिमको ढाँचामा कार्यक्रम स्वीकृत गरी सम्बन्धित विभाग/महाशाखा/ शाखा/इकाइ प्रमुख र वडा सचिवलाई लिखित रुपमा योजना कार्यान्वयनकोजिम्मा दिनुपने र्छ।

(ग) योजना कार्यान्वयनको जिम्मा प्राप्त भएको मितिले ७ दिनभित्र सम्बन्धितविभाग/महाशाखा/शाखारएकाइ प्रमुख र वडा सचिवले कार्यक्रम कार्यान्वयनकोकार्यतालिका प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ।

(घ) विभाग/महाशाखा/शाखा/एकाइ प्रमुख र वडा सचिवबाट पेश भएको कार्यान्वयनकार्ययोजनामा प्राविधिक क्षमता, योजनाको संवेदनशिलता, कार्यान्वयनप्राथामिकीकरण, नगद प्रवाहको अवस्था समेतको आधारमा कुनै संशोधन गर्नु पर्ने देखिएमा प्रमुख प्रशासकीय अधिकृतले सुझाव दिन सक्नेछ। यसरी प्राप्त भएको सुझाव समेतको आधारमा सम्बन्धित निकायले कार्यान्वयन कार्ययोजनामा संशोधन गरी ५ दिन भित्र पुनः पेश गर्नु पर्नेछ।

(ङ) सबै विभाग/महाशाखा/शाखा/इकाइ प्रमुख र वडा सचिवबाट प्राप्त कार्ययोजनालाई प्रमुख प्रशासकीय अधिकृतले एकत्रित गरी एकीकृतकार्यान्वयन कार्ययोजना कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ।

### ६.१ योजना कार्यान्वयन विधि

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३, खरिद नियमावली,आर्थिक कार्यविधि ऐन तथा नियमावली र स्थानीय तहहरुले संविधान तथा अन्य प्रचलित कानूनको अधिकार क्षेत्र भित्र रही निर्माण गरेका ऐन नियम अनुसार कार्यान्वयन गर्नु पर्नेछ। गाउँपालिका वा नगरपालिकाले आर्थिक वर्ष शुरु भएको एक महिना भित्र आफ्नो वार्षिक खरिद योजनारगुरुयोजना स्वीकृत गरी सो अनुरुप खरिद कार्यको व्यवस्थापन गर्नुपर्नेछ।

### ६.२ अनुगमन तथा सुपरिवेक्षण समिति

#### ६.२.१ अनुगमन तथा सुपरिवेक्षण समितिको गठन

गाऊँपालिका वा नगरपालिकाबाट सञ्चालित योजनाको लागत, परिमाण, समय सीमा रगुणस्तरीयताको आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनको लागि निम्न अनुसारको अनुगमन तथा सुपरिवेक्षण समिति गठन गर्नु पर्नेछ।

(क) उपाध्यक्ष वा उपप्रमुख -संयोजक

(ख) अध्यक्ष वा प्रमुखले तोकेका एक जना महिलासहित कार्यपालिकाका सदस्यहरु मध्येबाट दुई जना सदस्य - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) प्रमुख, योजना विभाग/महाशाखा/शाखार एकाई - सदस्य- सचिव

उक्त समितिमा आवश्यकता अनुसार कार्यपालिकाका अन्य सदस्य तथा विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

६.२.२ **अनुगमन तथा सुपरिवेक्षण विधि:**

(क) कार्यपालिकामा एकीकृत कार्यान्वयन कार्ययोजना पेश गरेको १५ दिनभित्र अनुगमन तथा सुपरिवेक्षण समितिले वार्षिक अनुगमन कार्ययोजना बनाई कार्यान्वयन गर्नु पर्नेछ।

(ख) अनुगमन तथा सुपरिवेक्षण समितिले गरेको कामको प्रतिवेदन प्रत्येक २ महिनामा पेश गरी कार्यपालिकाको बैठकमा छलफल गर्नु पर्नेछ।

(ग) कार्यपालिकाले अनुगमन तथा सुपरिवेक्षण समितिको प्रतिवेदन समेतको आधारमा योजना कार्यान्वयनमा देखिएका त्रुटिहरु सच्याउन तथा समयरगुणस्तर कायम गर्न सम्बन्धित पक्ष (उपभोक्ता समिति, निर्माण व्यवसायी, परामर्शदाता, तथा कर्मचारी) लाई आवश्यक निर्देशन दिनु पर्नेछ। अनुगमन तथा सुपरिवेक्षण समितिले दिएको निर्देशन पालना गर्नु सम्बन्धित पक्षको जिम्मेवारी हुनेछ।

६.२.३ **वडास्तरीय अनुगमन समिति**

आफ्नो वडाभित्र सञ्चालित योजनाको लागत, परिमाण, समय सीमा रगुणस्तरीयताका आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनको लागि निम्न अनुसारको वडास्तरीय अनुगमन समिति गठन गर्नु पर्नेछ।

| | |
|---|---|
| (क) सम्वन्धित वडाको वडाध्यक्ष | संयोजक |
| (ख) वडा सदस्यहरु | सदस्य |
| (ग) वडा सचिव | सदस्य- सचिव |

उक्त समितिमा आवश्यकता अनुसार अन्य कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ। समितिले अनुगमन गर्दा देखिएका विषयका सम्बन्धमा अनुगमन तथा सुपरिवेक्षण समितिलाई नियमित रुपमा जानकारी गराउनु पर्नेछ।

६.२.४ **आयोजनाको मूल्यात्तन**

गाउँपालिकाले ५ करोड, नगरपालिकाले १० करोड र उपमहानगरपालिका र महानगरपालिकाले २५ करोड

भन्दा वढी लागतका आयोजनाको योजना सम्पन्न भएको २ बर्षभित्र तेस्रो पक्षबाट प्रभाव मूल्यांकन गराउनु पर्ने छ।

**६.३** स:शर्त, विशेष र समपुरक अनुदानबाट सञ्चालित योजना कार्यान्वयन संघ तथा प्रदेश सरकारबाट गाऊँपालिका वा नगर पालिका मार्फत् सञ्चालन गर्ने स:शर्त, विशेष र समपुरक अनुदानका आयोजनाहरुको कार्यान्वयन सम्बन्धित तहबाट प्राप्त मार्गदर्शन बमोजिम हुनेछ।

६.४ **योजनाको भुक्तानी प्रकृया**

गाउँपालिका वा नगरपालिकाबाट सञ्चालित योजनाको कार्यसम्पन्नप्रतिबेदनरनिङ्ग विल, आवश्यक विल

भरपाई, सार्वजनिक परीक्षण प्रतिबेदन र नियमानुसार पेश गर्नुपर्ने अन्य आवश्यक कागजातको आधारमा रकम भुक्तानी गर्नु पर्नेछ।

## ७. लागत साझेदारीमा योजना कार्यान्वयन

नेपाल/प्रदेश सरकारले स्थानीय तहलाई पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न समपुरक अनुदान प्रदान गर्न सक्नेछ। समपुरक अनुदानका आधारहरु देहाय बमोजिम हुनेछन:-

(क) आयोजनाको आवश्यकता र प्राथमिकता,

(ख) आयोजनाको सम्भाव्यता,

(ग) आयोजनाको लागत,

(घ) आयोजना कार्यान्वयन गर्नको लागि आवश्यक लागत साझेदारी,

(ङ) आयोजनाबाट प्राप्तहुने प्रतिफल वा लाभ,

(च) आयोजना कार्यन्वयनको लागि आवश्यक प्राविधिक क्षमता ।

समपुरक अनुदान प्रदान गर्ने कार्यविधि तथा अन्य व्यवस्था नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

## ८. विविध

### ८.१ स्थानीय तहले ऋण लिन सक्नेः

गाउँपालिका तथा नगरपालिकाले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसको सीमाभित्र रही सम्बन्धित सभाबाट स्वीकृत हुनेगरी उत्पादनशील, रोजगारमुलक, आन्तरिक आय बृद्धि तथा पूँजीगत कार्यको लागि आन्तरिक ऋण लिन सक्ने छन् । त्यस्तो ऋणको अवधि अधिकतम २५ वर्षसम्म हुनेछ ।

नेपाल सरकारबाट प्राप्त भएको ऋण वा नेपाल सरकार जमानी भै लिएको ऋण सम्बन्धित गाउँपालिका वा नगरपालिकाले निर्धारित समयमा चुक्ता नगरेमा नेपाल सरकारले त्यस्तो गाउँपालिका वा नगरपालिकालाई उपलब्ध गराउने अनुदानबाट कट्टा गरी सो रकम प्राप्त गर्ने वा ऋण भुक्तानी गरिदिनेछ ।

### ८.२ वस्तुगत विवरण (Profile) तयार गर्नु पर्नेः

गाउँपालिका वा नगरपालिकाले वार्षिक योजना र वजेट तर्जुमा गर्नु पूर्व स्थानीय तहको भौगोलिक, सामाजिक, आर्थिक तथा पूर्वाधार लगायतका क्षेत्रको यथार्थ स्थिति देखिने गरी बस्तुगत विवरण (एचयार्षभि) तयार वा अद्यावधिक गर्नु पर्नेछ । अद्यावधिक वस्तुगत विवरण आफ्ना ध्भदकष्तभ मार्फत सार्वजनिक गर्नु पर्नेछ ।

# अनुसूची- १

(दिग्दर्शनको दफा ५.१.१ संग सम्बन्धित)

आय तथा व्ययकोप्रक्षेपण

आ.व.....................

| शीर्षक | | आ.व. ..../.....को यथार्थ | आ.व. ..../...... को संशोधित अनुमान | आ.व. ..../.....को अनुमान |
|---|---|---|---|---|
| | | | | |
| **राजस्वः** | | | | |
| १ | **आन्तरिक राजस्वः** | | | |
| १.१ | एकीकृत सम्पत्ती कर | | | |
| १.२ | घरजग्गा बहाल कर | | | |
| १.३ | व्यवसाय कर | | | |
| १.४ | बहाल विटौरी शुल्क | | | |
| १.५ | पार्किङ शुल्क | | | |
| १.६ | जडिबुटी, कवाडी र जीवजन्तु कर | | | |
| १.७ | सेवा शुल्क | | | |
| १.८ | अन्य | | | |
| | | | | |
| २ | **राजस्व बाँडफाँडः** | | | |
| २.१ | मूल्य अभिवृद्दि कर तथा अन्तः शुल्क | | | |
| २.२ | प्राकृतिक स्रोतको रोयल्टी | | | |
| २.२.१ | पर्वतारोहण | | | |
| २.२.२ | विध्युत | | | |
| २.२.३ | वन | | | |
| २.२.४ | खानी तथा खनिज | | | |
| २.२.५ | पानी तथा अन्य प्राकृतिक स्रोत | | | |
| | | | | |
| ३ | **वित्तीय हस्तान्तरण** | | | |
| ३.१ | **नेपाल सरकारबाट प्राप्त हुने अनुदानः** | | | |
| ३.१.१ | वित्तीय समानीकरण अनुदान | | | |
| ३.१.२ | सशर्त अनुदान | | | |
| ३.१.३ | समपूरक अनुदान | | | |
| ३.१.४ | विशेष अनुदान | | | |
| ३.२ | **प्रदेश सरकारबाट प्राप्त हुने अनुदानः** | | | |
| ३.२.१ | वित्तीय समानीकरण अनुदान | | | |

| | | | | |
|---|---|---|---|---|
| ३.२.२ | सशर्त अनुदान | | | |
| ३.२.३ | समपूरक अनुदान | | | |
| ३.२.४ | विशेष अनुदान | | | |
| ४ | **वित्तीय व्यवस्था (प्राप्ति)** | | | |
| ५ | **अन्तर स्थानीय तह साझेदारी** | | | |
| ६ | **अन्य** | | | |

**कूल जम्मा**

| **व्ययः** | | | | |
|---|---|---|---|---|
| १ | **चालु** | | | |
| १.१ | **पारिश्रमिक/ सुविधा** | | | |
| १.२ | **मालसमान तथा सेवाको उपयोग (तालीम समेत)** | | | |
| १.३ | **व्याज र सेवा खर्च** | | | |
| १.४ | **अनुदान** | | | |
| १.५ | **सामाजिक सुरक्षा** | | | |
| १.६ | **अन्य खर्च** | | | |
| २ | **पूँजीगत** | | | |
| २.१ | **जग्गा** | | | |
| २.२ | **भवन** | | | |
| २.२.१ | **फर्निचर** | | | |
| २.२.२ | **सवारी साधन** | | | |
| २.२.३ | **मेशिनरी औजार** | | | |
| २.२.४ | **सार्वजनिक निर्माण** | | | |
| २.२.५ | **पूँजीगत अनुसन्धान तथा परामर्श** | | | |
| २.२.६ | **अन्य** | | | |
| ३ | **वित्तीयव्यवस्था (भुक्तानी)** | | | |
| | **जम्मा** | | | |
| ४ | **बजेट बचत (+)/न्यून (-)** | | | |
| ५ | **ऋण** | | | |
| ५.१ | **आन्तरिक** | | | |
| ५.२ | **वाह्य** | | | |
| ६ | **गत वर्षको मौज्दात** | | | |
| | **कूल जम्मा** | | | |
| नोटः राजश्व र खर्चशीर्षक नेपाल सरकारको खर्च बर्गीकरण तथा व्याख्या बमोजिम उल्लेख गर्नु पर्नेछ । | | | | |

# अनुसूची २

(दिग्दर्शनको दफा ५.२.१ संग सम्वन्धित)

.......गाउँपालिका वा नगरपालिका

राजस्व परामर्श समितिको प्रतिवेदन, ..........

**(क) पृष्ठभूमि**

**(ख) राजस्वको मौजुदा अवस्थाको विश्लेषण**

**(ग) राजस्व नीतिहरु**

**(घ) करका आधारहरु**

**(ङ) आगामी आ.व.को लागि प्रस्तावित कर तथा गैर कर राजस्व दर**

| सि.नं. | राजस्वको क्षेत्रहरु | चालु आर्थिक वर्षको दर | प्रस्तावित दर | पुष्ट्याईं | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**(च) आगामी आ.व.को लागि अनुमानित कर तथा गैर कर राजस्व रकम**

| सि.नं. | राजस्वको क्षेत्रहरु | गत आ.व.को यथार्थ रकम | चालु आ.व.को संशोधित अनुमान | आगामी आ.व.को अनुमान | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**(छ) निष्कर्ष तथा सुझावहरु**

(...................)

संयोजक ...............

सदस्य ................

सदस्य .................

